नेपाल सरकार

नेपाल कानून आयोग

# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८०/२०८१)



## नेपाल कानून आयोग

नयाँ बानेश्वर, काठमाडौं

२०८१

(*नेपाल कानून आयोग ऐन, २०६३* को दफा २२ बमोजिम नेपाल सरकार समक्ष पेस गरिएको)

# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८०/२०८१)

नेपाल कानून आयोग

नयाँ बानेश्वर, काठमाडौं

भाद्र, २०८१

नेपाल सरकार
# नेपाल कानून आयोग

फोन नं. : ०१-४४८११९७
०१-४४८१०४३
०१-४४८१०४६
०१-४४८१०४९
फ्याक्स : ०१-४४८१७०४
Email: info@lawcommission.gov.np
website: www.lawcommission.gov.np
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या
च.नं.

मितिः

विषयः <u>वार्षिक प्रतिवेदन</u>।

माननीय मन्त्रीज्यू,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

नेपाल कानून आयोगले आर्थिक वर्ष २०८०/८१ (२०८० श्रावण १ गते देखि २०८१ असार मसान्तसम्म) मा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन *नेपाल कानून आयोग ऐन, २०६३* को दफा २२ को प्रयोजनका लागि माननीय मन्त्रीज्यू मार्फत नेपाल सरकार समक्ष पेस गरेको छु।

भवदीय,
(जागेश्वर सुवेदी)
अध्यक्ष

## नेपाल कानून आयोगका वर्तमान पदाधिकारीहरू



जागेश्वर सुवेदी
अध्यक्ष



प्रा. डा. लक्ष्मीप्रसाद मैनाली
उपाध्यक्ष



उदयराज सापकोटा
सदस्य



फणीन्द्र गौतम
सदस्य



डा. टेक बहादुर घिमिरे
सदस्य



पाराश्वर ढुङ्गाना
सदस्य-सचिव

## प्राक्कथन

कानूनको समसामयिक परिमार्जन र सुधारबाट मात्र राज्यको आर्थिक तथा सामाजिक व्यवस्थामा अग्रगामी परिवर्तन गर्न सकिन्छ। सर्वसाधारणको सक्रिय सहभागितामा तर्जुमा भएको कानूनबाट मात्र सरोकारवालाको अपनत्व भई समाजको आवश्यकता परिपूर्ति र समस्या समाधानमा सहयोग पुग्दछ। नागरिकको आवश्यकता बमोजिम समयानुकूल कानून तर्जुमा हुन सकेमा मात्र त्यसको परिणाम उपलब्धिमूलक हुन्छ। हालसम्म हाम्रो कानून तर्जुमा पद्धति कानून अनुसन्धानमा आधारित हुन नसकेको हुँदा आगामी दिनमा कानून तर्जुमालाई अनुसन्धानमूलक बनाउन अत्यावश्यक छ।

*नेपाल कानून आयोग ऐन, २०६३* ले नेपाल कानून आयोगलाई नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरवलोकन, एकीकरण तथा संहिताकरण गर्ने, कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने, कानून तथा न्यायसँग सम्वद्ध अध्ययन अनुसन्धान गर्ने समेतको गहन जिम्मेवारी आयोगलाई प्रदान गरेको छ।

प्रभावकारी र समयसापेक्ष कानून निर्माण गर्न, कानून तथा न्यायको क्षेत्रमा अध्ययन अनुसन्धान गरी अनुसन्धानमा आधारित कानून निर्माण प्रणाली विकास गर्न, कानून र न्यायको क्षेत्रमा नेपाल सरकारलाई आवश्यक र समसामयिक सुझाव दिन तथा समग्र न्याय प्रणालीको सुधारका उपायहरू सिफारिस गर्न आयोगलाई बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्न जरूरी छ। पर्याप्त दक्ष जनशक्ति र स्रोत साधनको अभावमा सो कार्य प्रायः असम्भव छ। यसका लागि मुख्यतः आयोगको विद्यमान सङ्गठन संरचना र दरबन्दीलाई परिमार्जन गर्ने, आयोगलाई विनियोजन हुने वार्षिक बजेट उल्लेख्य रूपमा थप गर्ने र आयोगमा कार्यरत कर्मचारीको दक्षता अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

आयोगले सीमित स्रोत साधन र जनशक्तिको बाबजुद आफ्नो काम, कर्तव्य र जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ मा आयोगबाट

सम्पादन भए गरेका काम कारबाही समेतलाई समावेश गरी *नेपाल कानून आयोग ऐन, २०६३* को दफा २२ बमोजिम सुझाव सहित नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन पेस गरिएको छ। प्रस्तुत प्रतिवेदनमा दिइएका सुझावहरूको सम्बन्धमा नेपाल सरकारबाट औचित्यपूर्ण सम्बोधन हुनेतर्फ आयोगको अपेक्षा रहेको छ। प्रतिवेदनलाई सरल, सूचनामूलक र बोधगम्य बनाउन यथासम्भव प्रयत्न गरिएको छ।

आगामी वर्षमा आयोगका काम कारबाहीलाई थप प्रभावकारी बनाई आयोगलाई सुदृढ बनाउन प्रयत्नशील रहने प्रतिवद्धता व्यक्त गर्दै आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू मार्फत नेपाल सरकार समक्ष प्रस्तुत गरिएको छ। अन्तमा, यो प्रतिवेदन तयार गर्न सहयोग पुऱ्याउने आयोगका पदाधिकारी तथा कर्मचारीहरूलाई आयोग हार्दिक आभार व्यक्त गर्दछ।

नेपाल कानून आयोग

भाद्र, २०८१

## सारसङ्क्षेप

१. कानून सम्बन्धी विषयहरूको अध्ययन अनुसन्धान र नयाँ कानूनको मस्यौदा तर्जुमा गर्ने तथा भईरहेको कानूनलाई समय सापेक्ष संशोधन, परिमार्जन, पुनरवलोकन र संहिताकरण सम्बन्धी कार्य गर्नको लागि वि.सं. २०१० सालदेखि विभिन्न रूपमा कानून आयोगको गठन भएको पाइन्छ।

२. *नेपाल कानून आयोग ऐन, २०६३* बमोजिम आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्दै आएको छ।

३. आयोगबाट सम्पादन हुने काम कारबाहीलाई व्यवस्थित तथा प्रभावकारी रूपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन्। आयोगमा अध्यक्ष र उपाध्यक्ष बाहेक हालको सङ्गठन संरचना अनुसार नेपाल न्याय सेवा, कानून समूह अन्तर्गत-१९, प्रशासन सेवा, लेखा समूह अन्तर्गत-१, प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गत-३, विविध सेवा अन्तर्गत-२, हलुका सवारी चालक-३, कार्यालय सहयोगी-४ र स्वीपर-१ गरी कूल ३३ जना कर्मचारीको स्वीकृत दरबन्दी रहेको छ।

४. आर्थिक वर्ष २०८०/८१ मा आयोगका लागि बजेट उपशीर्षक नं. ३११२१०११३ (चालू खर्च) अन्तर्गत रू. ४,७१,३०,०००।- (चार करोड एकहत्तर लाख तीस हजार) र बजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रू. १२,००,०००।- (बाह्र लाख) वार्षिक बजेट निकासा प्राप्त भएको थियो। निकासा भएबमोजिम कुल बजेटको ७६.७३ प्रतिशत बजेट खर्च भएको छ।

५. आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रममा आयोगलाई चारवटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भएकोमा देहायबमोजिम कार्यसम्पादन गरिएको छः-

(क) विधेयक तर्जुमाको लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम आर्थिक वर्ष २०८०/८१ मा देहायका विधेयकहरूको मस्यौदा सम्बन्धित मन्त्रालयमा पठाइएको छः-

(१) औषधी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

(२) स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

(३) भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक र

(४) राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

(ख) कम्पनी सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको प्रारम्भिक मस्यौदा तयार गरिएको छ।

६. आर्थिक वर्ष २०८०/८१ मा आयोगले तयार गरेको *राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक*को प्रारम्भिक मस्यौदाउपर छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी राय सुझाव सङ्कलन गरिएको थियो।

७. आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत हलेसी तुवाचुङ नगरपालिकामा मिति २०८०।११।१६ गते स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको लागि कानून तर्जुमा विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

८. कैदी हस्तान्तरण सम्बन्धी राष्ट्रिय कानून निर्माण गर्ने, दुई पक्षीय सन्धि सम्पन्न गर्ने, विदेशी कारागारमा कैदको सजाय भोगिरहेका नेपालीको केन्द्रीय अभिलेख तयार गर्ने र कैदी हस्तान्तरण र त्यससम्बन्धी कामकारबाही कार्यान्वयन गर्न केन्द्रीय निकायको व्यवस्था गर्ने लगायतका सुझावहरू सहितको *कैदी हस्तान्तरण सम्बन्धी कानूनी र*

*नीतिगत व्यवस्था सम्बन्धी अध्ययन प्रतिवेदन* कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ।

९. गैरआवासीय नेपाली नागरिकताको आधारमा सङ्घीय कानूनमा देखिएका क्लिष्टता हटाउन विदेशी मुद्रामा तथा विदेशी बैङ्कमा खाता खोल्ने, जग्गा जमिन लगायत अचल सम्पत्ति खरिद बिक्री गर्ने सम्बन्धी व्यवस्था सरलीकरण गर्ने, सम्पत्ति बिक्रीबाट प्राप्त रकम प्रत्यावर्तन गर्ने व्यवस्था गर्ने, सवारी चालक अनुमतिपत्र, प्रवेश आज्ञा, भिसा शुल्क र सो सम्बन्धी अन्य व्यवस्थामा गैरआवासीय नेपाली नागरिकलाई सहज हुने कानूनी व्यवस्था गर्ने, गैरआवासीय नेपाली, नेपाली मूलको विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिकको परिभाषा विस्तृतीकरण गर्ने, कम्पनी, फर्म संस्थापना र व्यवसाय दर्ता र सञ्चालन, निजी क्षेत्रमा रोजगारी, सपुर्दगी, नागरिकता परित्याग तथा प्राप्तिको प्रक्रियाको सरलीकरण, गैरआवासीय नेपालीबाट लिइने पदयात्रा शुल्क नेपाली नागरिक सरह बनाउने र गैरआवासीय नेपालीबाट लिइने आन्तरिक हवाई शुल्क नेपाली नागरिक सरह कायम गर्ने लगायतका विषयहरूसँग सम्बन्धित कानूनमा आवश्यक संशोधन गर्नुपर्ने सुझावहरू समावेश गरी *गैरआवासीय नेपालीको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन* गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पठाइएको छ।

१०. नेपालमा लगानीकर्तालाई आकर्षित गर्न र लगानी मैत्री वातावरण सिर्जना गर्न सर्वोच्च अदालतले विदेशी लगानीका सम्बन्धमा गरेका फैसलाको विवेचनात्मक अध्ययन गरी वित्तीय व्यवस्थापनको समयावधिको निर्धारण गर्ने, जग्गा प्राप्तिको विषय र प्रक्रिया सरल र प्रभावकारी बनाउने, कानूनको परिवर्तनबाट पर्नसक्ने प्रभावबाट संरक्षण दिने, लगानीको पूर्ण संरक्षण र अनुगृहीत राष्ट्रको व्यवहार गर्ने, विदेशी मध्यस्थको निर्णयको कार्यान्वयनका लागि उचित कानूनी आधार तयार गर्ने, विकास, वातावरण र जलवायु परिवर्तन बिच सन्तुलन कायम गर्ने कानूनी आधार तयार गर्ने लगायतका सुझावहरू समावेश गरी *विदेशी लगानी सम्बन्धी सर्वोच्च अदालतका फैसलाको सङ्क्षिप्त अध्ययन प्रतिवेदन* तयार गरिएको छ।

११. इन्टर्नसिप कार्यक्रम अन्तर्गत नेपालका विभिन्न विश्वविद्यालयका कानून सङ्काय अन्तर्गतका क्याम्पस, कलेजमा स्नातक तहमा अध्ययनरत दशजना छात्रछात्राहरूलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीमा संलग्न गराइएको छ।

१२. आयोगले *नेपाल राजपत्र*मा प्रकाशन भएबमोजिम प्रचलित तथा खारेज भएका कानूनहरू आयोगको वेबसाइटमा राखी अद्यावधिक गर्दै आएको छ। आयोगको वेबसाइटमा राखिएका कानूनहरूमा केही त्रुटिहरू देखिएको हुँदा त्यस्ता त्रुटिहरू पहिचान गर्न दुईवटा कार्यटोली गठन गरी पहिचान भएका त्रुटिहरू सच्याइ पुनःअद्यावधिक गर्ने कार्य भईरहेको छ। कानून किताब व्यवस्था समितिबाट प्रकाशित कानूनका पुस्तकहरूमा र नेपाल राजपत्रमा प्रकाशित कानूनहरूमा समेत केही त्रुटिहरू देखिएकोले त्यस्ता त्रुटिहरू समावेश गरी प्रतिवेदन तयार गर्ने कार्य भईरहेको छ। यस आर्थिक वर्षमा आयोगको वेबसाइटमा राखिएका सबै ऐनहरूमा भएको त्रुटि सच्याइ अद्यावधिक गर्ने कार्य सम्पन्न भइसकेको छ।

१३. नेपालमा आधिकारिक कानूनी शब्दकोश निर्माण नभएको, उपलब्ध रहेका कानूनी शब्दकोशहरू व्यक्ति विशेषद्वारा लेखिएका र कानूनी शब्दहरूको परिभाषामा एकरूपता समेत नरहेको हुँदा आयोगबाट गत आर्थिक वर्षमा सुरु भएको कानूनी शब्दकोश (नेपाली-अङ्ग्रेजी-नेपाली) निर्माण कार्यलाई निरन्तरता दिइएको छ। आगामी आर्थिक वर्षमा यसलाई पूर्णता दिन आयोगलाई आवश्यक स्रोत साधन उपलब्ध गराउनु पर्ने देखिन्छ।

१४. *नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० बमोजिम आयोगले नेपाल सरकार समक्ष देहायका सिफारिस तथा सुझावहरू पेस गरेको छः-

(क) देहायका विषयमा कानून निर्माण गर्नुपर्नेः-

(१) कैदी हस्तान्तरण सम्बन्धी विषय, र

(२) गैरआवासीय नेपालीको अधिकारसँग सम्बन्धित कानून संशोधन र परिमार्जन सम्बन्धी विषय।

(ख) देहायका विषयमा अध्ययन तथा अनुसन्धान गर्नुपर्ने:-

(१) अभियोग प्रमाणित नभएका कारण भुक्तान गरिएको कैद बापत पाउने क्षतिपूर्ति सम्बन्धी विषय,

(२) अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयनको अवस्था सम्बन्धी विषय,

(३) न्याय सम्पादन प्रक्रियामा गर्नुपर्ने सुधार सम्बन्धी विषय,

(४) सर्वोच्च अदालतबाट प्रतिपादित संवैधानिक कानून सम्बन्धी नजिरहरूको अध्ययन र

(५) मानव तस्करी नियन्त्रण सम्बन्धी विषय ।

(ग) प्रविधि मैत्री आयोग तथा जनशक्ति विकास गर्ने ।

(घ) आयोगको विगतका सिफारिस तथा सुझावहरूको कार्यान्वयन गरिनु पर्ने।

१५. आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी र परिणाममुखी बनाउन सम्बोधन हुनुपर्ने विषयहरू देहायबमोजिम छन्:-

(क) आयोगको सङ्गठन संरचनालाई बौद्धिक नीति विकास संस्थाको स्वरूपमा परिवर्तन गर्ने,

(ख) आयोगलाई कानून सम्बन्धी अध्ययन, अनुसन्धानमूलक निकायको रूपमा स्थापित गर्ने,

(ग) प्रदेश र स्थानीय तहको कानूनको मस्यौदा तर्जुमा गर्दा नेपाल कानून आयोगलाई संलग्न गराउने,

(घ) अध्ययन अनुसन्धान गरेर मात्र ऐनको मस्यौदा तयार गर्नुपर्ने हुँदा कानूनको मस्यौदा कार्यको जिम्मा आयोगलाई दिने,

(ङ)	आधुनिक स्तरको पुस्तकालय निर्माण गर्ने,

(च)	पर्याप्त स्रोत साधनको साथै, उपयुक्त भवन लगायतका भौतिक पूर्वाधारको व्यवस्था हुनुपर्ने,

(छ)	जनशक्ति व्यवस्थापन प्रभावकारी हुनुपर्ने, कर्मचारीको वृत्ति विकास र व्यवसायिकताको विकासलाई बढावा दिनुपर्ने।

## संक्षेपीकरण

| | |
|---|---|
| आयोगः | नेपाल कानून आयोग |
| ऐनः | *नेपाल कानून आयोग ऐन, २०६३* |
| वार्षिक प्रतिवेदनः | नेपाल कानून आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन |
| संविधानः | नेपालको संविधान |
| ने.का.प.: | नेपाल कानून पत्रिका |
| नि. नं: | निर्णय नम्बर |

# विषय सूची

## परिच्छेद-एक

## परिचय


१.१ पृष्ठभूमि १

१.२ नेपाल कानून आयोगको विकासक्रम २

१.२.१ ल कमिसन, २०१० ३

१.२.२ ल कमिसन, २०१७ ५

१.२.३ कानून आयोग, २०२० ५

१.२.४ कानून आयोग, २०२९ ६

१.२.५ कानून सुधार आयोग, २०३६ ७

१.२.६ नेपाल कानून सुधार आयोग, २०४१ ८

१.२.७ नेपाल कानून सुधार आयोग, २०५९ ९

१.२.८ नेपाल कानून आयोग १०

१.३ केही विदेशी राष्ट्रहरूका कानून आयोग सम्बन्धी व्यवस्था ११

१.३.१ अष्ट्रेलिया ११

१.३.२ बङ्गलादेश १२

१.३.३ संयुक्त अधिराज्य १३

१.३.४ न्यूजिल्याण्ड १४

१.३.५ संयुक्त राज्य अमेरिका १४

१.३.६ भारत १५

१.४ नेपाल कानून आयोगको गठन र सङ्गठनात्मक संरचना १७

१.४.१ आयोगको गठन १७

१.४.२ आयोगमा कार्यरत पदाधिकारीहरू १८

१.४.३ आयोगको सङ्गठनात्मक संरचना १९

१.५ आयोगको काम, कर्तव्य र अधिकार २०

१.६ उपलब्ध स्रोत साधन २१

१.६.१ मानव स्रोत २१

१.६.२ भौतिक स्रोत साधन २२

१.६.३ आयोगको वित्तीय स्थिति २३

१.७ वार्षिक प्रतिवेदनको संरचना २३

## परिच्छेद-दुई

## कानून सुधारमा नेपाल कानून आयोगको भूमिका

२.१ आयोगको भूमिका २७

२.१.१ कानूनको मस्यौदा तर्जुमा २७

२.१.२ कानूनको पुनरवलोकन २८

२.१.३ कानून निर्माणमा एकरूपता २८

२.१.४ कानून संशोधनका लागि नेपाल सरकारलाई सुझाव २९

२.१.५ कानूनको विद्युतीय अभिलेख २९

२.१.६ सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल
तथा अन्तरक्रिया ३०

२.१.७ सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून
भए वा नभएको विषयमा अध्ययन ३०

२.२ आयोगले विधेयक मस्यौदा गर्दा अवलम्बन गरेको विधि र अभ्यास ३०

**परिच्छेद-तिन**

**आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम र कार्यप्रगति**

३.१ आयोगको वार्षिक कार्यक्रम ३३

३.२ आर्थिक वर्ष २०८०/८१ मा सम्पादित कार्यहरू ३५

३.२.१ आयोगबाट तर्जुमा गरिएका कानून मस्यौदा ३५

३.२.२ छलफल तथा अन्तरक्रिया ३८

३.२.३ विभिन्न विषयमा गरिएका अध्ययन प्रतिवेदन ३९

३.२.४ कानूनको जानकारी तथा सचेतना सम्बन्धी कार्यक्रम ४२

३.२.५ इन्टर्नसिप कार्यक्रम सञ्चालन ४३

३.२.६ कानूनको परिमार्जन र संशोधन ४३

३.२.७ आयोगमा सूचना प्रविधिको प्रयोग ४४

३.२.८ कानूनी शब्दकोश निर्माण ४५

३.२.९ कर्मचारीको क्षमता अभिवृद्धि तालिम ४६

३.२.१० *नेपाल कानून आयोग ऐन, २०६३* प्रारम्भ भएदेखि आयोगले हालसम्म तर्जुमा गरेका विधेयक मस्यौदा ४७

**परिच्छेद-चार**

**सुझाव तथा सिफारिस**

४.१ कानून निर्माणको क्षेत्र ४९

४.१.१ कैदी हस्तान्तरण सम्बन्धी ४९

४.१.२ गैरआवासीय नेपालीको अधिकारसँग सम्बन्धित कानून संशोधन र परिमार्जन गर्नुपर्ने ५०

४.२ अध्ययन तथा अनुसन्धानको क्षेत्र ५२

४.२.१ अभियोग प्रमाणित नभएका कारण भुक्तान गरिएको कैद बापत पाउने क्षतिपूर्ति सम्बन्धमा ५२

४.२.२ अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयनको अवस्था सम्बन्धमा ५३

४.२.३ न्याय सम्पादन प्रक्रियामा गर्नुपर्ने सुधार सम्बन्धी अध्ययन ५५

४.२.४ सर्वोच्च अदालतबाट प्रतिपादित संवैधानिक कानून सम्बन्धी नजिरहरूको अध्ययन ५६

४.२.५ मानव तस्करी नियन्त्रण सम्बन्धी अध्ययन ५८

४.३ प्रविधि मैत्री आयोग तथा जनशक्ति विकास ६०

४.४ आयोगको विगतका सिफारिस तथा सुझावहरूको कार्यान्वयन ६०

## परिच्छेद-पाँच

## अवसर र चुनौतीहरू

५.१ अवसरहरू ६१

५.२ चुनौतीहरू ६२

## परिच्छेद-छ

## नेपाल कानून आयोगको भूमिका प्रभावकारी बनाउने उपाय

६.१ आयोगलाई बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्ने ६३

६.२ ऐनको मस्यौदा एकद्वार प्रणालीबाट गर्ने ६५

६.३ आधुनिक स्तरको पुस्तकालय निर्माण गर्ने ६६

६.४ पर्याप्त स्रोत साधनको व्यवस्था हुनुपर्ने ६६

६.५ भौतिक पूर्वाधारको व्यवस्था ६७

६.६ जनशक्ति व्यवस्थापन ६८

६.७ वृत्ति विकास र व्यावसायिकताको विकास ६८

## अनुसूचीहरू


| | | |
|---|---|---|
| अनुसूची—१ | आयोगका वि.सं.२०१० सालदेखि हालसम्मका अध्यक्षहरूको नामावली | ७१ |
| अनुसूची—२ | आयोगका वि.सं.२०६० सालदेखि हालसम्मका उपाध्यक्षहरूको नामावली | ७२ |
| अनुसूची—३ | आयोगको सङ्गठनात्मक संरचना | ७३ |
| अनुसूची—४ | कर्मचारीको स्वीकृत दरबन्दी विवरण | ७४ |
| अनुसूची—५ | कार्यरत कर्मचारीको नामावली | ७५ |
| अनुसूची—६ | आयोगको भौतिक तथा सवारी साधनको विवरण | ७८ |
| अनुसूची—७ | आयोगको आर्थिक वर्ष २०८०/८१ वित्तीय प्रगति विवरण | ८५ |
| अनुसूची—८ | आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम | ८९ |
| अनुसूची— ९ | आर्थिक वर्ष २०८०/८१ मा आयोगबाट तर्जुमा भई सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयक मस्यौदाको पूर्ण पाठ | ९९ |
| | (१) औषधी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा | |
| | (२) स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | |
| | (३) राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | |

(४) भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक

अनुसूची—१० आयोगको वेबसाइटमा रहेका कानूनहरूको सङ्ख्या २२५

अनुसूची—११ आयोगले स्थापना कालदेखि हालसम्म तर्जुमा गरेका विधेयक मस्यौदाको सूची २२६

# परिच्छेद-एक

# परिचय

## १.१ पृष्ठभूमि

राज्य सञ्चालनको लागि कानून अपरिहार्य माध्यम हो। कानून समाजको प्रतिबिम्ब हो। समाजको गतिशिलता र विकाससँगै मानवीय व्यवहार, आचरण र सम्बन्धहरू क्रमशः परिवर्तन हुँदै जाँदा कानूनहरू पनि परिवर्तन हुँदै जान्छन्। कानूनको समयानुकूल परिवर्तनले नागरिक अधिकारको रक्षा र राज्यको आर्थिक तथा सामाजिक संरचना समेतमा अग्रगामी परिवर्तन गर्न सकिन्छ। समाजमा शान्ति, सुरक्षा, सुव्यवस्था र अमनचयन कायम राख्न, समतामूलक समाजको सृजना गर्न, सामाजिक विभेदलाई अन्त्य गरी राज्यप्रति अपनत्व र विश्वास कायम राख्न कानूनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। तर्कपूर्ण, युक्तियुक्त, न्यायसङ्गत र गुणस्तरीय कानूनमात्र असल र उपयुक्त कानूनको दायराभित्र पर्न आउँछ। असल कानूनले समाजलाई सही दिशामा डोऱ्याउँछ।

सामाजिक परिवर्तनसँगै परिवर्तित मानवीय व्यवहार, आचरण र सम्बन्धलाई सहजीकरण र नियमन गर्ने विद्यमान कानूनमा समसामयिक सुधार, संशोधन तथा परिमार्जन गर्नुपर्ने हुन्छ भने प्रयोगमा नआएका कानूनहरू खारेज गरी नयाँ कानून निर्माण गर्नुपर्ने हुन्छ। कानूनको आवश्यकता र औचित्यका आधारमा अध्ययन, अनुसन्धान र विचार विमर्शको माध्यमबाट समयसापेक्ष कानून निर्माण गरी विश्वसनीय कानूनी प्रणालीको विकास गर्नु आवश्यक हुन्छ। सोही उद्देश्यले कानून तर्जुमा गर्न विभिन्न संस्थागत र प्रक्रियागत व्यवस्थाहरू हुँदै आएका छन्।

विद्यमान कानूनमा समयानुकूल संशोधन, परिमार्जन, पुनरवलोकन र सुधार गर्दै राज्यको आवश्यकता अनुसार समय सापेक्ष कानून तर्जुमा, संहिताकरण र एकीकरण गर्ने उद्देश्यले विश्वका विभिन्न मुलुकमा विभिन्न नामले कानून आयोगहरू गठन गरिएको

पाइन्छ।[1] कानून आयोग, कानून सुधार आयोग, कानून पुनरवलोकन आयोग, कानून तथा न्याय आयोग, कानून सुधार सल्लाहकार समिति, कानून संशोधन समिति, कानून सुधार समिति, कानून पुनरवलोकन सल्लाहकारको कार्यालय वा कानून सुधार संस्थान इत्यादि नामले विभिन्न मुलुकमा त्यस्ता आयोग स्थापना गरिएको पाइन्छ।

त्यस्ता आयोगलाई कानूनहरूको संशोधनको मस्यौदा गर्ने, कानूनहरूको एकीकरणको मस्यौदा तयार गर्ने, पुराना कानूनहरू अद्यावधिक गर्ने र प्रयोगविहीन कानून खारेज गर्ने सम्बन्धमा सिफारिस गर्ने आदि जिम्मेवारी तोकिएको हुन्छ।

## १.२ नेपाल कानून आयोगको विकासक्रम

नेपालमा औपचारिक रूपमा कानून निर्माण तथा न्याय सम्पादनको संस्थागत विकास हुनुअघि विभिन्न धार्मिक ग्रन्थ र शास्त्रहरूका आधारमा शासन सञ्चालन गर्ने गरिएको पाइन्छ। किराँत कालमा देशको शासन विधान किराँत समुदायको पवित्र ग्रन्थ *किराँत मुन्धुम*द्वारा सञ्चालित थियो। लिच्छविकालमा विभिन्न धर्मशास्त्र अनुसार न्याय प्रशासन सञ्चालन गर्ने गरेको र धर्मशास्त्रले नसमेटेका विषयमा *राजाज्ञा* जारी गरी शासन सञ्चालन गर्ने गरेको पाइन्छ। सोही कालमा राजा अंशुवर्माले धर्मशास्त्रका विभिन्न विषयमा विद्वानहरूसँग छलफल गरी *लोक व्यवहार* अनुसार कानून बनाउने गरेको इतिहास छ।

मल्ल कालमा जयस्थिति मल्लले तत्कालीन सामाजिक अवस्थालाई विचार गरी नयाँ कानूनी व्यवस्था गर्न "विद्वानहरूको समिति" बनाएका थिए। उनले कानूनका विद्वानहरूको सहायता लिई गृह निर्णय, क्षेत्र निर्णय, जात निर्णय र मानव न्यायशास्त्र समेतका चारवटा कानूनहरू बनाई जारी गरेको पाइन्छ। त्यसैगरी शाहकालमा राजा राम शाहले विभिन्न थितिको व्यवस्था गरी तत्कालीन समयको न्याय व्यवस्था र कानूनलाई समयानुकूल सुधार गर्दै उदार बनाएका थिए। सोही कारणले नै "न्याय नपाए गोरखा जानु" भन्ने लोकोक्ति चलेको पाइन्छ। राणा शासनकालमा जङ्गबहादुर राणाले

---

[1] नेपाल कानून आयोगबाट गठित कार्यदलले तयार गरेको "*नेपाल कानून आयोग ऐन, २०६३* को संशोधनको आवश्यकताः अवधारणापत्र", पृ. १।

वि.सं. १९१० सालमा कानून मसौदा गर्न "कौशल अड्डा" गठन गरी २१० जना पदाधिकारीलाई *मुलुकी ऐन* को मसौदा बनाउन लगाएका थिए। सो मुलुकी ऐन नेपालको कानूनी इतिहासमा पहिलो संहिताबद्ध कानून हो। त्यसपछि वि.सं. १९९३ मा *कम्पनी ऐन, पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन* र वि.सं. १९९४ मा *नेपाल बैङ्क सम्बन्धी ऐन* बनेका थिए।

वि.सं. २००७ सालको परिवर्तन पछि कानून सुधारको क्षेत्रमा विशेष प्रयास सुरु भएको देखिन्छ। सोही क्रममा नयाँ कानून निर्माण गर्ने, कानूनको संहिताकरण गर्ने तथा भइरहेका कानूनहरूको पुनरवलोकन गरी आवश्यकता अनुसार संशोधन गर्ने लगायतका जिम्मेवारी प्रदान गरी कानून आयोग गठन गरिएको पाइन्छ। नेपालमा विभिन्न समयमा देहायबमोजिम कानून आयोगहरू गठन भएको पाइन्छः-

### १.२.१ ल कमिसन, २०१०

वि.सं. २००९ को बुच कमिसनले कानून आयोग गठन गर्न नेपाल सरकारलाई सिफारिस गरे बमोजिम तत्कालीन मन्त्रिमण्डलको मिति २०१०।९।६ को बैठकले निर्णय गरी पहिलोपटक देहायबमोजिम **ल कमिसन**[२] गठन गरेको थियोः-

(क) बडाकाजी माणिकलाल राजभण्डारी -चेयरम्यान

(ख) सदर अपिल दोस्राका हाकिम प्रो. रत्नबहादुर बिष्ट -सदस्य

(ग) प्रधान न्यायालयका मेम्बर प्रो. डम्बरबहादुर सिंह -सदस्य

(घ) सदर अपिल पहिलाका हाकिम सुब्बा शम्भुप्रसाद ज्ञवाली -सदस्य

(ङ) सरदार कृष्णबहादुर -सदस्य

(च) मिर सुब्बा नरदेव पन्त -सदस्य

[२] मिति २०१०।११।११ को *नेपाल राजपत्र*मा प्रकाशित सूचना।

(छ) मिर सुब्बा हरिबहादुर -सदस्य

(ज) प्रचार विभागका डाइरेक्टर वासुदेव शर्मा -सचिव

ल कमिसनले मिति २०१०।०९।१३ बाट कार्य प्रारम्भ गरेको थियो। कमिसनको महिनामा कम्तीमा तिनपटक साधारण सभा गर्नुपर्ने र सो सभामा कमिसनका पदाधिकारीका साथै प्रधान न्यायाधीश, एटर्नी जनरल, एकाउन्टेन्ट जनरल, कानून सेक्रेटरी र गृह सेक्रेटरी तथा अन्य विषय विज्ञलाई बोलाउनुपर्ने व्यवस्था गरेको थियो।

काम कारबाही सुचारू रूपले चलाउन कमिसनलाई देहायका तिन सेक्सनमा बाँड्ने व्यहोरा उल्लेख भएको पाइन्छः-

(क) देवानी विषयक ऐन, सवाल, सनदको सेक्सन।

(ख) फौजदारी विषयक ऐन, सवाल, सनदको सेक्सन।

(ग) मालको सवाल, अड्डा अड्डालाई भएका सवाल र श्रेस्ता अपिल विषयक सवाल, सनदको सेक्सन।

यस कमिसनलाई *नेपालको अन्तरिम शासन विधान, २००७* मा रहेका राज्यका निर्देशक सिद्धान्तसँग बाझिएका प्रचलित नेपाल कानून, ऐन, सनद, सवाल लगायत कानूनको अध्ययन गरी निर्देशक सिद्धान्तसँग अनुकूल हुनेगरी कानून बनाउने, छरिएर रहेका कानूनी दस्तावेजहरूलाई एकत्रित गरी संहिताकरण गर्ने र नयाँ ऐनका मसौदा तयार गरी सुझाव सिफारिस गर्ने काम, कर्तव्य र अधिकार तोकिएको थियो। कमिसनले वि.सं. २०१२ सालमा *नेपाल दण्ड विधान*को मसौदा तयार गरी नेपाल सरकारसमक्ष पेस गरेको थियो। कमिसनलाई आफ्नो काम कारबाहीका सम्बन्धमा आवश्यक नियम बनाउने अधिकार पनि रहेको थियो।

### १.२.२ ल कमिसन, २०१७

मिति २०१७।०६।२७ मा पुनः दुई वर्षका लागि दोस्रो **ल कमिसन**[३] गठन गरिएको थियो। यस कमिसनको गठन यस प्रकार रहेको थियोः-

(क) सर्वोच्च अदालतका न्यायाधीश श्री नयनबहादुर खत्री -अध्यक्ष

(ख) मध्यमाञ्चल उच्च अदालतका मुख्य न्यायाधीश -सदस्य

(ग) एटर्नी जनरल श्री शम्भुप्रसाद ज्ञवाली -सदस्य

(घ) सचिव श्री कृष्णप्रसाद उपाध्याय, कानून मन्त्रालय र संसदीय प्रबन्ध मन्त्रालय -सदस्य

(ङ) श्री ५ को सरकारबाट मनोनीत गैरसरकारी व्यक्ति (तिन जना) मा भू. पू. न्यायाधीश श्री मुक्तिकान्त मैनाली र मि. सु. श्री महन्तलाल जोशी (एक जना पछि मनोनयन गरिएको) -सदस्य

छोटो अवधिमा यस कमिसनले नयाँ *मुलुकी ऐन*को मसौदा तयार गरी कानूनको आधुनिकीकरणको काम थालनी गरेको थियो।

### १.२.३ कानून आयोग, २०२०

मन्त्रिपरिपद्को मिति २०२०।१०।०८ को निर्णयबाट तेस्रो पटक **कानून आयोग**[४] गठन भएको थियो। सो आयोगलाई अघिल्लो ल कमिसनलाई दिइएको अधिकारका अतिरिक्त कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून

---

[३] मिति २०१७।७।१५ को *नेपाल राजपत्र*मा प्रकाशित सूचना।

[४] मिति २०२०।१२।१० को *नेपाल राजपत्र*मा प्रकाशित सूचना।

तर्जुमा, संशोधन, संहिताकरण लगायतको थप कार्य सम्पादन गर्ने जिम्मेवारी तोकिएको थियो। सो आयोगको गठन देहायबमोजिम रहेको थियोः-

(क) श्री विनोदप्रसाद धिताल, सहसचिव, कानून मन्त्रालय - पदेन अध्यक्ष

(ख) श्री निरकुमार क्षेत्री -सदस्य

(ग) श्री टोपबहादुर सिंह -सदस्य

(घ) श्री हेरम्बराज -सदस्य

(ङ) श्री विश्वनाथ उपाध्याय, उपसचिव, कानून मन्त्रालय -सदस्य-सचिव

सुरुमा एक वर्ष कार्यकाल रहेकोमा पटक पटक थप हुँदै वि.सं. २०२७ सालसम्म यो आयोगको कार्यकाल रहेको थियो।

### १.२.४ कानून आयोग, २०२९

कार्यकारिणी आदेशबाट नै पुनः मिति २०२९।२।१९ मा चौथो पटक **कानून आयोग** गठन भएको थियो। सो आयोगलाई प्रचलित नेपाल कानूनमा (विशेष गरी फौजदारी, देवानी, वाणिज्य तथा प्रमाण सम्बन्धी कानूनहरूमा) रहेका कानूनी अभाव र त्रुटिहरू हटाई सरल, वैज्ञानिक र व्यावहारिक रूप दिई छुट्टाछुट्टै ऐनहरूको तर्जुमा गर्ने कार्यादेश रहेको थियो। सो आयोगको गठन देहाय बमोजिम गरिएको थियोः-

(क) श्री नयनबहादुर खत्री, न्यायाधीश, सर्वोच्च अदालत,
अध्यक्ष, न्यायिक समिति -अध्यक्ष

(ख) श्री विश्वनाथ उपाध्याय, अस्थायी न्यायाधीश,
सर्वोच्च अदालत -सदस्य

(ग) श्री रमानन्दप्रसाद सिंह, महान्यायाधिवक्ता -सदस्य

(घ) श्री कृष्णप्रसाद पन्त, सदस्य, न्यायिक समिति -सदस्य

(ङ) श्री चुडामणिराज सिंह मल्ल, सचिव, कानून मन्त्रालय -सदस्य-सचिव

यस आयोगले प्रमाण ऐन तथा *अपराध संहिता*को मस्यौदा तयार गरी तत्कालीन श्री ५ समक्ष पेस गरेको थियो। सो आयोग मिति २०३३।११।२३ मा विघटन भएको थियो।

### १.२.५ कानून सुधार आयोग, २०३६

तत्कालीन श्री ५ को सरकारको मिति २०३६।८।२३ को निर्णय अनुसार पाँचौ पटक **नेपाल कानून सुधार आयोग**[५] गठन भएको थियो। सो आयोगको गठन देहाय बमोजिम रहेको थियोः-

(क) श्री विश्वनाथ उपाध्याय, न्यायाधीश, सर्वोच्च अदालत -अध्यक्ष

(ख) महान्यायाधिवक्ता -सदस्य

(ग) श्री निरकुमार क्षेत्री, सदस्य, न्यायिक समिति -सदस्य

(घ) सचिव, कानून तथा न्याय मन्त्रालय -सदस्य-सचिव

(ङ) श्री धिरेन्द्रबहादुर बिष्ट -सह-सदस्य

(च) श्री मृगेन्द्रबहादुर प्रधानाङ्ग -सह-सदस्य

(छ) श्री वेदव्यास क्षेत्री -सह-सदस्य

(ज) श्री शमशेरराज वन्त -सह-सदस्य

[५] मिति २०३६।८।२६ को *नेपाल राजपत्र*मा प्रकाशित सूचना।

यस आयोगलाई नेपालको कानून प्रणालीमा गर्नुपर्ने सुधार पहिचान गरी तत्सम्बन्धमा गर्नुपर्ने नीति तयार गर्ने, *अपराध संहिता* र *अपराध कार्यविधि संहिता*को मसौदामा प्राप्त सुझावलाई अध्ययन गरी मसौदामा समावेश गरी अद्यावधिक गर्ने र दण्ड सजाय सम्बन्धी नीति, हर्जाना, क्षतिपूर्ति लगायतका विषयमा कानूनी सुधार गर्ने जिम्मेवारी दिइएको थियो।

### १.२.६ नेपाल कानून सुधार आयोग, २०४१

तत्कालीन श्री ५ को सरकारको मिति २०४१।८।२१ को निर्णयबाट पूर्ववत् जिम्मेवारीका लागि सोही दिन स्थायी रूपमा पहिलो पटक **नेपाल कानून सुधार आयोग** गठन भएको थियो। यस आयोगको गठन देहायबमोजिम रहेको थियो:-

| | | |
|---|---|---|
| (क) | श्री विश्वनाथ उपाध्याय, न्यायाधीश, सर्वोच्च अदालत | -अध्यक्ष |
| (ख) | महान्यायाधिवक्ता | -पदेन सदस्य |
| (ग) | न्यायिक समितिका सदस्य मध्ये श्री ५को सरकारले तोकेको सदस्य (श्री निरकुमार क्षेत्रीलाई तोकेको) | -पदेन सदस्य |
| (घ) | सचिव, कानून तथा न्याय मन्त्रालय | -पदेन सदस्य |
| (ङ) | श्री टोपबहादुर सिंह | -सदस्य |
| (च) | श्री वेदव्यास क्षेत्री, सहसचिव, कानून तथा न्याय मन्त्रालय | -सदस्य-सचिव |
| (छ) | श्री धिरेन्द्रबहादुर बिष्ट, अधिवक्ता | -सह-सदस्य |
| (ज) | श्री भानुराज अर्याल, अधिवक्ता | -सह-सदस्य |

(झ) श्री मृगेन्द्रबहादुर प्रधानाङ्ग -सह-सदस्य

यो आयोग मिति २०५७।१।१९ सम्म कार्यरत रहेको देखिन्छ।

### १.२.७ नेपाल कानून सुधार आयोग, २०५९

श्री ५ को सरकारले मिति २०५९।११।१६ को निर्णयानुसार **नेपाल कानून सुधार आयोग**को अध्यक्ष पदमा श्री निरञ्जन थापा र सदस्य पदमा विनोदकुमार देवकोटालाई पाँच वर्षको लागि नियुक्त गरेको थियो।[६] केही समय पछि न्याय परिषदका सचिव र महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता पदेन सदस्य रहने गरी तोकिएको थियो।[७]

यस आयोगलाई नयाँ कानून निर्माण गर्ने वा भइरहेका कानूनको संशोधन गर्ने सम्बन्धमा मस्यौदा गर्ने तथा सरकारलाई परामर्श दिने, तर्जुमा गरिने कानूनका सम्बन्धमा गोष्ठी, सेमिनार, अन्तरक्रिया गर्ने, परामर्श सेवा लिने, आवश्यकता अनुसार कार्यदल वा कार्यटोली गठन गरी मस्यौदा तर्जुमा गर्ने, गराउने, प्रचलित कानूनहरूको पुनरवलोकन गर्ने र त्यसमा हुनुपर्ने सुधारका सम्बन्धमा समय-समयमा सरकारलाई सुझाव दिने, *नेपाल अधिराज्यको संविधान, २०४७* बमोजिम बनाउन बाँकी रहेका कानूनहरूको मस्यौदा गरी सरकार समक्ष पेस गर्ने, सरकारले तोकिदिएको विषयमा कानूनको संहिताकरण गरी मसौदा तयार गर्ने, कानून निर्माण, संहिताकरण तथा कानून कार्यान्वयनको क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने, गराउने र सरकारले समय-समयमा तोकिदिएका अन्य कार्य गर्ने विस्तृत जिम्मेवारी प्रदान गरिएको थियो।

यसरी विभिन्न समयमा सरकारको कार्यकारी आदेशबाट कार्य क्षेत्रगत सर्तहरू तोकी विभिन्न मितिमा विभिन्न नामबाट आयोगहरू गठन हुँदै आएकोमा

[६] मिति २०५९।१२।१३ को *नेपाल राजपत्र*मा प्रकाशित सूचना।

[७] मिति २०५९।१२।२४ को *नेपाल राजपत्र*मा प्रकाशित सूचना।

तत्कालीन आयोगहरूले प्रभावकारी कार्य सम्पादन गरी महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

### १.२.८ नेपाल कानून आयोग

मिति २०६३।०९।३० मा *नेपाल कानून आयोग ऐन, २०६३* प्रमाणीकरण भई सो ऐनद्वारा स्थापित संस्थाको रूपमा नेपाल कानून आयोग स्थापना भएको छ।

आयोगमा सर्वोच्च अदालतको न्यायाधीश भइसकेका वा हुने योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना अध्यक्ष र नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनसुन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एकजना उपाध्यक्ष पूर्णकालीन रूपमा रहने, त्यस्तो योग्यता पुगेका व्यक्तिहरू मध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी नेपाल सरकारले मनोनीत गरेको बढीमा तिनजना सदस्य रहने, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव सदस्य, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव (कानून) सदस्य, नायव महान्यायाधिवक्ता सदस्य र नेपाल कानून आयोगको सचिव सदस्य सचिव रहने व्यवस्था *नेपाल कानून आयोग ऐन, २०६३* को दफा ४ मा रहेको छ।

वि.सं. २०६३ सालमा ऐनद्वारा स्थापना भएपछिको पहिलो कानून आयोगको गठन देहायबमोजिम रहेको थियो:-

(क) श्री बाबुराजा जोशी -अध्यक्ष

(ख) श्री हरिप्रसाद न्यौपाने -उपाध्यक्ष

(ग) श्री कुलरत्न भुर्तेल, सचिव, कानून न्याय तथा

संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) श्री माधवप्रसाद पौडेल, प्रधानमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) श्री सूर्यप्रसाद कोइराला, का. मु. नायव

महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(च) श्री मोहनप्रसाद बन्जाडे, सचिव, नेपाल कानून आयोग -सदस्य-सचिव

*नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० मा आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था रहेको छ। यसबाट कार्यक्षेत्र तथा अधिकारका सम्बन्धमा पहिलेका आयोगहरू भन्दा यो आयोग अधिकार सम्पन्न निकायको रूपमा स्थापित भएको छ। यसरी राज्यको शासन व्यवस्था सञ्चालनको लागि कानून सुधार एक निरन्तर प्रक्रियाको रूपमा स्वीकार गरिएको छ।

## १.३ केही विदेशी राष्ट्रहरूका कानून आयोग सम्बन्धी व्यवस्था

कमन ल प्रणाली अपनाउने मुलुकहरूमा सामान्यतः कानूनको नियमित सुधार गर्न विशेष कार्यक्षेत्रगत सर्त सहित छुट्टै आयोग गठन गर्ने गरेको पाइन्छ। दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सदस्य राष्ट्रहरूमध्ये भारत, पाकिस्तान, श्रीलङ्का र बङ्गलादेशमा कानून आयोगको गठन गरिएको छ। त्यसैगरी संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, न्यूजिल्याण्ड, आयरल्याण्ड, तान्जानिया, केन्या, मरिशस, युगाण्डा, दक्षिण अफ्रिका लगायतका मुलुकहरूमा पनि कानून आयोग स्थापना गरिएको देखिन्छ। कानून आयोग सम्बन्धी केही मुलुकका व्यवस्था देहायबमोजिम उल्लेख गरिएको छः-

### १.३.१ अष्ट्रेलिया

*Australian Law Reform Commission Act, 1996* द्वारा Australian Law Reform Commission को स्थापना गरिएको छ। कमिसनमा एकजना अध्यक्ष

र छ जनासम्म सदस्यहरू रहन्छन्।[८] सदस्यहरू पूर्णकालीन र आंशिक समय काम गर्ने गरी नियुक्त गरिएका हुन्छन्। कानूनको क्रमबद्ध सुधार र विकासको लागि कमनवेल्थ कानूनहरूको पुनरवलोकन गर्नु, महान्यायाधिवक्ताले सिफारिस गरेको विषयमा अनुसन्धान गर्नु, कानूनको एकीकरण र सुधारका लागि प्रतिवेदनमार्फत सरकारलाई सिफारिस गर्नु कमिसनको मुख्य कार्य रहेको छ।[९]

### १.३.२ बङ्गलादेश

बङ्गलादेशमा सन् १९७६ मा Justice Kemal Uddin Hossain को अध्यक्षतामा पहिलो कानून सुधार समितिको स्थापना भएको थियो। सन् १९९६ भन्दा अगाडिका समितिहरू अस्थायी प्रकृतिका थिए।[१०] त्यसपछि *Law Commission Act, 1996* द्वारा ल कमिसन स्थापना गरियो।

बङ्गलादेशको ल कमिसनमा एकजना अध्यक्ष र दुईजना सदस्यहरू रहने, सरकारले आवश्यक ठानेमा सदस्यहरूको संख्या बढाउन सक्ने, ल कमिसनका अध्यक्ष र सदस्यहरू सरकारद्वारा नियुक्त गरिने, निजहरूको नियुक्ति र सेवाका सर्तहरू सरकारद्वारा निर्धारण गरेबमोजिम हुने व्यवस्था गरिएको छ।[११]

बङ्गलादेशको ल कमिसनले आफूले गर्ने कार्यको कार्ययोजना सरकार समक्ष प्रस्तुत गर्ने, आफ्नो काम कर्तव्यको कार्यान्वयनको लागि आफैं खोज वा अनुसन्धान गर्न सक्ने, विज्ञ तथा सरोकारवालाहरूको राय सङ्कलन गर्न सक्ने व्यवस्था छ।[१२] विभिन्न तहका अदालतहरूमा मुद्दाको फर्स्योटमा ढिलाइ हुनुको कारण र त्यसको शीघ्रताको लागि आवश्यक उपायहरू पत्ता लगाउनु, सान्दर्भिक कानूनहरूको अनुसन्धान र पुनरवलोकन गरेर विद्यमान

---

८ *Australian Law Reform Commission Act, 1996,* Sec. 6(1).

९ *Australian Law Reform Commission Act, 1996,* Sec. 6(1).

१० http://www.lawcommissionbangladesh.org

११ *Law Commission Act, 1996*, Sec. 5(1) and (2).

१२ *Law Commission Act, 1996*, Sec. 7(1).

कानूनमा सुधार गर्न र नयाँ कानून बनाउन सुझाव दिनु, न्याय प्रणालीको आधुनिकीकरणका लागि सुधारका उपायहरूको बारेमा सुझाव दिनु, न्याय प्रणालीमा आबद्ध अधिकृत तथा जनशक्तिको कार्यक्षमता सुधारका लागि तालिम तथा अन्य आवश्यक उपायहरू सुझाउनु, सरकारवादी मुद्दाहरूको अनुसन्धानलाई बढी जिम्मेवार तथा दक्ष तुल्याउन मापदण्डहरू सिफारिस गर्नु, निर्वाचन, वाणिज्य र महिला सम्बन्धी लगायतका क्षेत्रगत कानूनहरूको आवश्यक सुधारका लागि सिफारिस गर्नु, कानूनी शिक्षाको स्तरोन्नतिका लागि आवश्यक सुझाव दिनु लगायतका काम, कर्तव्य र अधिकार कमिसनलाई प्रदान गरिएको छ।[१३]

### १.३.३ संयुक्त अधिराज्य

संयुक्त अधिराज्यमा कानून सुधार आयोगहरूको गठनका लागि *Law Commission Act,1965* कार्यान्वयनमा ल्याइएको पाइन्छ। इङ्गल्याण्ड र वेल्समा लर्ड चान्सलरद्वारा नियुक्त हुने अध्यक्ष र चार अन्य आयुक्तहरू रहने गरी ल कमिसनहरू गठन गरिएका छन्। कमिसनको अध्यक्षमा उच्च अदालत वा पुनरावेदन अदालतको न्यायाधीशलाई नियुक्त गरिन्छ। आयुक्तहरूको पदावधि बढीमा पाँच वर्षको हुन्छ।[१४] स्कटल्याण्डमा पनि सोही ऐनद्वारा छुट्टै Scottish Law Commission स्थापना गरिएको छ।[१५]

कानूनको व्यवस्थित विकास तथा सुधार गर्ने, नयाँ कानून तर्जुमा गर्ने, कानूनी त्रुटि सच्याउने, आवश्यक नभएका कानून खारेज गर्ने, छरिएर रहेका कानूनको संहिताकरण गर्ने, कानूनलाई सरलीकरण र आधुनिकीकरण गर्ने काम संयुक्त अधिराज्यका ल कमिसनहरूको कार्यक्षेत्र भित्र पर्दछ।[१६]

---

[१३] *Law Commission Act, 1996*, Sec. 6.

[१४] *Law Commission Act, 1965*, Sec. 1(1), (1A), (3).

[१५] *Law Commission Act, 1965*, Sec. 2(1).

[१६] *Law Commission Act, 1965*, Sec. 3.

निष्पक्ष, आधुनिक, सरल र किफायती कानून निर्माणका लागि आवश्यक सिफारिस गर्ने, अनुसन्धान र परामर्श गर्ने, कानूनको संहिताकरण गर्ने, असङ्गतिहरू हटाउने, प्रयोग विहीन र अनावश्यक कानूनहरू खारेज गर्ने कामहरू संयुक्त अधिराज्यका कानून आयोगहरूले गर्ने गरेको देखिन्छ।

### १.३.४ न्यूजिल्याण्ड

कानूनको पुनरवलोकन, सुधार र विकासको लागि केन्द्रीय सल्लाहकार निकायको रूपमा न्यूजिल्याण्डमा *Law Commission Act, 1985* द्वारा ल कमिसन स्थापना भएको हो। कमिसन एक अविच्छिन्न उत्तराधिकारवाला सङ्गठित संस्थाको रूपमा रहने, कमिसनमा न्याय मन्त्रीको सिफारिसमा गभर्नर जनरलद्वारा नियुक्त गरिएका तिनदेखि छ जनासम्म कमिसनरहरू रहने र निजहरूको पदावधि बढीमा पाँच वर्ष हुने व्यवस्था रहेको छ। कमिसनले आफूले गरेको काम कारबाहीको प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्री समक्ष पेस गर्नुपर्ने तथा सो प्रतिवेदन पेश भएपछि सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ।

कानूनलाई क्रमवद्ध रूपमा पुनरवलोकन गर्ने, कानूनको सुधार र विकासका लागि सुझावहरू दिने, कानूनलाई बोधगम्य र सहज बनाउन सम्बन्धित मन्त्रालयलाई सिफारिस गर्ने काम, कर्तव्य कमिसनलाई प्रदान गरिएको छ। प्रचलित कानूनको अधीनमा रही आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गर्न न्यूजिल्याण्डको ल कमिसन स्वायत्त रहेको छ।

### १.३.५ संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकामा सन् १८९२ मा The Uniform Law Commission को स्थापना गरिएको थियो। कानूनको स्पष्टता र स्थिरताको लागि विधायनको मस्यौदा गर्ने उद्देश्यले यो कमिसनको स्थापना भएको देखिन्छ। सबै राज्यहरूमा कानूनको मस्यौदा तर्जुमाको एकरूपताको लागि कमिसनमा विभिन्न राज्यहरूबाट कानून व्यवसायी, न्यायाधीश, विधायक र

विधायकहरूलाई सहयोग गर्ने कर्मचारी तथा कानूनका प्राध्यापकहरूको प्रतिनिधित्व रहन्छ। सदस्यहरूले कर्मचारी सरह कानून तर्जुमा गर्न आफ्नो अनुभव र विज्ञता निःशुल्क प्रयोग गर्दछन्।

The Uniform Law Commision ले मूलतः देहायका कार्यहरू गर्दछः-

- राज्यका कानूनहरूमा एकरूपताको सम्बन्धमा अध्ययन गर्ने, राज्यहरूलाई आवश्यक परेको कानून मस्यौदा गर्ने,
- राज्यका कानून निर्माण सम्बन्धी अनुभवलाई प्रतिविम्वित गरी सङ्घीय प्रणालीलाई बलियो बनाउने,
- महत्त्वपूर्ण र समयसापेक्ष कानूनी मुद्दाहरूलाई सम्बोधन गरी राज्यको कानूनलाई अद्यावधिक गर्ने,
- आर्थिक विकासलाई सहज बनाउने र विदेशी संस्थाहरूलाई अमेरिकी नागरिक र व्यावसायीहरूसँग व्यवहार गर्न कानूनी प्लेटफर्म प्रदान गर्ने।

### १.३.६ भारत

भारतमा राष्ट्रपतिको स्वीकृतिमा राजपत्रमा आदेश प्रकाशन गरी तिन वर्षको लागि विधि आयोग गठन हुने व्यवस्था छ। एकजना पूर्णकालीन अध्यक्ष, चार पूर्णकालीन सदस्यहरू (एक सदस्य-सचिव सहित), विधि कार्य विभागको सचिव पदेन सदस्य, विधि सचिव पदेन सदस्य र बढीमा पाँच आंशिक रूपमा काम गर्ने सदस्यहरू समेत रहने गरी विधि आयोग गठन गरिएको छ। सर्वोच्च अदालत वा उच्च अदालतको वहालवाला न्यायाधीश नै विधि आयोगको अध्यक्षमा नियुक्त गरिने, आयोगमा निजको पदावधि सकिने मिति वा अदालतमा निजको अवकाश हुने मिति जुन पहिला हुन्छ, सोही मितिबाट आयोगबाट अवकाश हुने व्यवस्था गरिएको छ। बहालवाला पूर्णकालीन अध्यक्ष वा सदस्यको हकमा निजको सेवा सर्त सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिमका सेवाका सर्तहरू समेत लागू हुन्छन्। आंशिक सदस्यहरूले

आयोगलाई तोकिएको काम कर्तव्य निर्वाह गर्नुपर्ने हुन्छ। भारतको विधि आयोगलाई देहायका कामहरू सुम्पिएको छः-

- अभ्यासमा नरहेका, आवश्यक नभएका, आर्थिक उदारीकरणसँग सामञ्जस्यता नहुने व्यवस्था तथा संशोधन र परिवर्तन गर्नुपर्ने कानूनको पहिचान गर्ने,
- कानूनप्रति नागरिकको गुनासो सम्बोधनको लागि सुझाव दिने,
- गरिबीसँग सम्बन्धित आर्थिक सामाजिक कानूनको समीक्षा गर्ने,
- न्याय प्रणालीलाई छिटो-छरितो, पहुँचयोग्य बनाउन ढिलासुस्ती हटाउने सम्बन्धमा र समस्त न्याय प्रशासनको सुधारका सम्बन्धमा समीक्षा गर्ने,
- राज्यका नीति अनुरूप कानूनहरू निर्माण भए नभएको परीक्षण गर्ने र आवश्यक परेको अवस्थामा सुझाव दिने,
- लैङ्गिक समानता सम्बन्धी प्रचलित कानूनको जाँच गरी आवश्यक सुझाव दिने,
- सार्वजनिक महत्वका सङ्घीय कानूनमा रहेका असङ्गति र असमानता हटाउने,
- अभ्यासमा नरहेका कानूनहरू खारेज गर्न सिफारिस गर्ने,
- कानून मन्त्रालयले पठाएको न्याय प्रशासन सम्बन्धमा सरकारलाई राय दिने,
- अनुसन्धानको लागि विदेशबाट प्राप्त विषयमा अनुसन्धान गर्ने,
- खाद्य सुरक्षा, बेरोजगारीको प्रभाव अध्ययन गर्ने र जोखिममा रहेका समुदायको हितको रक्षाको लागि सिफारिस गर्ने,
- स्वदेश र विदेशका ख्यातिप्राप्त विश्वविद्यालय र विद्यालयसँग साझेदारीमा विभिन्न अनुसन्धान गर्ने,
- इन्टर्नसिप कार्यक्रम सञ्चालन गर्ने।

आयोगको प्रतिवेदन संसदको दुबै सदनमा प्रस्तुत गरिन्छ। हालसम्म भारतको विधि आयोगले २८९ वटा रिपोर्ट प्रस्तुत गरिसकेको छ।[१७] अध्ययन अनुसन्धानका लागि आयोगमा पठाएका परियोजनामा आयोगले परामर्शदाता नियुक्त गर्नसक्छ। आयोगका लागि आवश्यक पर्ने बजेट सङ्घीय संसदको स्वीकृतिमा सरकारले व्यवस्था गर्नेछ।

## १.४ नेपाल कानून आयोगको गठन र सङ्गठनात्मक संरचना

### १.४.१ आयोगको गठन

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरवलोकन गर्ने, कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले *नेपाल कानून आयोग ऐन, २०६३* को दफा ४ को उपदफा (१) मा आयोगको गठन देहायबमोजिम हुने व्यवस्था छः-

(क) सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू

---

१७ https://lawcommissionofindia.nic.in/https-cdnbbsr-s3waas-gov-in-s3ca0daec69b5adc880fb464895726dbdf-uploads-2023-06-2023060150-pdf/

मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -उपाध्यक्ष

(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तिनजना -सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(छ) सचिव, नेपाल कानून आयोग - सदस्य-सचिव

### १.४.२ आयोगमा कार्यरत पदाधिकारीहरू

आयोगमा हाल देहाय बमोजिमका पदाधिकारीहरू कार्यरत हुनुहुन्छः-

(क) श्री जागेश्वर सुवेदी -अध्यक्ष

(ख) प्रा.डा. लक्ष्मीप्रसाद मैनाली - उपाध्यक्ष

(ग) श्री फणीन्द्र गौतम[१८], सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) श्री लीला देवी गडतौला (निरौला)[१९], सचिव (कानून),

---

[१८] श्री धनराज ज्ञवाली मिति २०८०।०४।०५ सम्म, त्यस उप्रान्त मिति २०८०।०४।१७ देखि मिति २०८०।१२।११ सम्म श्री उदयराज सापकोटा र सो उप्रान्त श्री फणीन्द्र गौतम कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव रही आयोगको सदस्य रहनुभएको।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) डा. टेक बहादुर घिमिरे[२०], नायव महान्यायाधिवक्ता,

महान्यायाधिवक्ताको कार्यालय - सदस्य

(च) श्री तोयानाथ अधिकारी[२१], सचिव,

नेपाल कानून आयोग - सदस्य-सचिव

*नेपाल कानून आयोग ऐन, २०६३* को दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिम रिक्त पदमा सदस्यहरूको मनोनयन गरिएको छैन। वि.सं. २०१० देखि हालसम्मका आयोगका अध्यक्षहरूको नामावली अनुसूची-१ मा र वि.सं. २०६० देखि हालसम्मका उपाध्यक्षहरूको नामावली अनुसूची-२ मा राखिएको छ।

### १.४.३ आयोगको सङ्गठनात्मक संरचना

आयोगबाट हुने काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन्। आयोगमा हालको सङ्गठन संरचना अनुसार नेपाल न्याय सेवा, नेपाल प्रशासन सेवा र विविध सेवाका गरी ३३ जना कर्मचारीहरूको स्वीकृत दरबन्दी रहेको छ। आयोगको सङ्गठनात्मक संरचना अनुसूची-३ मा राखिएको छ।

---

[१९] श्री लीला देवी गडतौला (निरौला) मिति २०८०।०५।२५ देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा हुनु भएको।

[२०] श्री विश्वराज कोइराला मिति २०८१।०१।१४ सम्म र मिति २०८१।०१।१८ देखि डा. टेक बहादुर घिमिरे नायव महान्यायाधिवक्ता रही आयोगको सदस्य रहनु भएको।

[२१] मिति २०८०।०५।२५ देखि श्री तोयानाथ अधिकारी आयोगको सचिवमा वहाली भई सदस्य-सचिव रहनु भएको।

## १.५ आयोगको काम, कर्तव्य र अधिकार

आयोगले मूलतः कानूनको तर्जुमा, संहिताकरण, प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरवलोकन तथा कानून र न्यायसम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने जिम्मेवारी पाएको छ। *नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) नयाँ कानून बनाउने, विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्यायसम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेस गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण, पुनरवलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेस गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन, पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मस्यौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरवलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय, संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने, सो सम्बन्धमा सम्बन्धित निकाय, संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मस्यौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

(झ) कानून निर्माण प्रकृयामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव सङ्कलन गर्ने,

(ञ) कानूनको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मस्यौदा पेस गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

*नेपाल कानून आयोग ऐन, २०६३* को दफा २१ मा कानून तर्जुमा सम्बन्धी काममा आवश्यकता अनुसार आयोगलाई संलग्न गराउन सकिने व्यवस्था छ। सो ऐनको दफा २२ बमोजिम आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आयोगको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

## १.६ उपलब्ध साधन स्रोत

हाल आयोगमा उपलब्ध रहेको साधन स्रोतको अवस्था देहायबमोजिम रहेको छः-

### १.६.१ मानव स्रोत

सङ्गठनको उद्देश्य हासिल गर्ने प्रमुख स्रोतको रूपमा मानव स्रोत रहेको हुन्छ। मानव स्रोतको अभावमा कुनै पनि सङ्गठनले अपेक्षित सफलता हासिल गर्न सक्दैन। आयोगमा ३३ जना कर्मचारीको स्वीकृत दरबन्दी रहेको छ। स्वीकृत दरबन्दी बाहेक अध्यक्षको कानून बमोजिम प्राप्त हुने सुविधा अन्तर्गत हलुका सवारी चालक एक जना करारमा राखिएको छ। आयोगको कर्मचारीको स्वीकृत दरबन्दी विवरण अनुसूची-४ मा र सोही

दरबन्दी अनुरूप प्रतिवेदन अवधिमा आयोगमा कार्यरत कर्मचारीको नामावली अनुसूची-५ मा राखिएको छ।

### १.६.२ भौतिक स्रोत साधन

#### (क) आयोगको भवन

नियमित र व्यवस्थित रूपमा कार्यालय सञ्चालनमा उपयुक्त भौतिक पूर्वाधारले समेत महत्वपूर्ण भूमिका खेल्नुका साथै कार्य वातावरण समेत सृजना गर्छ। हालसम्म नेपाल कानून आयोगको आफ्नो स्वामित्वमा जग्गा र भवन नभएकोले घर भाडामा लिई आयोगको कामकारबाही सञ्चालन भईरहेको छ। वि.सं. २०७२ अघि आयोग सिंहदरबार परिसरभित्र हालको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको भवनमा रहेको थियो। वि.सं. २०७२ साल बैशाख १२ गते आएको महाभूकम्प पश्चात् आयोगले काठमाडौंको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिको परिसरभित्र रहेको सो समितिको प्रि-फ्याव टहराहरू भाडामा लिई कार्यालय सञ्चालन गर्दै आइरहेको छ। आयोगमा रहेको भौतिक तथा सवारी साधनहरूको विवरण अनुसूची-६ मा राखिएको छ।

#### (ख) पुस्तकालय

पुस्तकालयलाई ज्ञान आर्जनको स्रोतको रूपमा लिइन्छ। वि.सं. २०३६ सालदेखि आयोगमा पुस्तकालय रहेको छ। आयोगको पुस्तकालयमा हरेक क्षेत्रलाई समेट्ने पुस्तकहरू राख्न हरसम्भव प्रयास गरिएको छ। आयोगलाई आवश्यक पर्ने र कानूनको अध्ययन, अनुसन्धान गर्ने व्यक्ति वा सङ्घ संस्थालाई आवश्यक पर्ने अध्ययन सामग्री सहित हाल पुस्तकालयमा आयोगले खरिद गरेका, विभिन्न व्यक्ति, सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका विभिन्न

विषयसँग सम्बन्धित ५,४८६ को संख्यामा पुस्तकहरू रहेका छन्। उपयुक्त स्थानको अभावमा पुस्तकालय व्यवस्थित गर्न सकिएको छैन।

### १.६.३ आयोगको वित्तीय स्थिति

नेपाल सरकारको वित्तीय स्रोतबाट आयोगले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। आयोगको सम्पूर्ण कार्यक्रम सञ्चालनको लागि आर्थिक रूपले नेपाल सरकारबाट प्राप्त हुने स्रोतमा नै पूर्ण रूपमा भर पर्नु पर्ने अवस्था रहेको छ।

आर्थिक वर्ष २०८०/८१ मा आयोगका लागि बजेट उपशीर्षक नं. ३११२१०११३ (चालु खर्च) अन्तर्गत रू. ४,७१,३०,०००।– (चार करोड एकहत्तर लाख तीस हजार) र बजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रू. १२,००,०००।- (बाह्र लाख) वार्षिक बजेट प्राप्त भएको थियो। आयोगको वित्तीय प्रगतिको संक्षिप्त झलक देहाय बमोजिम रहेको छः-

| बजेट उप शीर्षक | बजेट शीर्षक | विनियोजित वार्षिक बजेट (रू.) | कूल खर्च (रू.) | कूल वित्तीय प्रगति |
|---|---|---|---|---|
| ३११०११३ | चालु | ४,७१,३०,०००।- | ३,७३,४०,३५४.७२ | ७९.२३% |
| ३११०११४ | पूँजीगत | १२,००,०००।- | ८,६९,२१८।- | ७२.४३% |

आयोगको आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगतिको विस्तृत विवरण अनुसूची-७ मा राखिएको छ।

## १.७ वार्षिक प्रतिवेदनको संरचना

*नेपाल कानून आयोग ऐन, २०६३* को दफा २२ बमोजिम आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आयोगको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। सोही प्रयोजनका लागि आर्थिक वर्ष

२०८०/८१ मा आयोगबाट सम्पादित काम कारबाहीको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा समावेश भएका विषयवस्तु देहाय बमोजिम रहेका छन्:-

- परिच्छेद-एक **परिचय** शीर्षकमा पृष्ठभूमि, नेपाल कानून आयोगको विकासक्रम, विभिन्न विदेशी राष्ट्रहरूको कानून आयोग सम्बन्धी कानूनी व्यवस्था, नेपाल कानून आयोगको गठन र सङ्गठनात्मक संरचना सम्बन्धी विवरण राखिएको छ।
- परिच्छेद-दुई **कानून सुधारमा नेपाल कानून आयोगको भूमिका** शीर्षकमा कानूनको मस्यौदा तर्जुमा, कानूनको पुनरवलोकन, कानून निर्माणमा एकरूपता, कानूनको संशोधनका लागि नेपाल सरकारलाई सुझाव, कानूनको विद्युतीय अभिलेख, सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन र विधेयक मस्यौदा गर्दा विकास गरेको अभ्यास लगायतका भूमिका प्रस्तुत गरिएको छ।
- परिच्छेद-तिन **आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम र कार्यप्रगति** शीर्षकमा आयोगको वार्षिक कार्यक्रम र सम्पादित कार्यहरू समावेश गरिएका छन्।
- परिच्छेद-चार **सुझाव तथा सिफारिस** शीर्षकमा कानून निर्माण, अध्ययन अनुसन्धान, कानूनी सचेतना तथा साक्षरता, प्रविधि मैत्री आयोग तथा जनशक्ति विकास लगायतका विषयहरूमा कार्यान्वयनको लागि सिफारिस तथा सुझावहरू पेस गरिएका छन्।
- परिच्छेद-पाँचमा **अवसर र चुनौती** शीर्षकमा नेपाल कानून आयोग सामु रहेका अवसर र चुनौतीहरू सम्बन्धी विषयहरू प्रस्तुत गरिएका छन्।
- परिच्छेद-छमा **नेपाल कानून आयोगको भूमिका प्रभावकारी बनाउने उपाय** शीर्षकमा आयोगलाई बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्ने, ऐनको मस्यौदा एकद्वार प्रणालीबाट गर्ने, आधुनिक स्तरको पुस्तकालय निर्माण गर्ने, पर्याप्त स्रोत साधनको व्यवस्था, भौतिक पूर्वाधारको व्यवस्था,

जनशक्ति व्यवस्थापन, वृत्ति विकास र व्यावसायिकताको विकास गर्ने समेतका उपायहरू समावेश गरिएका छन्।

# परिच्छेद-दुई

## कानून सुधारमा नेपाल कानून आयोगको भूमिका

### २.१ आयोगको भूमिका

नयाँ कानून निर्माण वा विद्यमान कानूनमा सुधारका लागि अध्ययन तथा अनुसन्धान महत्वपूर्ण हुन्छ। नयाँ कानूनको निर्माण वा विद्यमान कानूनमा सुधारका लागि अध्ययन तथा अनुसन्धानमा नेपाल कानून आयोगको महत्वपूर्ण भूमिका रही आएको छ। कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनमा संशोधन, एकीकरण र पुनरवलोकन गर्न तथा कानून र न्यायसम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने कार्य समेत सम्पादन गर्नका लागि *नेपाल कानून आयोग ऐन,२०६३* बमोजिम नेपाल कानून आयोगको स्थापना भएको हो। कानून सुधारमा आयोगको भूमिकालाई संक्षिप्त रूपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

#### २.१.१ कानूनको मस्यौदा तर्जुमा

आयोगले आवश्यक र उपयुक्त देखेको वा नेपाल सरकारको कुनै मन्त्रालयको अनुरोधमा कुनै विषयमा नयाँ कानूनको मस्यौदा तर्जुमा गर्ने कार्य गर्छ। आयोगले कानूनको मस्यौदा तर्जुमा गर्दा संविधान, अन्तर्राष्ट्रिय दायित्व, मापदण्ड र अन्य देशका सर्वोत्तम अभ्यास, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतलाई दृष्टिगत गरी सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने गर्छ। नेपालको समसामयिक परिस्थिति र सन्दर्भ अनुकूल हुने गरी आयोगले कानूनको नयाँ वा संशोधन मस्यौदा तर्जुमा गर्छ। आयोगले मस्यौदा तर्जुमा गर्ने क्रममा सम्बन्धित मन्त्रालयका प्रतिनिधि समेत राखी सरोकारवालाको परामर्श र पृष्ठपोषण समेत लिई तयार गर्दै आएको छ। त्यसरी तयार गरेको मस्यौदालाई नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्ने गर्दछ।

### २.१.२ कानूनको पुनरवलोकन

*नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० बमोजिम आयोगलाई कानूनको पुनरवलोकन गरी कानून संशोधन वा एकीकरण गर्न जिम्मेवारी सुम्पिएको छ। आयोगले प्रचलित कानूनको सुधार र परिमार्जन गर्न प्रचलित कानूनमा संशोधन गर्नुपर्ने देखिएमा संशोधन मस्यौदा तर्जुमा गरी सिफारिस सहित नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्ने गर्छ। त्यसैगरी आयोगले निष्कृय रहेका र हाल व्यवहारिक रूपमा प्रचलनमा नरहेका कानूनहरूको पहिचान गरी खारेज गर्न नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन मार्फत सिफारिस गर्दै आइरहेको छ।

### २.१.३ कानून निर्माणमा एकरूपता

*नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४* बमोजिम सङ्घीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति प्रदान गर्ने जिम्मेवारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई तोकिएको छ। सो नियमावली बमोजिम आफ्नो कार्यक्षेत्र भित्रका विषयमा नेपाल सरकारका विभिन्न मन्त्रालय वा अन्य निकायबाट पनि कानूनको प्रारम्भिक मस्यौदा हुने गरेको छ।

कानूनको मस्यौदा विभिन्न मन्त्रालयहरूले तर्जुमा गर्दा मस्यौदामा एकरूपता नहुनुको साथै मस्यौदामा प्रयुक्त हुने भाषाशैली र ढाँचा समेत फरक-फरक हुनसक्ने भई कानूनको व्याख्या र कार्यान्वयनमा असहजता हुन सक्छ। कानून तर्जुमा कार्यमा एकरूपता कायम गर्न आयोगले कानून तर्जुमा दिग्दर्शन तयार गरी प्रकाशन गरी वेबसाइटमा समेत राखेको छ।

कानून निर्माण, कानून कार्यान्वयन वा कानूनको व्याख्या गर्दा कानूनका आधारभूत मूल्य, मान्यता र सिद्धान्तलाई आधार लिनुपर्ने हुन्छ। कानूनको निर्माण र व्याख्या गर्ने क्रममा कानूनी सूक्ति समेतलाई आधार लिइने हुँदा मस्यौदाकारलाई त्यसको जानकारी हुन आवश्यक हुन्छ। हाम्रो सन्दर्भमा

कानूनी सूक्तिलाई कानून निर्माण गर्ने क्रममा वा कानूनको व्याख्याको सन्दर्भमा अदालतको फैसलामा उल्लेख गरिएका प्रशस्तै दृष्टान्तहरू पाउन सकिन्छ। कानूनी सूक्तिहरू न्यायाधीश, कानून व्यवसायी, कानूनका प्राध्यापक, कानून तर्जुमामा संलग्न व्यक्तिहरू, कानूनका विद्यार्थी, अनुसन्धानकर्ता लगायत कानूनमा रुची राख्ने सबैका लागि उपयोगी हुने भएकोले आयोगले ल्याटिन भाषाका कानूनी सूक्तिहरू सङ्कलन गरी उक्त सूक्तिहरूको अर्थ समेत खुल्ने गरी अंग्रेजी र नेपाली भाषामा पुस्तक तयार गरी प्रकाशन गरी वेबसाइटमा समेत राखेको छ।

### २.१.४ कानून संशोधनका लागि नेपाल सरकारलाई सुझाव

आयोगले कानून तथा न्यायको क्षेत्रमा कुनै विषयमा अध्ययन, अनुसन्धान र पुनरवलोकन गरी विद्यमान कानूनमा संशोधन गर्नुपर्ने देखिएमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने गर्दछ।

### २.१.५ कानूनको विद्युतीय अभिलेख

आयोगले प्रचलित नेपाल कानून, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरू, खारेज भइसकेका नेपाल कानून र कानून सम्बन्धी महत्वपूर्ण ऐतिहासिक सामग्रीहरूको अभिलेख राखी सबैले उपयोग गर्न सक्ने गरी वेबसाइट www.lawcommission.gov.np मा राख्दै आएको छ। साथै आयोगले केही नेपाल कानूनलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी वेबसाइटमा राख्दै आएको छ। साथै Android तथा IOS Platform बाट समेत उपयोग गर्न सकिने गरी "Kanun Ayog" नामको आयोगको छुट्टै मोबाइल एप्स (Mobile Apps.) सञ्चालन गरी विद्यमान कानूनहरू सर्वसाधारणलाई उपलब्ध गराउँदै आइरहेको छ।

### २.१.६ सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया

आयोगले कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरवलोकन, सुधार सम्बन्धी विषयमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने कार्य गर्दछ।

### २.१.७ सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन

आयोगले सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन गर्ने र सो अनुरूप भएको नदेखिएमा सो अनुरूप हुने गरी कानून तर्जुमा, खारेज तथा पुनरवलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेस गर्ने गरेको छ।

## २.२ आयोगले विधेयक मस्यौदा गर्दा अवलम्बन गरेको विधि र अभ्यास

नेपाल कानून आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरवलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्यायसम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मस्यौदा तर्जुमा गर्ने गर्छ। त्यसरी मस्यौदा गर्नुपूर्व आयोगले मस्यौदा गर्नुपर्ने विषयहरूमा अवधारणापत्र तयार गरी मस्यौदा समिति गठन गरी मस्यौदा तर्जुमा गर्ने अभ्यास रहेको छ। मस्यौदा समितिमा आयोगका पदाधिकारी, नेपाल सरकारका उच्च अधिकृत, कर्मचारी लगायत सम्बन्धित विषय विज्ञहरूलाई संलग्न गराउने गरिएको छ। नेपालको संविधान, नेपालले बहन गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्व, विभिन्न कानून प्रणाली अपनाउने राष्ट्रले अवलम्बन गरेका सर्वोत्तम अभ्यासहरू, सर्वोच्च अदालतका आदेश, फैसला तथा प्रतिपादित सिद्धान्त, सरोकारवाला र विज्ञहरूको राय सल्लाह तथा सुझाव समेतका आधारमा प्रारम्भिक मस्यौदा तयार गरिन्छ। त्यसरी तयार गरिएको प्रारम्भिक मस्यौदा उपर नेपाल सरकारका सम्बन्धित मन्त्रालयका प्रतिनिधिहरू, जनप्रतिनिधिहरू, नागरिक समाज र विज्ञहरूसँगको सहभागितामा आवश्यकता अनुसार अन्तरक्रिया गरी राय सुझाव सङ्कलन गर्ने गरिन्छ। उपयुक्त राय सुझावलाई कार्यदलले विधेयकको मस्यौदामा आवश्यकता अनुसार समावेश गरी परिमार्जित

मस्यौदा तयार गरी आयोगको सदस्य-सचिव समक्ष पेस गर्ने र त्यसरी पेस गरेको मस्यौदालाई सदस्य-सचिवले आयोगको बैठकमा पेस गर्ने अभ्यास रहेको छ। आयोगको बैठकले उक्त मस्यौदालाई आवश्यकता अनुसार परिमार्जन सहित पारित गरे पश्चात् सो मस्यौदा सम्बन्धित मन्त्रालयमा पठाउने गरिएको छ।

आयोगले थालनी गरेको यस प्रकारको अभ्यासबाट विधेयकको मस्यौदामा विभिन्न सरोकारवाला समूह वा व्यक्तिहरूको राय सल्लाह र पृष्ठपोषण प्राप्त हुने, विधेयकको मस्यौदा तयार गर्ने काम पारदर्शी हुने भएकोले त्यसरी निर्माण हुने कानूनप्रति नागरिकले आफ्नो अपनत्व महसुस गर्ने भई कानून कार्यान्वयनमा सहजता हुने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद-तिन

## आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम र कार्यप्रगति

### ३.१ आयोगको वार्षिक कार्यक्रम

आयोगले सम्पादन गर्ने प्रमुख कार्यहरूमध्ये कानूनको मस्यौदा गर्ने कार्य एक हो। कानूनको मस्यौदा तर्जुमा गर्दा आयोगले आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला व्यक्ति, निकाय वा विज्ञहरूको सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरेको छ। त्यसैगरी आयोगले कार्यान्वयनमा रहेका कानूनको बारेमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले कानूनी सचेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको छ।

मुलुकको कानून प्रणालीलाई सुदृढ तथा परिस्कृत बनाउन अध्ययन र अनुसन्धानको महत्वपूर्ण भूमिका हुने भएकोले आयोगले नयाँ कानूनको आवश्यकता पहिचान तथा प्रचलित कानूनको पुनरवलोकन गर्ने सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने, कानूनको संशोधन तथा एकीकरण लगायतका विषयमा अध्ययन प्रतिवेदन तयार गर्ने, सर्वोच्च अदालतका फैसला, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको दायित्वको कार्यान्वयन सम्बन्धी विषयमा अध्ययन गर्ने, विधिशास्त्रीय नवीनतम अवधारणाका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने कार्य गर्दै आएको छ। न्याय प्रशासनमा सूचना तथा प्रविधिको प्रयोग र पहुँचमा अभिवृद्धि गर्ने उद्देश्यले नेपालको मौजुदा कानूनहरू, नीतिहरू, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरू, खारेज भएका कानूनहरू र केही नेपाल कानूनहरूको अङ्ग्रेजी भाषामा अनुवाद तथा केही अन्तर्राष्ट्रिय सन्धिहरूको नेपाली अनुवाद गरी वेबसाइट तथा मोबाइल एप्समा राखी वेबसाइट तथा मोबाइल एप्सको व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको छ।

आयोगले सम्पादन गर्ने कार्यहरू स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेट बमोजिम सञ्चालन हुँदै आएका छन्। आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम देहायबमोजिम रहेको छः-

| क्र.स. | कार्यक्रम शीर्षक | लक्ष्य |
|---|---|---|
| १. | विधेयक तर्जुमा | ४ |
| २. | विभिन्न कानूनको अध्ययन अनुसन्धान गर्ने वा गराउने | ५ |
| ३. | प्रशिक्षार्थी सेवा लिने | १० |
| ४. | अवधारणापत्र तयार गर्ने | ११ |
| ५. | वेबसाईट व्यवस्थापन | १ |
| ६. | अन्तर्क्रिया तथा गोष्ठी | १ |
| ७. | आयोगको एप्स अद्यावधिक र स्तरोन्नति | २ |
| ८. | कानूनको खारेजी, परिमार्जन, संशोधन र एकीकरण गर्ने सम्बन्धमा अध्ययन | ५ |
| ९. | कानूनी शब्दकोष निर्माण | १ |
| १०. | कर्मचारीको क्षमता अभिवृद्धि | आवश्यक संख्यामा |

आयोगको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम र प्रगतिको विवरण अनुसूची-८ मा राखिएको छ।

## ३.२ आर्थिक वर्ष २०८०/८१ मा सम्पादित कार्यहरू

### ३.२.१ आयोगबाट तर्जुमा गरिएका कानून मस्यौदा

आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रममा आयोगले चारवटा विधेयकहरू मस्यौदा गर्ने लक्ष्य लिएकोमा सोही लक्ष्यबमोजिम विधेयकहरूको मस्यौदा तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाएको छ। त्यसैगरी राष्ट्रिय योजना आयोगको अनुरोधमा आयोगले *अनुगमन तथा मूल्याङ्कन नियमावली, २०८१* को मस्यौदा  तर्जुमा गरी सो आयोगमा पठाएको छ। आर्थिक वर्ष २०८०/८१ मा आयोगले तयार गरी सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकहरूको पूर्ण पाठ अनुसूची-९ मा राखिएको छ। यस आर्थिक वर्षमा मस्यौदा गरिएका कानूनको सङ्क्षिप्त विवरण देहाय बमोजिम रहेको छः-

**(क) औषधी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७९।०८।२१ गतेको पत्रबाट औषधी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धी विधेयकको मस्यौदा तर्जुमाको लागि अनुरोध भइआएको थियो। सोबमोजिम आयोगले *औषधी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक*को मस्यौदा तयार गरी मिति २०८०।१२।१८ मा सो मन्त्रालयमा पठाएको छ।

उल्लिखित विधेयकको मस्यौदामा औषधी तथा सौन्दर्य प्रसाधनको सुरक्षा, प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्न, त्यस्ता औषधी तथा सौन्दर्य प्रसाधनको उत्पादन, आयात-निर्यात, बिक्री-वितरण, नैदानिक परीक्षण समेतका लागि अनुमतिपत्र लिनुपर्ने व्यवस्था गर्न, सोको समुचित प्रयोग, सहज उपलब्धता, उत्तम अभ्यासको पालना, मानदण्ड र मूल्य निर्धारण प्रकृयालाई उत्तरदायी र पारदर्शी बनाउन नियमन, निरीक्षण र प्रशासन लगायतका व्यवस्थाहरू समावेश गरिएको छ।

**(ख) स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०७९।१०।१६ गतेको पत्रबाट विभिन्न मुलुकका अभ्यास तथा नेपालको आवश्यकताको अध्ययन तथा विश्लेषण गरी स्वार्थ बाझिने अवस्था (Conflict of Interest) निवारण सम्बन्धी विधेयकको अवधारणापत्र र मस्यौदा तयार गरी उपलब्ध गराइ दिनुहुन भनी अनुरोध भइआएको थियो। सोबमोजिम आयोगले *स्वार्थको द्वन्द्व व्यवस्थापन सम्बन्धी विधेयक*को मस्यौदा तयार गरी मिति २०८०।११।०४ मा सो मन्त्रालयमा पठाएको छ।

उल्लिखित विधेयकको मस्यौदामा सार्वजनिक पदाधिकारीको कार्यसम्पादन तथा जिम्मेवारी वहनलाई निष्पक्ष, जवाफदेही र विश्वसनीय बनाउन तथा सदाचार र सुशासन प्रवर्धन गर्न विभिन्न कानूनी व्यवस्थाहरू समावेश गरिएको छ। सो विधेयकको मस्यौदामा समावेश गरिएका मुख्य विषयहरूमा स्वार्थको द्वन्द्वका सम्बन्धमा सार्वजनिक पदाधिकारीको जिम्मेवारी, त्यस्ता पदाधिकारीहरूले गर्न नहुने कार्यहरू, स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा सार्वजनिक निकाय, कर्मचारी र पदाधिकारीको दायित्व, स्वार्थको द्वन्द्व सम्बन्धी उजुरी र त्यसको व्यवस्थापन, स्वार्थका द्वन्द्व निवारणको लागि अभिलेख लगायतका व्यवस्थाहरू रहेका छन्।

**(ग) भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक**

स्वार्थको द्वन्द्व व्यवस्थापन सम्बन्धी विधेयकको मस्यौदा तयार गर्दा स्वार्थको द्वन्द्व हुने केही विषयहरू भ्रष्टाचारको कसूर अन्तर्गत पर्ने देखिएको छ। तसर्थ त्यस्ता भ्रष्टाचारको कसूरका विषयहरू समावेश गरी *भ्रष्टाचार निवारण ऐन, २०५९* लाई संशोधन गर्न आवश्यक देखिएकोले *भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०८०* विधेयकको मस्यौदा तयार गरी मिति २०८०।११।०४ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको छ।

**(घ) राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८०।०१।२९ को पत्रबाट राष्ट्रिय सतर्कता केन्द्र सञ्चालन सम्बन्धी विधेयक तर्जुमा गर्नका लागि अनुरोध भइआएको थियो। सोबमोजिमम आयोगले *राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक* तयार गरी मिति २०८०।१२।१८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको छ।

उल्लिखित विधेयक मस्यौदामा सार्वजनिक निकाय र सार्वजनिक पदमा आसीन व्यक्तिले आफ्नो अधिकार र जिम्मेवारी अन्तर्गतका काम कारबाही सम्पादन गर्दा अनुचित कार्य र अनियमितता हुन नदिन आवश्यक सूचना सङ्कलन, आकस्मिक जाँच निगरानी एवम् अनुगमन गर्न र आयोजनाको विकास, निर्माण र सञ्चालन सम्बन्धमा गुणस्तर परीक्षण र अनुगमन गरी निर्धारित समयमा गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्ने र निर्माण कार्यमा प्रभावकारिताका कायम गर्नका लागि राष्ट्रिय सतर्कता केन्द्रको स्थापना र सञ्चालन सम्बन्धमा आवश्यक र समायानुकूल व्यवस्थाहरू समावेश गरिएको छ।

उल्लिखित विधेयकमा समावेश गरिएका मुख्य विषयहरूमा अनुचित कार्यको परिभाषा, अनुचित कार्य गर्न निषेध, अनुचित कार्यका सम्बन्धमा सूचना सङ्कलन, उजुरी र सोको छानबिन, विभागीय सजाय, आयोजना विकास-निर्माण कार्यको प्राविधिक परीक्षण, राष्ट्रिय सतर्कता केन्द्रको स्थापना, काम, कर्तव्य र अधिकार, राष्ट्रिय सतर्कता परिषद्को गठन र काम,कर्तव्य र अधिकार, निरीक्षण र अनुगमन लगायतका व्यवस्थाहरू रहेका छन्।

### (ङ) अनुगमन तथा मूल्याङ्कन नियमावली, २०८१

राष्ट्रिय योजना आयोगको मिति २०८१।०१।२८ को पत्र बमोजिम *अनुगमन तथा मूल्याङ्कन ऐन, २०८०* को दफा ३५ बमोजिम नेपाल सरकारले आवश्यक नियम बनाउनु पर्ने भएको हुँदा अनुगमन तथा मूल्याङ्कन नियमावलीको मस्यौदा तर्जुमा गर्नका लागि अनुरोध भइआएको थियो। सोबमोजिमम *अनुगमन तथा मूल्याङ्कन नियमावली, २०८१* को मस्यौदा तयार गरी मिति २०८१।०३।१२ मा सो आयोगमा पठाइएको छ।

### (च) कम्पनी सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८०।१०।१० को पत्रबाट कम्पनी कानूनको क्षेत्रमा हाल विकास भईरहेका विषयहरू समेटेर नयाँ कम्पनी ऐनको विधेयकको मस्यौदा तर्जुमा गर्नका लागि अनुरोध भइआएको थियो। सोबमोजिमम विधेयकको प्रारम्भिक मस्यौदा तयार भएको छ।

## ३.२.२ छलफल तथा अन्तरक्रिया

आयोगबाट तर्जुमा गरिएको *राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक*को प्रारम्भिक मस्यौदाउपर राय सुझावका लागि मिति २०८०।०९।२९ गते साप फल्चा, बबरमहल, काठमाडौंमा आयोगका अध्यक्ष श्री जागेश्वर सुवेदीको अध्यक्षतामा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो।

उल्लिखित कार्यक्रममा आयोगका उपाध्यक्ष प्रा. डा. लक्ष्मीप्रसाद मैनाली, सचिव श्री तोयानाथ अधिकारी र राष्ट्रिय सतर्कता केन्द्रका सचिव श्री राम आधार साह समेतको आतिथ्यता रहेको थियो। कार्यक्रममा आयोगका सहसचिव श्री पाराश्वर ढुङ्गानाले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै

स्वागत मन्तव्यसहित विधेयक मस्यौदाको प्रस्तुति गर्नुभएको थियो। सो कार्यक्रममा नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, संवैधानिक निकायहरू, सर्वोच्च अदालत, प्रहरी प्रधान कार्यालयका प्रतिनिधि, विषय विज्ञहरू, सञ्चारकर्मीहरू लगायतका व्यक्तित्वहरूको सक्रिय सहभागिता रहेको थियो। छलफल तथा अन्तरक्रिया कार्यक्रममा प्राप्त सुझावहरू समेतलाई आवश्यकता अनुसार समावेश गरी सो विधेयकको अन्तिम मस्यौदा तयार गरिएको थियो।

### ३.२.३ विभिन्न विषयमा गरिएका अध्ययन प्रतिवेदन

नेपाल कानून आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रममा विभिन्न कानूनको अध्ययन, अनुसन्धान गर्न बजेट विनियोजन भएको थियो। सोबमोजिमम देहायका विषयहरूमा अध्ययन, अनुसन्धान गरी अध्ययन प्रतिवेदन तयार गरिएको छः-

#### (क) कैदी हस्तान्तरण सम्बन्धी कानूनी र नीतिगत व्यवस्था सम्बन्धी अध्ययन प्रतिवेदन

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको मिति २०८०।०५।१७ को पत्रबाट नेपालमा अन्तर्राष्ट्रिय कानूनी सहयोगका केही पक्षहरू जस्तै सपुर्दगी, पारस्परिक कानूनी सहायता जस्ता विषयलाई नियमन गर्न *सपुर्दगी ऐन, २०७०, पारस्परिक कानून सहायता ऐन, २०७०* रहेको भए तापनि अपराध ठहर भई कैद भुक्तान गरिरहेका कैदीबन्दीले बाँकी कैद सजाय आफ्नै देशमा भुक्तान गर्न हस्तान्तरण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्नुपर्ने आवश्यकता छ भन्ने सन्दर्भमा सजाय भोगिरहेका कैदीबन्दीको हस्तान्तरण सम्बन्धी विषयमा अध्ययन गर्न अनुरोध गरिएको थियो।

उल्लिखित विषयहरूमा अध्ययन गरी कैदी हस्तान्तरण सम्बन्धी राष्ट्रिय कानून निर्माण गर्ने, दुई पक्षीय सन्धि सम्पन्न गर्ने, विदेशी

कारागारमा कैदको सजाय भोगिरहेका नेपालीको केन्द्रीय अभिलेख तयार गर्ने र कैदी हस्तान्तरण र त्यससम्बन्धी कामकारबाही कार्यान्वयन गर्न केन्द्रीय निकायको व्यवस्था गर्ने सम्बन्धमा सुझावहरू सहितको *कैदी हस्तान्तरण सम्बन्धी कानूनी र नीतिगत व्यवस्था सम्बन्धी अध्ययन प्रतिवेदन* आयोगको मिति २०८०।१२।१८ को पत्रद्वारा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ ।

**(ख) गैर आवासीय नेपालीको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन**

गृह मन्त्रालयको मिति २०८०।१०।२१ को पत्रबाट गैर आवासीय नेपालीहरूसँग सम्बन्धित विषयहरूको आवश्यकता, औचित्य एवम् महत्व समेतलाई मध्यनजर गर्दै नयाँ कानून निर्माण हुने नीतिगत विषय रहेको हुँदा अन्तर्राष्ट्रिय अभ्यास समेत अध्ययन गरी गैर आवासीय नेपाली नागरिकलाई के कस्ता आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू प्रदान गर्ने र उक्त अधिकारहरू प्रदान गर्न के कुन कानूनमा संशोधन वा छुट्टै नयाँ कानून निर्माण गर्न उपयुक्त हुने विषयमा अध्ययन गरी प्रतिवेदन पठाउन अनुरोध भइआएको थियो। सोबमोजिम अध्ययन, अनुसन्धान गरी *गैर आवासीय नेपालीको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन* तयारी गरी मिति २०८१।०३।१४ को पत्रद्वारा गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयमा पठाइएको छ।

उल्लिखित प्रतिवेदनमा गैर आवासीय नेपाली नागरिकताको आधारमा सङ्घीय कानूनमा देखिएका क्लिष्टता हटाउन देहायका विषयमा सम्बन्धित कानूनमा संशोधन गर्नुपर्ने सुझाव दिइएको छः-

- विदेशी मुद्रामा तथा विदेशी बैङ्कमा खाता खोल्ने,

- जग्गा जमिन लगायत अचल सम्पत्ति खरिद बिक्री गर्ने सम्बन्धी व्यवस्था सरलीकरण गर्ने,
- सम्पत्ति बिक्रीबाट प्राप्त रकम प्रत्यार्वतन गर्ने व्यवस्था गर्ने,
- सवारी चालक अनुमतिपत्र, प्रवेश आज्ञा, भिसा शुल्क र सो सम्बन्धी अन्य व्यवस्था गैरआवासीय नेपाली नागरिकलाई सहज हुने कानूनी व्यवस्था गर्ने,
- गैर आवासीय नेपाली, नेपाली मूलको विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिकको परिभाषा विस्तृतीकरण गर्ने,
- कम्पनी, फर्म संस्थापना र व्यवसाय दर्ता र सञ्चालन, निजी क्षेत्रमा रोजगारी, सपुर्दगी, नागरिकता परित्याग तथा प्राप्तिको प्रक्रियाको सरलीकरण गर्ने,
- गैर आवासीय नेपालीबाट लिइने पदयात्रा शुल्क नेपाली नागरिक सरह बनाउने र
- गैर आवासीय नेपालीबाट लिइने आन्तरिक हवाई शुल्क नेपाली नागरिक सरह कायम गर्ने।

### (ग) विदेशी लगानी सम्बन्धी सर्वोच्च अदालतका फैसलाको सङ्क्षिप्त अध्ययन प्रतिवेदन

विदेशी लगानी सम्बन्धी कानूनको अध्ययन गर्ने भनी नेपाल कानून आयोगको मिति २०८०।०६।०१ मा सचिवस्तरीय निर्णय भएको थियो। सोबमोजिम *विदेशी लगानी सम्बन्धी सर्वोच्च अदालतका फैसलाको सङ्क्षिप्त अध्ययन प्रतिवेदन* तयार गरिएको छ।

उल्लिखित अध्ययन प्रतिवेदनमा नेपालमा लगानीकर्तालाई आकर्षित गर्न र लगानी मैत्री वातावरण सिर्जना गर्न सर्वोच्च अदालतले विदेशी

लगानीका सम्बन्धमा गरेका फैसलाको विवेचनात्मक अध्ययनका आधारमा देहाय बमोजिमका सुझावहरू प्रस्तुत गरिएको छः-

- वित्तीय व्यवस्थापनको समयावधिको निर्धारण गर्ने,
- जग्गा प्राप्तिको विषय र प्रक्रिया सरल र प्रभावकारी बनाउने,
- कानूनको परिवर्तनबाट पर्नसक्ने प्रभावबाट संरक्षण दिने,
- लगानीको पूर्ण संरक्षण र अनुगृहीत राष्ट्रको व्यवहार गर्ने,
- विदेशी मध्यस्थको निर्णयको कार्यान्वयनका लागि उचित कानूनी आधार तयार गर्ने,
- विकास, वातावरण र जलवायु परिवर्तन बिच सन्तुलन कायम गर्ने कानूनी आधार तयार गर्ने।

### ३.२.४ कानूनको जानकारी तथा सचेतना सम्बन्धी कार्यक्रम

नेपालमा तिन तहको शासन व्यवस्था भएको र तिनै तहले कानून बनाउने हुँदा कानूनको संख्या अत्यधिक हुनाले कार्यान्वयनमा जटिलता उत्पन्न हुन सक्दछ। तसर्थ कानून निर्माण र कानून कार्यान्वयन गर्ने निकायको संस्थागत विकासका साथै कानूनी सचेतना सम्बन्धी नीति आवश्यक देखिन्छ। कानूनी सचेतनाले कानूनी संस्कृति, कानून निर्माणमा सहभागिता र कानूनको शासनलाई प्रवर्धन गर्न सहयोग गर्दछ। यस कुरालाई मध्यनजरमा राखी कानूनको जानकारी गराउने सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न आयोगले आफ्नो वार्षिक कार्यक्रममा समावेश गर्ने गरेको छ। आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा यो शीर्षकमा रू.४२,०००।- मात्र बजेट विनियोजन भएको थियो।

उल्लिखित कार्यक्रम अन्तर्गत हलेसी तुवाचुङ नगरपालिकामा मिति २०८०।११।१६ गते स्थानीय तहका पधादिकारी तथा कर्मचारीहरूको लागि कानून तर्जुमा विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

### ३.२.५ इन्टर्नसिप कार्यक्रम सञ्चालन

इन्टर्नसिप कार्यक्रम अन्तर्गत नेपालका विभिन्न विश्वविद्यालयका कानून सङ्काय अन्तर्गतका क्याम्पस, कलेजमा स्नातक तहमा अध्ययनरत दशजना छात्रछात्राहरूलाई कानूनको सैद्धान्तिक ज्ञानका अतिरिक्त कानूनको तर्जुमा लगायतका विषयमा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीमा संलग्न गराइएको थियो। आर्थिक वर्ष २०८०/८१ मा नेशनल ल कलेज, ललितपुरबाट चार जना, नेपाल ल क्याम्पसबाट नौ जना, काठमाडौं युनिभर्सिटी स्कूल अफ ल, धुलिखेलबाट दुई जना र काठमाडौं स्कूल अफ ल, दधिकोटबाट एक जना गरी जम्मा दश जना विद्यार्थीहरू इन्टर्नसिप कार्यक्रमबाट लाभान्वित भएका छन्।

### ३.२.६ कानूनको परिमार्जन र संशोधन

नेपाल कानून आयोगले www.lawcommission.gov.np वेबसाइटमा विभिन्न संविधान, ऐन, विकास समिति (गठन) आदेश, नियम, कार्यविधि, निर्देशिका, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता लगायतका कानूनसँग सम्बन्धित ऐतिहासिक दस्तावेजहरू राख्दै आएको छ। वेबसाइटमा नयाँ तथा संशोधित संविधान, ऐन र नियमहरू नियमित रूपमा अद्यावधिक गरी राख्ने गरिएको छ।

आयोगले नेपाल ऐन, नियमावली लगायतका कानूनहरू र नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्रको आधारमा वेबसाइटमा राखी अद्यावधिक समेत गर्ने गरेको छ। आयोगको वेबसाइटमा राखिएका कानूनहरूमा केही त्रुटिहरू देखिएको हुँदा त्यस्ता त्रुटिहरू पहिचान गर्न दुईवटा कार्यटोली गठन गरी पहिचान भएका त्रुटिहरू सच्याइ पुनःअद्यावधिक गर्ने कार्य भईरहेको छ। कानून किताब व्यवस्था समितिबाट प्रकाशित कानूनका पुस्तकहरूमा र नेपाल राजपत्रमा प्रकाशित कानूनहरूमा समेत केही त्रुटिहरू देखिएकोले त्यस्ता त्रुटिहरू समावेश गरी प्रतिवेदन तयार गर्ने कार्य भईरहेको छ। यस आर्थिक

वर्षमा आयोगको वेबसाइटमा राखिएका सबै ऐनहरूमा भएको त्रुटि सच्याइ अद्यावधिक गर्ने कार्य सम्पन्न भइसकेको छ।

## ३.२.७ आयोगमा सूचना प्रविधिको प्रयोग

### (क) वेबसाइट व्यवस्थापन

आयोगले वि.सं. २०६५ सालदेखि आफ्नै वेबसाइट www.lawcommission.gov.np तयार गरी सो वेबसाइटमा संविधान, ऐन, विकास समिति (गठन) आदेश, नियम, कार्यविधि, निर्देशिका, अन्तर्राष्ट्रिय सन्धि सम्झौता लगायतका कानूनसँग सम्बन्धित ऐतिहासिक दस्तावेजहरू विद्युतीय प्रतिमा राख्दै आएको छ।

आयोगले वेबसाइटमा रहेका कानूनहरूमा विद्युतीय माध्यमबाट सर्वसाधारण तथा सेवाग्राहीहरूको सरल एवम् सहज पहुँच सुनिश्चित गर्दै आएको छ। साथै केही सङ्घीय कानूनहरूको अङ्ग्रेजी भाषामा अनुवाद गरी वेबसाइटमा राख्दै आएको छ। त्यसैगरी खारेज भएका कानूनहरू समेत वेबसाइटमा राख्ने गरिएको छ।

आयोगको वेबसाइटलाई साइबर सुरक्षा जोखिम (Cyber Threat) बाट बचाउनको लागि सुरक्षा प्रणालीलाई थप मजबुत बनाइएको छ। *सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७८* बमोजिम तयार भएको ढाँचा (Template) मा Website Migration को कार्य भईरहेको छ। सोबमोजिम आयोगले आगामी आर्थिक वर्ष २०८१।८२ मा उक्त नयाँ वेबसाइटलाई प्रयोगमा ल्याउने लक्ष्य राखेको छ। आयोगको वेबसाइटमा रहेका कानूनहरूको सङ्ख्या अनुसूची-१० मा राखिएको छ।

### (ख) इन्टरनेट र कम्प्यूटर नेटवर्क

आयोगको प्रयोजनको लागि कम खर्चिलो प्याकेज (Small Medium Enterprise (SME) Package) को इन्टरनेट खरिद गरी थप भरपर्दो बनाउनको लागि दोहोरो Failover Connection को योजना तयार गरिएको छ। त्यसको लागि आयोगले आगामी आर्थिक वर्ष २०८१/८२ मा भौतिक संरचना तयार गरी कार्य सम्पन्न गर्ने लक्ष्य राखेको छ।

नेपाल कानून आयोगको कम्प्युटर सञ्जाल (Computer Network) लाई स्तरोन्नति गर्नको लागि कम्प्युटर सञ्जाल सम्बन्धी प्राविधिक प्रतिवेदन (Computer Network Technical Assessment) तयार गरिएको छ।

### (ग) सामाजिक सञ्जाल

नेपाल कानून आयोगको काम कारबाहीबारे सर्वसाधारणलाई छिटो छरितो जानकारी दिनको लागि आयोगले दुईवटा सामाजिक सञ्जाल लिन्कडिन (Linkedin) र फेसबुक (Facebook) को पेज प्रयोगमा ल्याएको छ। उक्त पेजहरूको युनिफर्म रिर्सोस लोकेटर (URL) देहाय बमोजिम रहेका छन्:-

- Linkedin - linkedin.com/company/lawcommission.gov.np
- Facebook - facebook.com/lawcommission.gov.np

आयोगले स्वीकृत वार्षिक कार्यक्रम अनुसार एन्ड्रोइड तथा एप्पल दुबैमा उपयोग गर्न सकिने गरी Kanun Aayog नामको मोबाइल एप्स निर्माण गरी विद्यमान कानून मोबाइलबाटै हेर्न र पढ्न सकिने व्यवस्था मिलाइएको छ।

## ३.२.८ कानूनी शब्दकोश निर्माण

कानूनले निर्देशन गर्ने विषयवस्तु वा कानूनमा प्रयोग भएका शब्दको प्रयोग वस्तुपरक र निश्चिततामा आधारित हुनु पर्दछ। कानूनको शब्दमा

व्याख्याको गुन्जायस रहे तापनि कानूनमा प्रयोग भएका शब्दको प्रयोग र बुझाइमा एकरूपता कायम गर्नको लागि त्यस्ता शब्दहरूको अर्थको सन्दर्भको लागि आधिकारिक शब्दकोशको आवश्यकता पर्दछ। यसले कानून निर्माण, प्रयोग, कानूनको अध्ययन, अध्यापन, अनुसन्धान तथा व्याख्या गर्ने निकाय वा पदाधिकारीको कार्यलाई सहज तुल्याउँछ। हालसम्म नेपालमा आधिकारिक कानूनी शब्दकोश नभएको सन्दर्भलाई समेत विचार गरी आर्थिक वर्ष २०७९/८० देखि सुरु गरेको कानूनी शब्दकोशको निर्माण कार्यलाई यस आर्थिक वर्षमा निरन्तरता दिइएको छ।

### ३.२.९ कर्मचारीको क्षमता अभिवृद्धि तालिम

नेपाल कानून आयोगले गर्ने कामहरूमध्ये कानूनको मस्यौदा गर्नु एक मुख्य काम हो। कानूनको मस्यौदा एक जटिल प्राविधिक काम भएकोले यसको लागि दक्ष कर्मचारीको आवश्यकता पर्दछ। कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी दक्षता हासिल गराउन आयोगमा कार्यरत अधिकृतस्तरका कर्मचारीलाई कानून मस्यौदा सम्बन्धी प्रशिक्षणको आवश्यकता देखिएको छ।

*नेपाल कानून आयोग, २०६३* को दफा १० को खण्ड (ढ) मा "नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने" भन्ने उल्लेख भएबमोजिम आयोगले कर्मचारीलाई क्षमता अभिवृद्धि गर्नको लागि तालिम सञ्चालन गरेको छ।

आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कर्मचारीको क्षमता अभिवृद्धि तालिम शीर्षक अन्तर्गत आयोगको वैठक कक्षमा देहाय बमोजिमका दुई वटा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो:-

(क) मिति २०८०।०७।२१ देखि २०८०।०७।२३ गते सम्म "कानून तर्जुमा सिद्धान्त र प्रयोग सम्बन्धी" तिन दिवसीय प्रशिक्षण कार्यक्रम।

(ख) मिति २०८१।२।०१ देखि २०८१।०२।०४ गते सम्म "कानून तर्जुमा सिद्धान्त र प्रयोग सम्बन्धी" चार दिवसीय प्रशिक्षण कार्यक्रम।

मिति २०८०।१२।१६ को नेपाल कानून आयोग (सचिवस्तर) को निर्णयबाट कर्मचारी क्षमता अभिवृद्धि गर्ने हेतुले आयोगमा कार्यरत कर्मचारीहरूलाई सवारी चालक सम्बन्धी तालिममा सहभागी गराइएको थियो।

### ३.२.१० *नेपाल कानून आयोग ऐन,२०६३* प्रारम्भ भएदेखि आयोगले हालसम्म तर्जुमा गरेका विधेयक मस्यौदा

विगतदेखि नै नेपाल कानून आयोगले विधेयक मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेस गर्दै आएको छ। *नेपाल कानून आयोग ऐन, २०६३* प्रारम्भ भएदेखि हालसम्म आयोगले तयार गरेका विधेयक मस्यौदाको विवरण अनुसूची-११ मा राखिएको छ।

# परिच्छेद-चार

# सुझाव तथा सिफारिस

नेपालको संविधानले शक्ति पृथकीकरणको सिद्धान्तलाई स्वीकार गरी राज्यका तिन अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बिच राज्यशक्तिको पृथकीकरणको व्यवस्था गर्दै शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्त समेत अवलम्बन गरेको छ। शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम राज्यका अङ्गहरूले आ-आफ्नो काम स्वतन्त्रतापूर्वक सम्पादन गर्दछन् भन्ने मान्यता रही आएको छ। सो सिद्धान्त बमोजिम राज्यका तिनै अङ्गहरू एक अर्कोबाट स्वतन्त्र रूपमा कार्य गर्न सक्षम हुन्छन्।

लोकतान्त्रिक राज्यप्रणालीमा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनतामा निहित रहने भएकोले सरकार सदैव जनताप्रति उत्तरदायी र जवाफदेही बन्नु पर्ने विश्वव्यापी मान्यता रहेको छ। नेपालले पनि यसका लागि कानूनी राज्यको मान्यतालाई अवलम्बन गरी राज्यका कामकारबाहीलाई पारदर्शी तथा जवाफदेही बनाउन विभिन्न कानूनी व्यवस्था गर्दै आएको छ। विद्यमान कानूनी व्यवस्थाहरूमा उपयुक्त सुधारका लागि आयोगले *नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० बमोजिम नेपाल सरकार समक्ष देहाय बमोजिम सुझाव तथा सिफारिस पेस गरेको छः-

## ४.१ कानून निर्माणको क्षेत्र

नेपालको संविधान कार्यान्वयनका लागि धेरै कानूनहरू निर्माण भए तापनि केही कानूनहरू हालसम्म निर्माण हुनसकेका छैनन्। नयाँ कानून निर्माण र विद्यमान कानूनहरू संशोधन गर्नुपर्ने देखिएकोले देहायका सुझावहरू प्रस्तुत गरिएको छः-

### ४.१.१ कैदी हस्तान्तरण सम्बन्धी

नेपाल बाहिर विभिन्न देशका कारागारमा कैद सजाय भोगिरहेका नेपाली तथा नेपालको कारागारमा रहेका विदेशीहरूलाई एक अर्को देशमा हस्तान्तरण गर्ने

कानूनी व्यवस्था गर्न कानूनको निर्माण गर्न आवश्यक भएकोले कैदी हस्तान्तरण सम्बन्धी ऐन निर्माण गर्नुपर्ने देखिन्छ।

## ४.१.२ गैरआवासीय नेपालीको अधिकारसँग सम्बन्धित कानून संशोधन र परिमार्जन गर्नुपर्ने

गैरआवासीय नेपाली नागरिकताको सम्बन्धमा देहाय बमोजिमका कानूनलाई संशोधन गर्न आवश्यक देखिएको छः-

| | क्रियाकलाप/विवरण | संशोधन र परिमार्जन गर्नुपर्ने सम्बद्ध कानून |
|---|---|---|
| १. | विदेशी मुद्रामा तथा विदेशी बैङ्कमा खाता खोल्ने सम्बन्धमा | १. एकीकृत परिपत्र (१७/२०८०) विदेशी मुद्रामा खाता खोल्ने र सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाको दफा ४<br>२. *गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४* को दफा ६ |
| २. | जग्गा जमिन लगायत अचल सम्पति खरिद बिक्री गर्ने सम्बन्धमा | १. *मुलुकी देवानी संहिता, २०७४* को लिखत पारित सम्बन्धी परिच्छेदमा संशोधन गर्न आवश्यक<br>२. *भूमि सम्बन्धी ऐन, २०२१* तथा भूमि सम्बन्धी नियमहरू, २०२१<br>३. *मालपोत ऐन, २०३४* तथा मालपोत नियमावली, २०३६<br>४. *गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४* को दफा १०<br>५. जग्गा (रजिष्ट्रेशन) पारित सम्बन्धी व्यवस्था संशोधन हुन आवश्यक |
| ३. | सम्पत्ति बिक्रीबाट प्राप्त रकम | १. *विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी ऐन, २०७५* को दफा २० |

| | | |
|---|---|---|
| | प्रत्यार्वतन गर्ने सम्बन्धमा | २.एकीकृत परिपत्र (०७/२०८०) विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्थाको दफा १४<br>३. *गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४* को दफा ९ |
| ४. | सवारी चालक अनुमतिपत्र सम्बन्धमा | १. *यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०७४* को परिच्छेद-४ सवारी चालक अनुमतिपत्र वितरण र सवारी खरिद सम्बन्धी कार्यविधि<br>२. *गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४* मा सवारी अनुमतिपत्र सम्बन्धी व्यवस्था थप गर्न आवश्यक |
| ५. | प्रवेश आज्ञा, भिसा शुल्क र सो सम्बन्धी अन्य व्यवस्था सम्बन्धमा | १. *अध्यागमन नियमावली, २०५१* को नियम ३१<br>२. *गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४* को दफा ११ र *गैरआवासीय नेपाली सम्बन्धी नियमावली, २०६६* को नियम ११ |
| ६. | परिभाषा विस्तृतीकरण सम्बन्धमा | १. *गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४* को दफा २ को खण्ड (क), (ख) र (ग) |
| ७. | कम्पनी फर्म संस्थापना र व्यवसाय दर्ता र सञ्चालन सम्बन्धमा | *१. बैङ्क तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३*<br>*२. प्राइभेट फर्म रजिष्ट्रेशन सम्बन्धी नियमावली, २०३४*<br>*३. कम्पनी ऐन, २०६३*<br>४. *औद्योगिक व्यवसाय ऐन, २०७६*<br>५. *गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४* को दफा ७ |

| | | |
|---|---|---|
| ८. | निजी क्षेत्रमा रोजगारी सम्बन्धमा | १. *श्रम ऐन, २०७४* |
| ९. | सपुर्दगी सम्बन्धमा | १. *सपुर्दगी ऐन, २०७०* |
| १०. | परित्याग तथा प्राप्तिको प्रक्रियालाई सरलीकरण गर्नुपर्ने सम्बन्धमा | १. *नेपाल नागरिकता ऐन, २०६३* को दफा ७क. र दफा ११<br>२. *नेपाल नागरिकता नियमावली, २०६३* को नियम ९ |
| ११. | गैरआवासीय नेपालीलाई लिइने पदयात्रा शुल्क नेपाली नागरिक सरह हुनुपर्ने सम्बन्धमा | १. *अध्यागमन नियमावली, २०५१* को परिच्छेद-३ |
| १२. | गैरआवासीय नेपालीलाई लिइने आन्तरिक हवाई शुल्क नेपाली नागरिक सरह हुनुपर्ने सम्बन्धमा | १. नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले निर्णय गर्न आवश्यक |

## ४.२ अध्ययन तथा अनुसन्धानको क्षेत्र

### ४.२.१ अभियोग प्रमाणित नभएका कारण भुक्तान गरिएको कैद बापत पाउने क्षतिपूर्ति सम्बन्धमा

*निवेदक रामकुमार कार्की वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको रिट नं ०७५-WO-१९७ को परमादेश मुद्दामा सर्वोच्च

अदालत, संयुक्त इजलासबाट मिति २०७६।११।२१ मा "गलत अनुसन्धान र अनुचित अभियोगका कारण थुनामा बसेको, मुद्दाको अन्तिम निर्णय हुँदा सफाइ पाएको विषयमा कानून र न्यायका जानकार, सम्बन्धित विषय विज्ञ, अन्तर्राष्ट्रिय स्तरमा अन्य प्रजातान्त्रिक मुलुकहरूले यस सम्बन्धमा गरेका कानूनी व्यवस्था समेत अध्ययन मनन गरी यस अदालतको पूर्वआदेश अनुसार उपर्युक्त कानून निर्माण गरी न्यायोचित तथा मानवोचित रूपले क्षतिपूर्ति प्रदान गर्नेतर्फ आवश्यक कारबाही गर्नु" भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतका नाउँमा निर्देशनात्मक आदेश भएको थियो। सो आदेश कार्यान्वयनको लागि नेपाल सरकार, गृह मन्त्रालयको मिति २०८०।०५।०३ को पत्रबाट उल्लिखित विषयमा "कानून निर्माण गर्ने सन्दर्भमा अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदन उपलब्ध गराइ दिनु" भनी अनुरोध गरिएकोले सो विषयमा अध्ययन तथा अनुसन्धान गर्नुपर्ने भएको छ।

### ४.२.२ अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयनको अवस्था सम्बन्धमा

सन्धिले सदस्य राष्ट्रहरूको लागि दायित्व सिर्जना गर्दछ। सन्धिका सम्झौता तथा सर्तहरूमा बाँधिनु नै सन्धिको कार्यान्वयन हो। सन्धिमा हस्ताक्षर गर्नु भनेको प्रत्येक सदस्य राष्ट्रले कार्यान्वयनका उपायहरू आफैले निर्धारण गरी सन्धिका सर्तहरू लागू गर्ने प्रतिबद्धता जनाउनु हो। सन्धि सम्पन्न गर्नु सार्वभौम राष्ट्रको एक असल अभ्यास पनि हो। राष्ट्रको सार्वभौमिकता क्रियाशील बनाउन सन्धि सम्पन्न गरिन्छ। हरेक राष्ट्रको सार्वभौमिकता भिन्न हुने भएकोले सन्धिको कार्यान्वयनमा पनि एकरूपता कायम नहुन सक्दछ। पक्ष राष्ट्रहरूलाई मात्र नभई सन्धिले कुनै तेस्रो पक्षको लागि केही दायित्व सृजना गरेको रहेछ र उक्त राष्ट्रले सो दायित्वको पालना गर्न लेखबद्ध सहमति प्रदान गरेको रहेछ भने त्यस्तो तेस्रो राष्ट्रको लागि पनि सन्धिले दायित्व सृजना गर्दछ।[२२] अन्तर्राष्ट्रिय कानूनमा सन्धि भनेको सन्धिका पक्ष राष्ट्रहरूले साझा लक्ष्य हासिल गर्नका

[२२] Article 55 of the *Vienna Convention on the laws of Treaties, 1969.*

लागि सन्धिका सर्त बमोजिमका दायित्वहरू पूरा गर्न बनेको लिखित दस्तावेज हो।

युरोपेली सङ्घसमेत गरी नेपालले १८२ राष्ट्रहरूसँग दुईपक्षीय सम्बन्ध कायम गरेको छ।[२३] दौत्य सम्बन्ध स्थापित भएका राष्ट्रहरूसँग नेपालले दुईपक्षीय वा बहुपक्षीय सन्धि सम्झौताहरू गरेको छ। नेपालले भारत, नर्वे, थाइल्यान्ड लगायत अन्य ८ राष्ट्रहरूसँग दोहोरो कर उन्मूक्ति सम्झौता गरेको छ[२४] भने भारत, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका सहित १७ राष्ट्रहरूसँग दुईपक्षीय व्यापार सम्झौता गरेको छ।[२५] सन् १९६३ देखि अस्ट्रिया, रुस, भारत लगायत ४० राष्ट्रहरूसँग दुईपक्षीय वायु सेवा सम्झौता गरेको छ। त्यसैगरी नेपाल मानव अधिकार, वित्तीय, स्वास्थ्य, खाद्य तथा कृषि जस्ता विषयवस्तुहरू सम्बन्धित विभिन्न राष्ट्रहरूसँग अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका बहुपक्षीय सन्धिहरूको पक्ष राष्ट्र रहेको छ।[२६] नेपालले आफू पक्ष राष्ट्र भएका सन्धि सम्झौताका सर्त पालना गरेमा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध बलियो बनाउन सकिन्छ। नेपाल पक्ष भएका सन्धिहरूको कार्यान्वयनको अवस्था अध्ययन गरी कार्यान्वयन हुन नसकेका सन्धिहरूलाई शीघ्र कार्यान्वयनमा लैजानु पर्ने हुन्छ। तसर्थ नेपालमा अन्तर्राष्ट्रिय कानूनको कार्यान्वयन भए नभएको यकिन गर्न जरूरी छ। देहायका कारणले यस विषयमा अध्ययन गर्न आवश्यक छः-

- नेपाल पक्ष राष्ट्र भएको, नेपालले हस्ताक्षर वा अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयन प्रभावकारी बनाउन गरिएका कानूनी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन गर्न,
- नेपालको र विदेशी राष्ट्रहरूको अन्तर्राष्ट्रिय सन्धि कार्यान्वयन अभ्यास बिच तुलनात्मक विश्लेषण गर्न,

---

२३ https://mofa.gov.np/foreign-policy/bilateral-relation/ (accessed on November 2nd 2023).

२४ M. Stephens (2019), *Synopsis of DTAA of Nepal with 11 countries,* NBSM. https://www.nbsm.com.np/uploads/large/1621329132717593.pdf

२५ International Trade Administration, Department of Commerce, USA, (as of 2021.09.18) https://www.trade.gov/country-commercial-guides/nepal-trade-agreements

२६ Ministry of Law, Justice and Parliamentary Affairs, Government of Nepal *List of Multilateral Treaties to which Nepal is a Party and a Signatory* (March 2018), https://www.moljpa.gov.np/wp-content/uploads/2019/04/List-of-Multilateral-Treaties-Signed-by-Nepal.pdf

- नेपालमा अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयन प्रभावकारी बनाउन आवश्यक हुने संस्थागत ढाँचा निर्धारण गर्ने।

### ४.२.३ न्याय सम्पादन प्रक्रियामा गर्नुपर्ने सुधार सम्बन्धी अध्ययन

न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गर्न न्याय सम्पादन प्रक्रियालाई छिटो छरितो, गुणस्तरीय र प्रभावकारी बनाउनु पर्दछ। स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको मान्यतालाई अक्षुण्ण राखिरहन आमनागरिकको न्यायमा पहुँच सुनिश्चित गर्नुपर्दछ। नेपालको संविधानले न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने नीति अंगिकार गरेको छ।[२७] न्याय सम्बन्धी अधिकार संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने संवैधानिक व्यवस्था रहेको छ।[२८] न्याय सम्पादन सम्बन्धी अधिकारको प्रयोग गर्न तिन तहका अदालतका साथै कानूनबमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था रहेको छ।[२९]

न्याय सम्पादन प्रक्रियालाई छिटो छरितो र पीडितमैत्री बनाउन *नेपालको संविधान, सङ्क्षिप्त कार्यविधि ऐन, २०२८, न्याय प्रशासन ऐन, २०७३, अपराध पीडित संरक्षण ऐन, २०७५,* तिनै तहका अदालतका नियमावलीहरू जस्ता विभिन्न कानूनहरू कार्यान्वयनमा आएका छन्। *अधिवक्ता कमलेश द्विवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार समेत*को मुद्दामा "अनुसन्धानको लागि आवश्यक अधिकार अन्तर्गत अनुसन्धान गरिएका हरेक कुराको न्यायिक प्रमाणिकता वा प्रक्रियाको वैधता सम्बन्धी प्रश्न उठेको बेलामा न्यायिक अधिकारीले ती सबै कुराहरूको समेत निराकरण गरी अन्तिम

[२७] *नेपालको संविधान,* धारा ५१ (ट)(१)।

[२८] *नेपालको संविधान,* धारा १२६(१)।

[२९] *नेपालको संविधान,* धारा १२७।

निष्कर्षमा पुग्नु पर्ने हुन्छ"[३०] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसैगरी *गणेश पञ्जियार वि. न्याय परिषद्, न्याय परिषद्को सचिवालय, रामशाहपथ, काठमाडौं समेत*को मुद्दामा "कानूनले निर्धारण गरेको प्रक्रियाको पालना एवम् न्यायका मान्य सिद्धान्त तथा अदालतका पूर्व नजिरको अनुसरण पनि स्वच्छ सुनुवाइभित्र पर्ने विषय हो, जसअनुसार कुनै पनि न्यायिक वा अर्ध न्यायिक निकायले आफ्नो काम कारबाहीमा प्रक्रियागत शुद्धता र एकरूपता अपनाउनु पर्ने"[३१] भन्ने सिद्धान्त समेत प्रतिपादन भएको देखिन्छ।

संविधानले व्यवस्था गरे बमोजिमको छिटो छरितो, सर्वसुलभ तथा गुणस्तरीय न्याय प्रदान गरी आमनागरिकहरूको न्यायमा पहुँच सुनिश्चित गर्न न्यायमा पहुँचका अवरोधहरू हटाउनु न्यायपालिकाको प्रमुख चुनौती रहेको छ। देहायका कारणले यस सम्बन्धमा अध्ययन गरी निष्कर्ष निकाल्नु पर्ने देखिन्छः-

- नेपालको कानूनी व्यवस्था, अदालतबाट प्रतिपादित सिद्धान्त, अन्तर्राष्ट्रिय अभ्यास, न्यायका मान्य सिद्धान्त र वर्तमान सन्दर्भ समेतको अध्ययन गर्न,
- न्याय प्रणालीका चुनौती पहिचान गर्न,
- न्याय प्रणालीप्रति दृढ विश्वास आर्जन गर्न न्याय प्रणालीका चुनौती समाधान गरी न्याय सम्पादन प्रक्रियालाई थप प्रभावकारी बनाउने उपाय पहिचान गरी सुझाव दिन।

### ४.२.४ सर्वोच्च अदालतबाट प्रतिपादित संवैधानिक कानून सम्बन्धी नजिरहरूको अध्ययन

सर्वोच्च अदालतले संविधान र कानूनको व्याख्या गर्ने, सिद्धान्तहरू प्रतिपादन गर्ने महत्वपूर्ण कार्य सम्पादन गर्ने गर्दछ। *नेपालको संविधान*मा न्याय सम्बन्धी अधिकार अदालत तथा न्यायिक निकायबाट प्रयोग हुने,[३२] मुद्दा मामिलाको रोहमा

[३०] *ने. का. प.* २०६७, अङ्क ७, नि. नं. ८३८५।

[३१] *ने. का. प.* २०६४, अङ्क ७, नि. नं. ७८६६।

[३२] *नेपालको संविधान,* धारा १२६(१)।

अदालतले दिएको आदेश वा निर्णयको सबैले पालना गर्नुपर्ने,[३३] सर्वोच्च अदालत अभिलेख अदालत हुने, संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था रहेको छ।[३४] साथै मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ।[३५]

सामान्यतयाः अदालतबाट विवादको छिनोफानो गरी दिएको निर्णयलाई फैसला भन्ने गरिन्छ। अदालत वा अन्य न्यायिक निकायबाट भएको फैसला वा अन्तिम आदेशलाई फैसला[३६] भनी फैसलाको परिभाषा गरिएको पाइन्छ।

सर्वोच्च अदालतले गरेका फैसला वा अन्तिम आदेशको कार्यान्वयन गर्नु न्याय प्राप्तिको आधार हो। कार्यान्वयन विनाको फैसला केवल अदालती घोषणामा सीमित रहने हुनाले वास्तविक अर्थमा न्याय प्राप्त गरेको आभाष हुनको लागि फैसला कार्यान्वयन गर्न आवश्यक छ। फैसला कार्यान्वयन प्रभावकारी रूपमा हुन नसक्ने हो भने समग्र न्याय प्रशासनप्रति नै प्रश्नचिन्ह लाग्न सक्ने अवस्था रहन्छ। अदालतप्रतिको जनविश्वास प्रभावित हुन सक्छ। न्याय सम्पादन प्रक्रियाको उपलब्धिको रूपमा फैसला कार्यान्वयनलाई लिने गरिन्छ। समग्र न्याय सम्पादन प्रक्रियाको सार्थकता फैसला कार्यान्वयनको प्रभावकारिताबाट नै देखिने गर्दछ। फैसला न्यायको उद्घोष हो र यसको सार्थकता कार्यान्वयनबाट मात्र सम्भव हुन्छ।[३७]

संविधान, अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम सर्वोच्च अदालतले समयसमयमा विभिन्न विषयमा निर्देशनात्मक आदेश समेत जारी गर्ने गरेको छ। मुद्दाको रोहमा न्यायपालिकाले गरेका व्याख्या, फैसला एवम् आदेशहरूको

---

[३३] *नेपालको संविधान*, धारा १२६(२)।

[३४] *नेपालको संविधान*, धारा १२८(२)।

[३५] *नेपालको संविधान*, धारा १२८(४)।

[३६] *फैसला कार्यान्वयन अनुगमन निर्देशिका, २०७९*, दफा २(घ)।

[३७] श्यामकुमार भट्टराई (२०७१), "फैसला कार्यान्वयनको विद्यमान अवस्था र सुधारका क्षेत्रहरू", *एनजेए ल जर्नल, २०७१*, अङ्क १, पे. २४९।

कार्यान्वयनबाट कानूनको परिमार्जन र विकासमा समेत सहयोग पुग्दछ। सर्वोच्च अदालतले समय समयमा नयाँ कानून निर्माण तथा विद्यमान कानूनमा सुधार गर्ने सन्दर्भमा दिएका आदेशहरूलाई कार्यान्वयन गरेमा राज्यका कानूनमा सुधार आई कानूनी राज्यलाई सुदृढ गर्न मद्दत पुग्छ।

सर्वोच्च अदालतले गरेका फैसला र दिएका आदेशको कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी कार्यान्वयन हुन नसकेको देखिएमा कार्यान्वयन हुन नसक्नुका कारणहरू र त्यसको निराकरणका उपायहरू समेत पहिचान गरी फैसला र आदेशको कार्यान्वयन गर्न जरूरी छ। अतः यस विषयमा देहायका कारणले अध्ययन गर्नुपर्ने आवश्यक देखिएको छः-

- सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्त, जारी भएका आदेश र फैसला बमोजिम कानून निर्माण भए नभएको अध्ययन गर्न,
- नयाँ कानून निर्माण गर्नुपर्ने तथा मौजुदा कानूनमा संशोधन गर्नुपर्ने गरी भएका आदेश र फैसला बमोजिम कानून बनाउनु पर्ने देखिएमा सो सम्बन्धमा सुझाव पेस गर्न,
- सर्वोच्च अदालतबाट भएका न्यायिक व्याख्याको विषयवस्तु र विकसित भएका विधिशास्त्रको अध्ययन गर्न।

### ४.२.५ मानव तस्करी नियन्त्रण सम्बन्धी अध्ययन

मानव तस्करीलाई विभिन्न महासन्धि, सन्धिहरूमा गम्भीर अपराधको रूपमा परिभाषित गरिएको पाइन्छ। मानव तस्करी भनेको पीडितको सहमतिमा सहज जीवनयापनको लागि गैरकानूनी बाटोको प्रयोग गरी पीडितलाई एक देशबाट अर्को देशमा पुऱ्याउने कार्य हो।[३८] कुनै व्यक्तिलाई आर्थिक र वस्तुगत

[३८] https://www.interpol.int/en/Crimes/Human-trafficking-and-migrant-smuggling

फाइदाको लोभ देखाई अन्य मुलुकमा गैरकानूनी तरिकाबाट पुऱ्याउने कार्य मानव तस्करी हो।[३९]

भारतमा मानव तस्करीलाई "गैरकानूनी रुपमा व्यक्तिहरूलाई भारतबाट बाहिर पठाउने वा ओसारपसार गर्ने वा उनीहरूबाट वा उनीहरूका अभिभावक, आफन्त वा उनीहरूको हितमा चासो राख्ने अन्य व्यक्तिहरूलाई प्रेरित गरी, प्रलोभनमा पारी वा धोका दिएर पैसा लिई कुनै प्रकारको सहजीकरण गर्नु" भनी परिभाषा गरेको पाइन्छ।[४०]

नेपालको सन्दर्भमा *मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४* को दफा ३ मा मानव बेचविखन र मानव ओसारपसारलाई अपराधिकरण गरिएको छ। त्यसैगरी दफा ४ ले मानव तस्करी सम्बन्धी कार्यलाई कसूर मानेको छ। प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै गैरकानूनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुट्ठा कागजात बनाई वा झुक्याई विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थान बाहेक अन्य मुलुकमा गैरकानूनी रूपमा प्रवेश गराउने कार्यलाई मानव तस्करी सम्बन्धी कार्यमा समावेश गरेको पाइन्छ।[४१]

परिवर्तित नाम ६५ ध १० को जाहेरीले *नेपाल सरकार, वि. खेमबहादुर नेगी* भएको मुद्दा नं. ०७६-CR-०४३८ को मानव ओसारपसार मुद्दामा सर्वोच्च अदालत, संयुक्त इजलासबाट मिति २०८०।०९।२९ मा "मानव तस्करीका सम्बन्धमा प्रस्तुत फैसलासमेतलाई आधार मानी उपयुक्त पूर्ण र स्पष्ट कानूनी व्यवस्थाको प्रबन्ध गर्नु" भन्ने नेपाल सरकार, गृह मन्त्रालयका नाउँमा निर्देशनात्मक आदेश भएको हुँदा मानव तस्कर सम्बन्धी विषयमा अध्ययन गर्नुपर्ने आवश्यक देखिएको छ।

---

३९ *Protocol Against the Smuggling of Migrants by Land, Sea And Air, Supplementing the United Nations Convention Against Transnational Organized Crime, 2000*, article 3(a)।

४० *Punjab Prevention of Human Smuggling Act, 2012* of India, Sec. 2(g).

४१ *मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४,* दफा ४(२)(ग)।

## ४.३ प्रविधि मैत्री आयोग तथा जनशक्ति विकास

कानून निर्माण भएको छोटो समयमा नै कानूनको संशोधन गर्नुपर्ने अवस्थालाई निरुत्साहित गर्न कानून निर्माण गर्दा सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गर्ने पद्दतिलाई अवलम्बन गर्नुपर्ने हुन्छ। त्यसका लागि सम्बन्धित निकायमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ। कानूनको मस्यौदा तर्जुमा गर्ने जिम्मेवारी प्राप्त आयोगमा पनि दक्ष जनशक्ति उपलब्ध हुनुपर्ने हुन्छ। साथै अन्तर्राष्ट्रियस्तरमा कानून मस्यौदाको क्षेत्रमा भएको विकास अनुरूप नेपालमा पनि कानूनको मस्यौदालाई समसामायिक बनाउन आयोगमा कार्यरत जनशक्तिलाई थप सक्षम बनाउनु पर्ने आवश्यकता देखिएको छ। त्यसका लागि पर्याप्त स्रोत साधन तथा कानून तर्जुमासँग सम्बन्धित विषयमा कर्मचारीलाई स्वदेश तथा विदेशमा उचित प्रशिक्षणको व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यस्तो कार्य हुन सकेमा आयोगमा कार्यरत कर्मचारीको मनोबल उच्च हुने र कानून मस्यौदामा गुणस्तरीयता कायम गर्न सहयोग पुग्छ।

नेपाल कानूनलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी आयोगको वेबसाइटमा राख्नु पर्ने हुन्छ। त्यसैगरी नेपालको प्राचीन कानूनी दस्तावेजलाई पनि आयोगको वेबसाइटमा राख्नु पर्ने भएको छ। त्यसको लागि समेत पर्याप्त बजेट विनियोजन गरी आयोगको काम कारबाहीलाई प्रविधि मैत्री बनाउनु पर्ने हुँदा पर्याप्त आर्थिक, भौतिक तथा मानवीय स्रोत साधनको व्यवस्था गर्नुपर्ने आवश्यक देखिएको छ।

## ४.४ आयोगको विगतका सिफारिस तथा सुझावहरूको कार्यान्वयन

आयोगले विगतमा पेस गरेका वार्षिक तथा अन्य प्रतिवेदनमा उल्लेख भएका सिफारिस तथा सुझावहरूको कार्यान्वयनको आवश्यकता रहेको छ।

## परिच्छेद-पाँच

## अवसर र चुनौतीहरू

नेपाल कानून आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरवलोकन तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान कार्य सञ्चालन गर्दै नेपालको कानून प्रणालीको विकास र समृद्धिमा स्थापनाकालदेखि नै उल्लेख्य योगदान पुऱ्याउँदै आएको छ। त्यसरी कार्य सञ्चालन गर्दा आयोग सामु देहायका अवसर र चुनौतीहरू रहेका छन्:-

### ५.१ अवसरहरू

आयोगका सामु देहायका अवसरहरू रहेका छन्:-

(क) *नेपाल कानून आयोग ऐन, २०६३* ले आयोगलाई स्वायत्त कानूनी संस्थाको रूपमा स्थापित गरी कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरवलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने अवसर दिएको छ।

(ख) सङ्घीय शासन प्रणाली अनुरूप सरकारका तिनै तहबाट कानून निर्माण भईरहेको सन्दर्भमा त्यस्ता कानूनहरूको अध्ययन गरी कानूनको तहगत सोपान अनुरूप कानून निर्माण गर्न, निर्माण भएका कानूनमा सङ्गति र एकरूपता कायम गर्न र कानूनको औचित्य स्थापित गर्न अध्ययन अनुसन्धान गरी सुझाव प्रस्तुत गर्ने अवसर रहेको छ।

(ग) सरकारका तिनै तहबाट गर्नुपर्ने कानूनको मस्यौदा तर्जुमा कार्यमा आयोग संलग्न भई आयोगको कार्यक्षेत्रमा विस्तार हुनसक्ने अवसर आएको छ।

(घ) नेपालको संविधान, मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता, अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यास, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानूनले सृजना गरेका दायित्व समेतलाई दृष्टिगत गर्दा विद्यमान कानूनी व्यवस्थाहरूमा समयानुकूल सुधार र

संशोधन गर्ने उपयुक्त समय आएको हुँदा आयोगको भूमिका वृद्धि हुने अवसर सृजना भएको छ।

(ङ) आयोगलाई कानून निर्माणको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्ने अवसर रहेको छ।

## ५.२ चुनौतीहरू

आयोगका सामु देहायका चुनौतीहरू रहेका छन्:-

(क) आयोगको आफ्नै भवन नहुँदा आयोगका दैनिक कार्य सञ्चालनमा चुनौती सामना गर्नु परिरहेको छ।

(ख) सीमित जनशक्तिबाट आयोगलाई तोकिएको जिम्मेवारी सम्पादन गर्न चुनौती रहेको छ।

(ग) पर्याप्त स्रोत साधनको अभावमा कर्मचारीहरूको व्यावसायिक र वृत्ति विकास गर्नु अर्को चुनौतीको रूपमा रहेको छ।

(घ) सीमित स्रोत साधनको उपलब्धताका कारण आयोगप्रति कर्मचारीको आकर्षण कायम राखी कार्यरत कर्मचारीहरूलाई उत्प्रेरित गर्न अर्को चुनौती देखापरेको छ।

(ङ) प्रविधिको प्रयोग गरी कार्यसम्पादन गर्न र प्रविधि प्रयोग गर्ने जनशक्तिको विकास गर्नु चुनौतीपूर्ण छ।

(च) विदेशी राष्ट्रका कानून आयोगहरूले विकास गरेको अनुसन्धान, प्रक्रिया, पद्धति र अभ्यासलाई अवलम्बन गरी आयोगका कामकारबाही सम्पादन गर्नु चुनौतीपूर्ण छ।

## परिच्छेद-छ

## नेपाल कानून आयोगको भूमिका प्रभावकारी बनाउने उपाय

अनुसन्धानमा आधारित कानून निर्माणका लागि आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी र परिणाममुखी बनाउन देहायका विषयहरूको उपयुक्त सम्बोधन हुनुपर्ने देखिन्छः-

### ६.१ आयोगलाई बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्ने

संसारका विभिन्न देशहरूका कानून आयोगको अध्ययनबाट र नेपाल कानून आयोगबाट काम कारबाही सम्पादन गर्ने क्रममा हासिल भएको अनुभवबाट आयोगलाई बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्न आवश्यक देखिएकोले देहायबमोजिम गर्न जरूरी छः-

**(क) आयोगको सङ्गठन संरचनालाई बौद्धिक नीति विकास संस्थाको स्वरूपमा परिवर्तन गर्ने**

आयोगलाई बौद्धिक नीति विकास संस्थाको रूपमा विकास गर्न आयोगको सङ्गठन संरचना समेतको सुधारको लागि *नेपाल कानून आयोग ऐन, २०६३* मा समय सापेक्ष संशोधन गर्नु पर्ने देखिन्छ।

**(ख) कानून सम्बन्धी अध्ययन, अनुसन्धानमूलक निकायको रूपमा स्थापित गर्ने**

आयोगलाई *नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० को खण्ड (क) बमोजिम कानून तथा न्यायसम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने काम, कर्तव्य सुम्पिएको छ। सोही दफाको खण्ड (ज) र दफा १७ मा कानून सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न आयोगले विशेषज्ञको सेवा लिन सक्ने प्रावधान रहेको छ।

उल्लिखित जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्न आयोगलाई कानून र न्याय सम्बन्धी खोजमूलक अनुसन्धान गर्ने निकायको रूपमा विकास गर्नु पर्नेछ। यसका लागि आयोगको काम, कर्तव्य र अधिकारलाई देहायका विषयमा थप केन्द्रित गर्न आवश्यक छः-

- संविधानले प्रत्याभूत गरेका मौलिकहकहरूको कार्यान्वयनको अवस्था र नेपाल सरकारले लिएका नीतिहरूको अध्ययन, अनुसन्धान गर्ने,
- हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरुद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गर्ने,
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता बमोजिम कानून निर्माण भए नभएको र कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,
- कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन, अनुसन्धान गर्ने,
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम कानून निर्माण भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,
- कानूनको कार्यान्वयन अवस्थाको अध्ययन, अनुसन्धान गर्ने,
- निर्माण गर्नुपर्ने नयाँ कानून सम्बन्धी विभिन्न विषयमा शोध गर्ने, अवधारणापत्र तयार गर्ने र त्यसको प्रकाशन गर्ने,
- अध्ययन, अनुसन्धानमा आवश्यकता अनुसार विज्ञहरूको सेवा लिनका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,
- आयोगबाट गरिएका अध्ययन, अनुसन्धानलाई नेपाली र अङ्ग्रेजी भाषामा शोध पत्रिकाको रूपमा प्रकाशन गर्ने,
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाली अनुवाद र नेपाल कानूनको अङ्ग्रेजी अनुवाद गराई प्रकाशन गर्ने,

- विदेशी राष्ट्रको कानून आयोगसँग सम्बन्ध स्थापित गरी त्यस्ता राष्ट्रहरूको अध्ययन, अनुसन्धान र कानून तर्जुमा सम्बन्धी अनुभव आदान प्रदान गर्ने।

**(ग) प्रदेश र स्थानीय तहको कानूनको मस्यौदा तर्जुमा गर्दा नेपाल कानून आयोगलाई संलग्न गराउने**

प्रदेश र स्थानीय तहका कतिपय कानून सङ्घीय कानूनसँग असङ्गत देखिएको, प्रदेश-प्रदेशको कानूनमा एकरूपता नभएको, कतिपय कानूनहरू कानूनको ढाँचामा नभएको, प्रदेश र स्थानीय तहका प्रत्यायोजित विधायनहरू प्रत्यायोजित विधायनको सिद्धान्त अनुरूप नभएको समेत हुँदा प्रदेश र स्थानीय तहको कानून तर्जुमा गर्दा त्यस्ता कमजोरीहरू हुन नदिन प्रदेश र स्थानीय तहका कानूनको मस्यौदा गर्दा समेत नेपाल कानून आयोगलाई संलग्न गराउनु पर्ने आवश्यकता देखिएको छ।

## ६.२ ऐनको मस्यौदा एकद्वार प्रणालीबाट गर्ने

*नेपाल कानून आयोग ऐन, २०६३* को दफा १० को खण्ड (घ) ले नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने जिम्मेवारी आयोगलाई सुम्पेको छ। त्यसैगरी दफा २१ ले कानून तर्जुमा सम्बन्धी कार्यमा आयोगलाई संलग्न गराउन सकिने व्यवस्था गरेको छ। नेपाल सरकारले पेस गर्ने अधिकांश सरकारी विधेयकहरू मस्यौदा गर्न नेपाल कानून आयोगमा नपठाई सम्बन्धित मन्त्रालय आफैंले वा परामर्शदातामार्फत मस्यौदा गर्ने गरिएको पाइन्छ। यसबाट कानूनको मस्यौदामा एकरूपता कायम हुन नसक्नुका साथै कानून तर्जुमाको अनुभव नभएका व्यक्ति समेतबाट मस्यौदा गर्ने गरेको सन्दर्भमा समय तथा आर्थिक स्रोतको समेत सदुपयोग हुन सकेको छैन।

नेपाल कानून आयोग मार्फत मस्यौदा गर्दा अध्ययन, अनुसन्धान गरी विज्ञहरू र सरोकारवालाहरूको समेत संलग्नतामा मस्यौदा तयार हुने हुँदा कानूनमा एकरूपता

कायम हुने, सरकारी स्रोतको उचित सदुपयोग हुने, कानूनहरू बिच एक आपसमा दोहोरोपन नहुने र कार्यान्वयनमा सहजता हुनेछ। अतः अध्ययन, अनुसन्धान गरी मस्यौदा तयार गर्नुपर्ने नयाँ विधेयक मस्यौदा गर्दा नेपाल कानून आयोगबाट गराउने गरी एकद्वार प्रणाली (One Door System) अवलम्बन गर्न उचित देखिन्छ।

## ६.३ आधुनिक स्तरको पुस्तकालय निर्माण गर्ने

स्रोत र स्थानको अभावमा आयोगमा कानून र कानूनको अनुसन्धानका लागि सन्दर्भ ग्रन्थहरूको पर्याप्तता छैन। अतः पुस्तकालयका लागि उपयुक्त भवन (आयोगको लागि भवन) को व्यवस्था, पुस्तकालय अधिकृतको स्थायी दरवन्दी सृजना र कानूनको अनुसन्धान तथा सन्दर्भ ग्रन्थहरूको लागि पर्याप्त स्रोत विनियोजन भई आयोगमा आधुनिक स्तरको व्यवस्थित पुस्तकालय निर्माण गर्न आवश्यक छ।

## ६.४ पर्याप्त स्रोत साधनको व्यवस्था हुनुपर्ने

नेपाल सरकारका अन्य निकायमा प्रत्येक आर्थिक वर्षमा बढोत्तरीको आधारमा भए पनि बजेट बढ्ने गरेको छ। तर, आयोगमा बजेट बढ्नुको सट्टा घट्ने क्रम रहेको छ। नेपाल कानून आयोगको बजेट कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सिलिङभित्र रहने गरेको छ। बजेट तयार गर्दा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको बजेट बृद्धि हुन गएमा सिलिङ प्रणालीको कारणले आयोगको बजेट स्वतः घट्न जाने हुन्छ।

*नेपाल कानून आयोग ऐन, २०६३* को दफा २० ले आयोगलाई आवश्यक पर्ने बजेट नेपाल सरकारले व्यवस्था गर्नेछ भन्ने व्यवस्था गरेको छ। तर, आयोगका लागि बजेट विनियोजन गर्दा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सिलिङ्गभित्र राखेका कारण आवश्यकता भन्दा न्यून बजेट विनियोजन हुँदै आएको छ।

अतः आयोगका लागि छुट्टै सिलिङ्ग निर्धारण गरी क्षेत्रगत मन्त्रालय बजेट सूचना प्रणाली (Line Ministry Budgetary Information System-LMBIS) मा आयोगका नाममा छुट्टै सिलिङ्ग राखी बजेट विनियोजनको व्यवस्था भएमा पर्याप्त स्रोतको व्यवस्था गरी

आयोगले सहज किसिमबाट कार्य गर्न सक्नेछ। साथै, आयोगलाई उल्लिखित विषयमा अध्ययन, अनुसन्धान गर्न र विशेषज्ञ सेवा लिनको लागि समेत बजेट व्यवस्था हुनुपर्ने आवश्यकता रहेको छ।

## ६.५ भौतिक पूर्वाधारको व्यवस्था

आयोगको आफ्नै भवन नहुँदा दैनिक रूपमा गर्नुपर्ने काम समेत प्रभावित हुने गरेको छ। आयोगको काम कारबाही समिति वा कार्य टोली मार्फत समेत हुने भएकोले छलफलको लागि सेमिनार कक्ष, बैठक कक्ष, पुस्तकालय, सूचना प्रविधि कक्ष, प्रशिक्षार्थी कक्ष लगायत कर्मचारी बस्ने कोठा अति आवश्यक भए तापनि सोको व्यवस्था गर्न सकिएको छैन। त्यसैगरी आयोगमा छलफलको क्रममा माननीय मन्त्री, विभिन्न मन्त्रालयका सचिवहरूसँग नियमित छलफल गर्नुपर्ने हुँदा आयोगको भवन केन्द्रीय प्रशासनिक भवन भन्दा धेरै टाढा भएमा काम कारबाहीमा बाधा अवरोध आउने हुन्छ। आयोगको काम कारबाहीलाई प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि उपयुक्त भवनको स्थायी व्यवस्था हुनुपर्ने देखिन्छ।

आयोगको कार्यालय रहेको स्थानमा पुरुष तथा महिला कर्मचारीहरूको लागि अलग अलग शौचालयको व्यवस्था छैन। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको हाताभित्र रहेका सुरक्षाकर्मी, अन्य कार्यालयका कर्मचारीले समेत प्रयोग गर्ने गरेको एउटैमात्र शौचालय आयोगका पदाधिकारी र कर्मचारीले समेत प्रयोग गर्न परिरहेको छ।

नेपाल कानून आयोगका अध्यक्ष, उपाध्यक्ष र सहसचिवले हाल प्रयोग गर्नु भएको सवारी साधन पुरानो भई मर्मत गरिरहनु पर्ने भएको हुँदा तिनवटा हलुका सवारी साधन र आयोगको विभिन्न कार्यक्रमको सिलसिलामा काठमाडौं उपत्यका बाहिर फिल्डमा समेत जाँदा प्रयोग गर्ने प्रयोजनको लागि एउटा गरी चारवटा नयाँ हलुका सवारी साधनको टड्कारो आवश्यकता रहेको छ।

## ६.६ जनशक्ति व्यवस्थापन

कुनै पनि सङ्गठनको उद्देश्य पूर्ति गर्ने मुख्य स्रोत मानव स्रोत हो। मानव स्रोतको अभावमा सङ्गठनले आशातीत सफलता प्राप्त गर्न सक्दैन। आयोगबाट सम्पादन हुने काम कारबाहीलाई व्यवस्थित तथा प्रभावकारी रूपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन्। आयोगमा अध्यक्ष र उपाध्यक्ष बाहेक हालको सङ्गठन संरचना अनुसार कूल ३३ जनाको (सवारी चालक तथा कार्यालय सहयोगी समेत) स्वीकृत दरबन्दी रहेको छ। कार्यप्रकृति अनुसार आयोगको काम अधिकृतस्तरका कर्मचारीबाट गराई आयोगलाई अधिकृतमुखी बनाउन आवश्यक देखिएको छ। त्यसका लागि केही अनुभवी कर्मचारी आवश्यक भए तापनि कर्मचारी खटन पटनमा आयोगको कुनै भूमिका नरहने भएकोले प्रायः नयाँ कर्मचारीहरू आयोगमा सरुवा भई आउने गरेको र आयोगबाट अनुभव हासिल गरे पश्चात् अन्यत्र सरुवा भई जाने हुँदा कार्यसम्पादनमा कठिनाई उत्पन्न हुने गरेको छ।

आयोगको आफ्नै स्वीकृत सङ्गठन संरचना तथा जनशक्तिको दरबन्दी रहेको भए तापनि आयोगसँग समन्वय नगरी कर्मचारी सरुवा वा काजमा अन्यत्र पठाउँदा आयोगको संस्थागत स्मरण नहुने, आयोगको काममा बाधा पुग्न जाने र कर्मचारीको व्यावसायिक क्षमता विकासमा असर पर्ने हुन्छ। यी विषयहरूमा सम्बद्ध निकायहरू संवेदनशील हुन जरुरी छ।

## ६.७ वृत्ति विकास र व्यावसायिकताको विकास

तालिमले कर्मचारीको क्षमतालाई पुनर्ताजगी गर्ने काम गर्दछ। समय समयमा कर्मचारीहरूमा रहेको क्षमतालाई पुनर्ताजगी र अभिवृद्धि गर्न विभिन्न प्रकारका तालिम आवश्यक पर्दछ। कानून तर्जुमा, अध्ययन, अनुसन्धान एवम् व्यावसायिक सिपको लागि कर्मचारीहरूलाई लामो अवधिको तालिम, छोटो अवधिको तालिम, स्थलगत अनुसन्धान, वैदेशिक अध्ययन भ्रमण जस्ता कार्यक्रमबाट कर्मचारीहरूको क्षमताको विकास गरी मनोबल बृद्धि गर्नुपर्ने देखिन्छ। जसले गर्दा कर्मचारीमा विशेषज्ञता समेत प्राप्त हुन्छ। कर्मचारीहरूलाई यस्ता अवसरहरू उपलब्ध गराउन आयोगको प्रत्यक्ष भूमिका नहुने,

## औषधी तथा सौन्दर्य प्रसाधनको बजारीकरण तथा बिक्री- वितरण

१२. बजारीकरण अनुमतिपत्र : (१) यो ऐनबमोजिम उत्पादन अनुमतिपत्र प्राप्त गरेको वा दफा १९ बमोजिम सूचीकृत उत्पादकले नेपालभर औषधी वा सौन्दर्य प्रसाधन बिक्री-वितरण गर्नका लागि बजारीकरण अनुमतिपत्र प्राप्त गर्न देहायका विवरण संलग्न गरी विभाग समक्ष निवेदन दिनुपर्नेछ‘

(क) सङ्गठित संस्थाको विधान तथा प्रचलित नेपाल कानूनबमोजिम संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) औषधी वा सौन्दर्य प्रसाधन भण्डारणको व्यवस्था,

(ग) उत्तम उत्पादन अभ्यास पालना सम्बन्धमा सम्बन्धित देशको नियामक निकायले दिएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) औषधी वा सौन्दर्य प्रसाधनको विशिष्टीकृत विवरण,

(ङ) औषधी वा सौन्दर्य प्रसाधनको विश्लेषण विधि तथा प्रयोगशाला परीक्षण प्रतिवेदन,

(च) औषधी वा सौन्दर्य प्रसाधनको नमुना ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा बजारीकरण अनुमतिपत्र प्रदान गर्न मनासिब देखिएमा विभागले अनुसूची — १ बमोजिमको शुल्क लिई सम्बन्धित निवेदकलाई त्यस्तो अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा नयाँ औषधी बिक्री-वितरणको स्वीकृति माग भएकोमा अवस्थामा त्यस्तो औषधीको सुरक्षा, प्रभावकारिता र गुणस्तर लगायतका विषयमा आवश्यक सुझावका लागि सल्लाहकार समिति समक्ष पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सल्लाहकार समितिले नयाँ औषधी बिक्री-वितरणका लागि सुरक्षित, प्रभावकारी र गुणस्तरीय रहेको सिफारिस प्राप्त भएपश्चात् विभागले उपदफा (२) बमोजिम बजारीकरण अनुमतिपत्र दिनुपर्नेछ ।

(५) बजारीकरण अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१३. जैविक सम-प्रभावको प्रमाण पेस गर्नुपर्ने : (१) जैविक सम-प्रभाव पुस्ट्याइँ गर्ने कागजात आवश्यक पर्ने औषधीको बजारीकरण अनुमतिपत्रका लागि निवेदन दिँदा त्यस्तो प्रभाव पुष्टी गर्ने कागजात समेत पेस गर्नुपर्नेछ ।

(२) जैविक सम- प्रभाव सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "जैविक सम-प्रभाव (बायोईक्यूभ्यालेन्स)" भन्नाले समान बनावट, मात्रा र सेवन विधि भएको जेनेरिक औषधी र नव प्रवर्तनमा प्रयोग गर्दा जैविक उपलब्धता (बायोअभाइलेबिलिटी), प्रभावकारिता र सुरक्षाका दृष्टिले समान प्रभाव रहेको पुष्टि गर्ने प्रक्रिया सम्झनु पर्छ ।

१४. थोक बिक्री अनुमतिपत्र : (१) औषधीको थोक बिक्री गर्न चाहने सङ्गठित संस्थाले थोक बिक्री अनुमतिपत्र प्राप्त गर्न देहायका कागजात तथा विवरण संलग्न गरी तोकिए बमोजिम विभाग समक्ष निवेदन दिनु पर्नेछः

(क) सङ्गठित संस्थाको विधान तथा प्रचलित नेपाल कानूनबमोजिम संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) औषधी भण्डारण तथा वितरण सम्बन्धी पूर्वाधार ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा थोक बिक्री अनुमतिपत्र प्रदान गर्न मनासिब देखिएमा विभागले अनुसूची —१ बमोजिमको शुल्क लिई सम्बन्धित निवेदकलाई त्यस्तो अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(३) थोक बिक्रेता अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१५. खुद्रा बिक्री अनुमतिपत्र : (१) औषधीको खुद्रा बिक्री-वितरण गर्न चाहने व्यक्ति, फार्मेसी वा अस्पताल फार्मेसीले अनुसूची —१ बमोजिमको शुल्क र आवश्यक विवरण समेत संलग्न

गरी औषधी खुद्रा बिक्री अनुमतिपत्र प्राप्त गर्न  प्रदेशको सम्बन्धित निकायमा निवेदन दिनुपर्नेछ ।

(२) विद्युतीय माध्यम (अनलाईन वा ईन्टरनेट वा वेबमा आधारित सञ्जाल) बाट औषधीको बिक्री-वितरण गर्न चाहने व्यक्ति वा सङ्गठित संस्था समेत उपदफा (१) बमोजिम अनुमतिपत्र लिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खुद्रा बिक्री अनुमतिपत्र सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेशको कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

१६. बजारीकरण अनुमतिपत्र प्राप्त नभएको औषधी सिफारिस गर्न नहुने : (१) कुनै पनि चिकित्सकले दफा १२ बमोजिम बजारीकरण अनुमतिपत्र प्राप्त नभएको औषधी बिरामीको प्रयोगको लागि सिफारिस गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३०, दफा ३१ वा दफा ३२ को उपदफा (१) को खण्ड (क) मा उल्लेखित अवस्थामा बजारीकरणको अनुमतिप्राप्त नभएको औषधी समेत बिरामीको प्रयोगको लागि सिफारिस गर्न सकिनेछ ।

१७. औषधी बिक्री गर्न निषेध : कसैले पनि देहायका औषधी बिक्री वितरण गर्नु वा गराउनु हुँदैन-

(क) सरकारीस्तरमा निःशुल्क वितरण गरिने औषधी,

(ख) म्याद नाघेका तथा प्रतिबन्धित औषधी,

(ग) नमुनाका लागि चिकित्सकलाई दिइएका औषधी,

(घ) नैदानिक परीक्षणमा रहेका औषधी, र

(ङ) निःशुल्क वा अनुदानमा प्राप्त औषधी ।

१८. सार्वजनिक स्थलमा औषधी बिक्री-वितरण गर्न नहुने : कसैले पनि राजमार्ग, सडक, सडकपेटी, सार्वजनिक यातायात लगायत सार्वजनिक स्थलमा औषधी बिक्री गर्नु वा गराउनु हुँदैन ।

## परिच्छेद-५

## औषधी  तथा सौन्दर्य प्रसाधनको सूचीकरण तथा आयात —निर्यात

१९. <u>विदेशी औषधी वा सौन्दर्य प्रसाधन उत्पादकको सूचीकरण</u>: (१) कुनै विदेशी औषधी वा सौन्दर्य प्रसाधन उत्पादन गर्ने संस्थाले आफ्नो उत्पादन नेपालमा बजारीकरण गर्न चाहेमा त्यस्तो उत्पादक विभागमा सूचीकरण भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचीकरणका लागि त्यस्तो उत्पादकले नेपालस्थित आफ्नो आधिकारिक प्रतिनिधि मार्फत देहायका कागजात तथा विवरण संलग्न गरी विभागसमक्ष निवेदन दिनुपर्नेछ‘

(क) सङ्गठित संस्थाको विधान तथा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) उत्तम उत्पादन अभ्यास पालना सम्बन्धमा सम्बन्धित देशको नियामक निकायले दिएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) औषधी वा सौन्दर्य प्रसाधन उत्पादकले दिएको अख्तियारनामा ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन र निरीक्षण गर्दा त्यस्तो औषधी वा सौन्दर्य प्रसाधन नेपालमा बिक्री-वितरण गर्न उपयुक्त देखिएमा विभागले अनुसूची — १ बमोजिमको शुल्क लिई सम्बन्धित निवेदकलाई सूचीकरण गर्नु पर्नेछ र त्यस्तो लिखित जानकारी सूचीकरण भएका संस्थालाई दिनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका औषधी छानबिन र निरीक्षण बिना विभागमा सूचीकरण गर्न सकिनेछ‘

(क) युरोपियन युनियनका सदस्य राष्ट्र, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, जापान वा अष्ट्रेलियामा उत्पादित औषधी, वा

(ख) अन्तर्राष्ट्रिय नियामक निकायले पूर्व योग्यता प्रमाणपत्र प्रदान गरेका औषधी, वा

(ग) अन्तर्राष्ट्रिय नियामक निकायबाट उत्तम उत्पादन अभ्यासको प्रमाणपत्र प्राप्त औषधी, वा

(घ) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको देश वा त्यस्तो देशको नियामक निकायले मान्यता दिएका औषधी ।

(५) विदेशी औषधी वा सौन्दर्य प्रसाधनको सूचीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२०. <u>आयातकर्ताको अनुमतिपत्र</u> : (१) औषधी आयात गर्न चाहने सङ्गठित संस्थाले आयात अनुमतिपत्र प्राप्त गर्न देहायका कागजात तथा विवरण संलग्न गरी विभाग समक्ष निवेदन दिनु पर्नेछ-

(क) सङ्गठित संस्थाको विधान तथा प्रचलित नेपाल कानूनबमोजिम संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) भण्डारण व्यवस्था, भण्डारण स्थल तथा बिक्री-वितरण प्रणाली ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातको छानबिन गर्दा निवेदक आयातकर्ताको रूपमा दर्ता हुनसक्ने देखिएमा विभागले अनुसूची —१ बमोजिमको शुल्क लिई त्यस्तो निवेदकलाई आयातकर्ताको अनुमतिपत्र दिनुपर्नेछ ।

(३) आयातकर्ताको अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२१. <u>औषधी आयात अनुमतिपत्र</u> : (१) नेपालमा औषधी आयात गर्न चाहने कुनै स्वदेशी सङ्गठित संस्था वा विदेशी संस्थाका आधिकारिक प्रतिनिधिले देहायका विवरण तथा कागजात संलग्न गरी विभागसमक्ष आयात अनुमतिपत्रका लागि निवेदन दिन सक्नेछ-

(क) सङ्गठित संस्थाको विधान तथा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) औषधी निर्यात गर्ने विदेशी कम्पनीले दिएको अख्तियारनामा,

(ग) दफा १२ बमोजिमको बजारीकरण अनुमतिपत्रको प्रतिलिपि,

(घ) भण्डारण व्यवस्था, भण्डारण स्थल तथा बिक्री-वितरण प्रणाली,

(ङ) औषधीको विशिष्टीकृत विवरण,

(च) उत्तम उत्पादन अभ्यास पालना सम्बन्धमा सम्बन्धित देशको नियामक निकायले दिएको प्रमाणपत्रको प्रतिलिपि,

(छ) औषधीका सम्बन्धमा प्रयोगशालाले दिएको परीक्षण प्रतिवेदन,

(ज) मूल्य अङ्कित सूचकपत्रसहित औषधीको नमुना ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा आयात अनुमतिपत्र दिन मनासिब देखिएमा विभागले आवश्यक सर्त समेत उल्लेख गरी अनुसूची –१ बमोजिमको शुल्क लिई आयात अनुमतिपत्र दिन सक्नेछ।

(३) औषधी आयात अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२२. <u>सौन्दर्य प्रसाधनको आयात अनुमतिपत्र</u> : (१) नेपालमा सौन्दर्य प्रसाधन आयात गर्न चाहने कुनै स्वदेशी सङ्गठित संस्था वा विदेशी संस्थाका आधिकारिक प्रतिनिधिले देहायका कागजात तथा विवरण संलग्न गरी आयात अनुमतिपत्रका लागि विभागसमक्ष निवेदन दिनसक्नेछ'

(क) सङ्गठित संस्थाको विधान तथा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) सौन्दर्य प्रसाधन निर्यात गर्ने विदेशी कम्पनीले दिएको अख्तियारनामा,

(ग) दफा १२ बमोजिमको बजारीकरण अनुमतिपत्रको प्रतिलिपि,

(घ) भण्डारण व्यवस्था, भण्डारण स्थल तथा बिक्री-वितरण प्रणाली,

(ङ) सौन्दर्य प्रसाधन विशिष्टीकृत विवरण,

(च) उत्तम उत्पादन अभ्यास पालना सम्बन्धमा सम्बन्धित देशको नियामक निकायले दिएको प्रमाणपत्रको प्रतिलिपि,

(छ) सौन्दर्य प्रसाधनका सम्बन्धमा प्रयोगशालाले दिएको परीक्षण प्रतिवेदन।

(२) उपदफा (१) बमोजम प्राप्त निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा आयात अनुमतिपत्र प्रदान गर्न मनासिब देखिएमा आयात गरिने सौन्दर्य प्रसाधनका विस्तृत विवरण समेत उल्लेख गरी विभागले अनुसूची —१ बमोजिमको शुल्क लिई सम्बन्धित निवेदकलाई त्यस्तो अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(३) सौन्दर्य प्रसाधनका आयातको अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२३. निर्यात सिफारिस : (१) औषधी, कच्चा पदार्थ वा सौन्दर्य प्रसाधनको निर्यात गर्न चाहने सङ्गठित संस्थाले देहायका विवरण तथा कागजात संलग्न गरी निर्यात सिफारिसका लागि विभागसमक्ष निवेदन दिनुसक्नेछ-

(क) औषधी, कच्चा पदार्थ वा सौन्दर्य प्रसाधन सम्बन्धी विस्तृत विवरण,

(ख) औषधी, कच्चा पदार्थ वा सौन्दर्य प्रसाधन निर्यात गरिने देशको नाम,

(ग) उत्पादित औषधी, कच्चा पदार्थ वा सौन्दर्य प्रसाधनको विशिष्टीकृत विवरण,

(घ) औषधी, कच्चा पदार्थ वा सौन्दर्य प्रसाधनको मानदण्ड,

(ङ) उत्पादित औषधी, कच्चा पदार्थ वा सौन्दर्य प्रसाधनको नमुना ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा निर्यात सिफारिस प्रदान गर्न मनासिब देखिएमा विभागले अनुसूची—१ बमोजिमको शुल्क लिई सम्बन्धित निवेदकलाई त्यस्तो सिफारिस प्रदान गर्नु पर्नेछ।

(३) औषधी, कच्चा पदार्थ तथा सौन्दर्य प्रसाधनको निर्यात सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२४. कच्चा पदार्थ आयातको सिफारिस :(१) दफा ८ वा दफा १० बमोजिम क्रमशः औषधी वा सौन्दर्य प्रसाधनको उत्पादनका लागि अनुमतिपत्र प्राप्त सङ्गठित संस्थाले विभागको सिफारिसमा देहायका कच्चा पदार्थ आयात गर्न सक्नेछ-

(क) सक्रिय कच्चा पदार्थ,

(ख) साधक कच्चा पदार्थ,

(ग) सन्दर्भ - रसायन,

(घ) प्याकेजिङ्ग सामग्री,

(ङ) औषधी उत्पादन सम्बन्धी अन्य आवश्यक वस्तु वा पदार्थ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त गर्न देहायका विवरण उल्लेख गरी विभाग समक्ष निवेदन दिनुपर्नेछ-

(क) आयात गरिने कच्चा पदार्थको नाम र आवश्यक विवरण,

(ख) वार्षिक रूपमा आवश्यक पर्ने परिमाण,

(ग) आयात गरिने देशको नाम, आयात विन्दु लगायतको आवश्यक जानकारी।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा कच्चा पदार्थ आयातको सिफारिस प्रदान गर्न मनासिब देखिएमा विभागले अनुसूची —१ बमोजिमको शुल्क लिई सम्बन्धित निवेदकलाई त्यस्तो सिफारिस प्रदान गर्नु पर्नेछ ।

(४) कच्चा पदार्थ आयातको सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२५. <u>औषधी तथा सौन्दर्य प्रसाधनको आयात निर्यात</u> : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्सार विन्दुबाट औषधी वा सौन्दर्य प्रसाधनको आयात-निर्यात गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको भन्सार विन्दुबाट औषधी तथा सौन्दर्य प्रसाधन आयात गर्दा जाँचपासको समयमा त्यस्तो औषधी तथा सौन्दर्य प्रसाधनको प्रयोगको अवधि कम्तीमा दुई तिहाई बाँकी रहेको पुष्टी गर्ने कागजात समेत पेस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधि नभएको औषधी वा सौन्दर्य प्रसाधन आयात गर्न पाइने छैन ।

## परिच्छेद—६

## अनुमतिपत्र तथा सिफारिसको अवधि, नवीकरण र खारेजी सम्बन्धी व्यवस्था

२६. अनुमतिपत्र वा सिफारिसको अवधि : यो ऐन बमोजिम प्रदान गरिने अनुमतिपत्र वा सिफारिसको अवधि पाँच वर्षको हुनेछ ।

२७. अनुमतिपत्र वा सिफारिसको सर्त संशोधन : (१) यो ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र वा सिफारिसको सर्त संशोधन गर्न आवश्यक भएमा सोको कारण उल्लेख गरी विभागसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा आवश्यक छानबिन गर्दा अनुमतिपत्र वा सिफारिसको सर्त संशोधन गर्न मनासिब देखिएमा विभागले अनुसूची —१ बमोजिमको शुल्क लिई त्यस्तो सर्त संशोधन गर्नु पर्नेछ ।

(३) अनुमतिपत्र वा सिफारिसको सर्त संशोधन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२८. अनुमतिपत्र वा सिफारिसको नवीकरण :(१) यो ऐन बमोजिम प्रदान गरिएका अनुमतिपत्र वा सिफारिसको म्याद समाप्त हुनु अगावै अनुसूची —१ बमोजिमको शुल्क बुझाई नवीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र वा सिफारिस नवीकरण गर्न असमर्थ भएमा सोको मनासिब कारण उल्लेख गरी म्याद नाघेको छ महिनाभित्र सम्बन्धित अनुमतिपत्र वा सिफारिस शुल्कको पचास प्रतिशत विलम्ब शुल्क बुझाई नवीकरण गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम नवीकरण नगराएमा अनुमतिपत्र वा सिफारिस खारेज हुनेछ ।

(४) अनुमतिपत्र वा सिफारिस नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. अनुमतिपत्र वा सिफारिस निलम्बन र खारेजी : (१) देहायको अवस्था विद्यमान भएमा महानिर्देशकले यो ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र वा सिफारिस छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ-

(क) यो ऐन वा यो ऐन अन्तर्गत बनेका नियम वा निर्देशिका विपरीत कार्य गरेमा,

(ख) उत्तम अभ्यास पालना नगरेमा,

(ग) झुट्टा कागजात पेस गरी अनुमतिपत्र वा सिफारिस प्राप्त गरेमा वा नवीकरण गराएमा,

(घ) अनुमतिपत्र वा सिफारिसको सर्त विपरीत कार्य गरेमा,

(ङ) विभागको स्वीकृति बिना भौतिक संरचना परिवर्तन गरेमा ।

(२) यो ऐन वा यो ऐन अन्तर्गत बनेका नियम विपरीत कार्य गरेको अवस्थामा महानिर्देशकले अनुमतिपत्र वा सिफारिस खारेज गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम निलम्बन वा खारेजीको निर्णय गर्नु अघि सम्बन्धित व्यक्ति वा सङ्गठित संस्थालाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

## परिच्छेद-७

## औषधीको आपत्कालीन र उपकारी प्रयोग सम्बन्धी व्यवस्था

३०. आपत्कालीन प्रयोगको अनुमतिपत्र : (१) महामारी वा सङ्क्रामक रोगको उपचार, रोकथाम, नियन्त्रण वा निर्मूलनका लागि विश्व स्वास्थ्य सङ्गठन वा विश्व पशु स्वास्थ्य सङ्गठन (पशु रोगको हकमा) मा सूचीकृत नियामक निकाय वा औषधी उत्पादक देशको नियामक निकायले आपत्कालीन प्रयोगको लागि अनुमति दिएका औषधीलाई आयात वा उत्पादन गर्न चाहने सङ्गठित संस्थाले नेपालमा समेत आपत्कालीन प्रयोगको लागि उत्पादन गर्न वा आयात गर्न विभागबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त गर्न चाहने सङ्गठित संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी विभागसमक्ष निवेदन दिनुपर्नेछ-

(क) औषधीको विशिष्टीकृत विवरण,

(ख) औषधीको विश्लेषण विधि तथा प्रयोगशाला परीक्षण प्रतिवेदन,

(ग) औषधीको नमुना,

(घ) उत्तम उत्पादन अभ्यास पालना सम्बन्धमा सम्बन्धित देशको नियामक निकायले दिएको प्रमाणपत्रको प्रतिलिपि ।

तर नेपाल सरकार वा अन्तर्गतका निकायको हकमा आपत्कालिन प्रयोगको अनुमतिका लागि पत्राचारको माध्यमबाट आपत्कालिन प्रयोगको लागि स्वीकृति लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा आपत्कालीन प्रयोगको अनुमतिपत्र प्रदान गर्न मनासिब देखिएमा सल्लाहकार समितिको सिफारिसमा विभागले अनुसूची —१ बमोजिमको शुल्क लिई सम्बन्धित निवेदकलाई त्यस्तो अनुमतिपत्र दिन सक्नेछ ।

(४) देहायको अवस्थामा विभागले उपदफा (३) बमोजिम दिएको अनुमतिपत्र खारेज गर्न सक्नेछ-

(क) सुरक्षा, प्रभावकारिता वा गुणस्तरका कारण त्यस्तो औषधीको प्रयोगमा रोक लगाउन आवश्यक देखिएमा,

(ख) सम्बन्धित देशको नियामक निकायले त्यस्तो औषधीको प्रयोगमा रोक लगाएमा,

(ग) महामारी समाप्त भएको भनी नेपाल सरकारले घोषणा गरेमा, वा

(घ) त्यस्तो औषधीको नैदानिक परीक्षण पश्चात् दफा १२ बमोजिम अनुमतिपत्र प्रदान हुनसक्ने देखिएमा ।

३१. औषधीको उपकारी प्रयोगको स्वीकृति : (१) अनुसन्धानरत नयाँ औषधी बिरामीको उपचारका लागि उपयोगी हुने देखिएमा चिकित्सकको प्रत्यक्ष निगरानी र बिरामीको सहमतिमा त्यस्तो औषधी प्रयोग गर्न सम्बन्धित चिकित्सकले विभागको स्वीकृति लिनुपर्नेछ ।

(२) औषधीको उपकारी प्रयोगको स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३२. <u>औषधी आयात सम्बन्धी विशेष व्यवस्था</u> : (१) यो ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सम्बन्धित देशको नियामक निकायले दिएको अनुमतिको आधारमा विभागले कुनै वा निश्चित परिमाणको औषधी आयात गर्न अनुमति दिन सक्नेछः

(क) विशेष रोगको उपचारको लागि आवश्यक भएको भनी सम्बन्धित चिकित्सकको सिफारिसमा सम्बन्धित बिरामीलाई आवश्यक परिमाणको औषधी,

(ख) प्राकृतिक प्रकोप, महामारी वा संक्रामक रोगका कारण विशेष परिस्थिति उत्पन्न भई आवश्यक औषधीको अभाव हुनसक्ने अवस्थामा नेपाल सरकार वा सो अन्तर्गतका निकायले आयात गर्ने औषधी,

(ग) नेपाल स्थित विदेशी कूटनीतिक नियोगले आयात गर्ने औषधी,

(घ) सरकारी, गैरसरकारी संस्था वा गुठीलाई अनुदानको रूपमा प्राप्त हुने औषधी,

(ङ) नेपाल सरकार अन्तर्गत कुनै निकायले अन्तर्राष्ट्रिय बोलपत्र मार्फत खरिद गर्ने औषधी,

(च) नैदानिक परीक्षणको लागि आवश्यक औषधी,

(छ) औषधी उत्पादन अनुमति प्राप्त संस्था वा निजी प्रयोगशालाको अनुसन्धान र विश्लेषणको लागि आवश्यक पर्ने औषधी ।

(२) उपदफा (१) बमोजिम औषधी आयात गर्न विभाग समक्ष लिखित अनुरोध गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको लिखित अनुरोध प्राप्त भएमा उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) को हकमा निःशुल्क र अन्यको हकमा अनुसूची –१ बमोजिमको शुल्क लिई त्यस्तो औषधी आयात गर्न विभागले स्वीकृति दिनसक्नेछ ।

३३. <u>अनुदान वा निःशुल्क औषधी प्राप्त गर्न स्वीकृति लिनु पर्ने</u> : (१) कसैले विदेशी सङ्घ-संस्था वा व्यक्तिबाट अनुदान वा निःशुल्क रूपमा औषधी प्राप्त गरी निःशुल्क वितरण गर्न चाहेमा देहायका विवरण संलग्न गरी स्वीकृति प्राप्त गर्न विभागसमक्ष निवेदन दिनुपर्नेछ‘

(क) औषधीको विशिष्टीकृत विवरण र परिमाण,

(ख) औषधी उत्पादकको विवरण,

(ग) औषधी उत्पादन गर्ने देशको नियामक निकायले दिएको अनुमति ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा प्राप्त औषधी निःशुल्क वितरण गर्नको लागि स्वीकृति प्रदान गर्न मनासिब देखिएमा विभागले त्यस्तो स्वीकृति दिनसक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान वा निःशुल्क रूपमा प्राप्त औषधी उत्पादन तथा प्राप्त गर्ने दुवै देशको नियामक निकायले तोकेको सुरक्षा, प्रभावकारिता र गुणस्तर सम्बन्धी मानदण्ड पूरा गरेको हुनुपर्नेछ ।

३४. <u>विषालु, मनोद्विपक वा लागू औषधीको बिक्री</u> : (१) यो ऐन बमोजिम विषालु, मनोद्विपक वा लागू औषधी उत्पादक वा आयातकर्ताले त्यस्तो औषधी बिक्री गर्ने अनुमतिपत्र पाएको थोक वा खुद्रा बिक्रेता मार्फत मात्र बिक्री गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको औषधी बिरामीलाई बिक्री गर्नुपर्ने भएमा चिकित्सकको सिफारिस वा निर्देशपत्रको आधारमा मात्र गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम बिक्री गरिएको औषधीको अद्यावधिक अभिलेख सम्बन्धित बिक्रेताले राख्नु पर्नेछ ।

## परिच्छेद-८

## <u>औषधीको मानदण्ड तथा वर्गीकरण</u>

३५. <u>औषधीको मानदण्ड</u> : (१) औषधीको मानदण्ड अनुसूची - २ मा उल्लेख भएबमोजिम हुनेछ ।

(२) अनुसूची-२ मा उल्लिखित औषधी सूत्र संहिता वा फर्माकोपियामा समावेश नभएका औषधीको हकमा औषधीको मानदण्ड तोकिए बमोजिम हुनेछ ।

३६. सौन्दर्य प्रसाधनको मानदण्ड निर्धारण : सौन्दर्य प्रसाधनको मानदण्ड निर्धारण तोकिए बमोजिम हुनेछ ।

३७. स्वास्थ्य उपकरणको मानदण्ड निर्धारण : (१) स्वास्थ्य उपकरणको तोकिए बमोजिम मानदण्ड निर्धारण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मानदण्ड निर्धारण गर्दा स्वास्थ्य उपकरणको मानदण्ड सम्बन्धमा विश्व स्वास्थ्य सङ्गठन, मानदण्डको लागि अन्तर्राष्ट्रिय संस्था (ईन्टरनेसनल अर्गनाईजेशन फर स्टयान्डर्याईजेसन), राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा सूचीकृत देशको नियामक निकायको मानदण्डलाई सन्दर्भका रूपमा लिन सकिनेछ ।

३८. विशिष्टीकृत विवरण संशोधन : (१) विभागको पूर्व स्वीकृति बिना औषधी, सौन्दर्य प्रसाधन वा स्वास्थ्य उपकरणको विशिष्टीकृत विवरण संशोधन वा परिवर्तन गर्न पाइने छैन ।

(२) औषधी, सौन्दर्य प्रसाधन वा स्वास्थ्य उपकरणको विशिष्टीकृत विवरण संशोधन गर्न आवश्यक भएमा सोको आधार र कारण उल्लेख गरी विभाग समक्ष पूर्व स्वीकृति प्राप्त गर्न निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा विशिष्टीकृत विवरण संशोधनका लागि आधार र कारण मनासिब देखिएमा विभागले त्यस्तो पूर्व स्वीकृति दिनुपर्नेछ ।

३९. औषधीको वर्गीकरण र अभिलेख : (१) विभागले दफा ६६ बमोजिमको सल्लाहकार समितिको सिफारिसमा औषधीलाई विभिन्न समूह वा उप-समूहमा वर्गीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा अभिलेख राख्नु पर्ने भनी उल्लेख भएका औषधी बिक्री गर्दा देहाय बमोजिम अभिलेख राख्नुपर्नेछ–

(क) औषधी सिफारिस गर्ने चिकित्सकको नाम र दर्ता नम्बर,

(ख) बिरामीको नाम, उमेर तथा ठेगाना,

(ग) औषधीको नाम, मात्रा (डोज) र परिमाण,

(घ) औषधी बिक्री गर्ने फर्मासिष्ट, फार्मेसी सहायक वा औषधी व्यवसायीको नाम र दर्ता नम्बर ।

४०. चिकित्सकको निर्देशपत्रको आधारमा बिक्री गर्नुपर्ने : (१) दफा ३९ बमोजिम चिकित्सकको निर्देशपत्र आवश्यक पर्ने भनी वर्गीकरण गरिएका औषधी सम्बन्धित चिकित्सकको निर्देशपत्रको आधारमा फर्मासिष्ट, फार्मेसी सहायक वा औषधी व्यवसायीले बिक्री गर्न सक्नेछ।

स्पष्टीकरण: यो दफाको प्रयोजनका लागि–

(क) "फर्मासिष्ट" भन्नाले मान्यताप्राप्त विश्वविद्यालय, शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक वा फर्मास्यूटिक्समा स्नातकोपाधि वा आयुर्वेद फार्मेसी विषयमा स्नातक वा स्नातकोपाधि प्राप्त भई सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ,

(ख) "फार्मेसी सहायक" भन्नाले फार्मेसीमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्तिले मात्र पशु औषधी वा आयुर्वेदिक, युनानी, होमियोप्याथिक वा सोवा-रिग्पा चिकित्सा पद्धतिमा प्रयोग हुने औषधी बिक्री गर्न सक्नेछ'

(क) पशु औषधीको हकमा सम्बन्धित परिषद्मा दर्ता भएको पशु चिकित्सक वा पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी,

(ख) आयुर्वेदिक औषधीको हकमा सम्बन्धित विषयमा कम्तीमा सहायक आयुर्वेद स्वास्थ्य कार्यकर्ताको शैक्षिक उपाधि प्राप्त गरी आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको,

(ग) युनानी औषधीको हकमा सम्बन्धित विषयमा कम्तीमा डिप्लोमा वा सो सरहको उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको,

(घ) होमियोप्याथि औषधीको हकमा सम्बन्धित विषयमा कम्तीमा डिप्लोमा वा सो सरहको उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको,

(ङ) सोवा-रिग्पा औषधी चिकित्सा पद्धतिको हकमा सम्बन्धित विषयमा अनुभव र तालिमप्राप्त गरेको ।

(३) चिकित्सकको निर्देशपत्रका आधारमा औषधी बिक्री गरिएमा औषधी बिक्री जानकारी निर्देशपत्रमा उल्लेख गर्नु पर्नेछ ।

४१. स्वास्थ्य उपकरणको वर्गीकरण : (१) विभागले दफा ६६ बमोजिमको सल्लाहकार समितिको सिफारिसमा स्वास्थ्य उपकरणलाई विभिन्न वर्ग वा समूहमा वर्गीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत स्वास्थ्य उपकरणको आयात तथा बिक्री-वितरण सम्बन्धी पूर्वाधार र मापदण्ड तोकिएबमोजिम हुनेछ ।

४२. प्रत्याभूतिको लिखत पेस गर्नुपर्ने : (१) यो ऐन बमोजिम बजारीकरण भएका औषधी तथा सौन्दर्य प्रसाधन सुरक्षित, प्रभावकारी र गुणस्तरीय रहेको प्रत्याभूतिको लिखत उत्पादक वा आयातकर्ताले विभागसमक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्याभूतिको लिखत पेस गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

४३. सूचकपत्र : (१) औषधी वा सौन्दर्य प्रसाधनको उत्पादकले आफ्नो उत्पादनमा सूचकपत्र राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचकपत्रमा संशोधन वा परिवर्तन गर्नु परेमा विभागको स्वीकृति लिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सूचकपत्रमा कुनै पनि प्रकारले केरमेट गर्न, सच्याउन वा परिवर्तन गर्न गराउनु हुँदैन ।

(४) सूचकपत्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-९

## औषधीय सतर्कता, पश्च-बजारीकरणको निगरानी र औषधी फिर्ता सम्बन्धी व्यवस्था

४४. औषधीय सतर्कता (फर्माकोभिजिलेन्स) : (१) औषधी उत्पादक वा निजको आधिकारिक प्रतिनिधिले बजारीकरण अनुमतिपत्र लिएको मितिले पाँच वर्षसम्म त्यस्तो औषधीको प्रयोगबाट मानिस वा पशुमा उत्पन्न असरको विवरण सहित वार्षिक प्रतिवेदन विभागसमक्ष पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नयाँ औषधीको बजारीकरण अनुमतिपत्र प्राप्त सङ्गठित संस्था वा त्यसको आधिकारिक प्रतिनिधिले प्रत्येक छ महिनामा औषधीय सतर्कता प्रतिवेदन बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि औषधीको प्रयोगबाट मानिस वा पशुमा उत्पन्न गम्भीर तथा अस्वभाविक असर सम्बन्धी विवरण विभागमा तत्काल पेस गर्नुपर्नेछ ।

(४) विभागले उपदफा (१), (२) र (३) बमोजिम पेस भएको विवरणको अध्ययनका आधारमा औषधीको उत्पादक वा निजको आधिकारिक प्रतिनिधिलाई आवश्यक निर्देशन दिनसक्नेछ ।

(५) औषधीय सतर्कता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. पश्च-बजारीकरण निगरानी (पोष्ट मार्केटिङ्ग सर्भिलियन्स) : (१) बजारीकरण गरिएका औषधीको गुणस्तर कायम राख्न विभागले जोखिममा आधारित पश्च-बजारीकरण निगरानी गर्नुपर्नेछ ।

(२) बजारीकरण अनुमतिपत्र प्राप्त उत्पादक वा निजको आधिकारिक प्रतिनिधिले आफ्नो उत्पादनको गुणस्तर कायम राख्न पश्च-बजारीकरण निगरानी गरी सोको प्रयोगशाला परीक्षण र विश्लेषण सहितको विवरण विभागसमक्ष पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पश्च-बजारीकरण निगरानी गर्दा देहाय बमोजिम गर्नुपर्नेछ–

(क) लामो अवधिसम्म बिरामीले विभिन्न वातावरण वा अवस्थामा औषधी प्रयोग गर्दाको प्रभाव मूल्याङ्कन,

(ख) औषधीको प्रयोगबाट तत्काल उत्पन्न प्रभाव वा असरको मूल्याङ्कन,

(ग) चिकित्सकको निर्देशपत्रमा उल्लिखित विवरणको मूल्याङ्कन,

(घ) बिरामीको स्वास्थ्य सम्बन्धी तथ्याङ्कको मूल्याङ्कन ।

(४) विभागले उपदफा (३) बमोजिम पश्च-बजारीकरण निगरानीबाट प्राप्त सूचना र तथ्याङ्कको विश्लेषणका आधारमा औषधी वा सौन्दर्य प्रसाधनको उत्पादकलाई आवश्यक निर्देशन दिनसक्नेछ ।

(५) औषधीको पश्च-बजारीकरण निगरानी सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

स्पष्टीकरण: यो दफाको प्रयोजनका लागि "पश्च-बजारीकरणको निगरानी (पोष्ट मार्केटिङ्ग सर्भिलियन्स)" भन्नाले औषधी बजारीकरण पश्चात् बिक्री-वितरणमा रहेका औषधीको सुरक्षा, प्रभावकारिता र गुणस्तर सम्बन्धमा अनुगमन गर्ने प्रणाली सम्झनु पर्छ।

४६. औषधी वा सौन्दर्य प्रसाधन फिर्ता गर्नुपर्ने : (१) बिक्री-वितरणको लागि बजारमा आइसकेको औषधी वा सौन्दर्य प्रसाधन यो ऐनबमोजिम सुरक्षित, प्रभावकारी र गुणस्तरीय नभएको ठहर भएमा उत्पादन वा आयात गर्ने सङ्गठित संस्था वा सोको आधिकारिक प्रतिनिधिले त्यस्तो औषधी वा सौन्दर्य प्रसाधन बिक्री-वितरण गर्ने सङ्गठित संस्था वा व्यक्तिबाट तत्काल फिर्ता लिई विभागलाई जानकारी गराउनु पर्नेछ ।

(२) बिक्री-वितरणमा रहेको औषधी वा सौन्दर्य प्रसाधन दफा ३५, ३६ र ३७ बमोजिम नभएको जानकारी प्राप्त भएमा विभागले त्यस्तो औषधी वा सौन्दर्य प्रसाधन उत्पादन वा आयात गर्ने सङ्गठित संस्था वा सोको आधिकारिक प्रतिनिधिलाई तत्काल फिर्ता लिन आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम फिर्ता गरिएका औषधी वा सौन्दर्य प्रसाधन सुरक्षित तरिकाले विसर्जन गरी विभागसमक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम औषधी वा सौन्दर्य प्रसाधन फिर्ता भएको अवस्थामा मानदण्ड कायम भएको सुनिश्चित नभएसम्म त्यस्तो औषधी वा सौन्दर्य प्रसाधनको अर्को खेपको उत्पादन, आयात, बजारीकरण वा प्रयोग गर्नु वा गराउनु हुँदैन।

## परिच्छेद-१०

## औषधी व्यवस्था विभाग तथा राष्ट्रिय प्रयोगशालाको स्थापना काम, कर्तव्य र अधिकार

४७. विभागको स्थापना : (१) औषधी तथा सौन्दर्य प्रसाधनको नियमन, प्रशासन तथा व्यवस्थापनका लागि औषधी व्यवस्था विभागको स्थापना गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुँदा कायम रहेको औषधी व्यवस्था विभाग यो ऐन प्रारम्भ भएको मितिदेखि उपदफा (१) बमोजिमको विभागमा परिणत हुनेछ ।

(३) नेपाल सरकारले नेपाल स्वास्थ्य सेवा, फार्मेसी समूहको कम्तीमा एघारौं तहको अधिकृतलाई विभागको महानिर्देशकमा नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त महानिर्देशकले विभागको प्रमुखको रूपमा काम गर्नेछ ।

(५) विभागको सङ्गठन संरचना र विभागलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुनेछ ।

(६) आवश्यकता अनुसार विभागअन्तर्गत नेपालको अन्य स्थानमा पनि कार्यालय स्थापना गर्न सकिनेछ ।

(७) विभागले आयुर्वेद औषधी नियमनका लागि आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागसँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

४८. विभागको काम, कर्तव्य र अधिकार : यो ऐन र यो ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि तथा मानदण्डको अधीनमा रही विभागको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) औषधी तथा सौन्दर्य प्रसाधनको प्रशासन, नियमन र नियन्त्रण गर्ने,

(ख) औषधी तथा सौन्दर्य प्रसाधनको सुरक्षा, प्रभावकारिता र गुणस्तर कायम गर्ने वा गराउने,

(ग) अनुमतिपत्रको सर्त निर्धारण गर्ने,

(घ) औषधी तथा सौन्दर्य प्रसाधनको निरीक्षण गर्ने वा गराउने,

(ङ) औषधी तथा सौन्दर्य प्रसाधनका सम्बन्धमा झुट्टा तथा भ्रामक प्रचार हुन नदिने,

(च) न्यून गुणस्तरको औषधी तथा सौन्दर्य प्रसाधन फिर्ता गराउने,

(छ) औषधीय सतर्कता र पश्च-बजारीकरण निगरानी गर्ने वा गराउने,

(ज) औषधीको वर्गीकरण गर्ने,

(झ) सुरक्षित, प्रभावकारी र गुणस्तर नभएका औषधी तथा सौन्दर्य प्रसाधनको उत्पादन, आयात-निर्यात, बिक्री-वितरण तथा प्रयोगमा रोक लगाउने वा निषेध गर्ने,

(ञ) यो ऐनबमोजिम औषधी तथा सौन्दर्य प्रसाधन निरीक्षणका लागि खटिने निरीक्षकलाई आवश्यक कार्यदिश दिने,

(ट) औषधी तथा सौन्दर्य प्रसाधनको उत्पादन, आयात-निर्यात, बिक्री-वितरण हुने परिसर वा स्थानको अनुगमन तथा निरीक्षण गर्ने,

(ठ) नैदानिक परीक्षणको अनुगमन तथा निरीक्षण गर्ने,

(ड) निजीस्तरमा औषधी प्रयोगशाला स्थापना गर्न स्वीकृति दिने र प्रमाणीकरण गर्ने।

४९. राष्ट्रिय प्रयोगशाला : (१) औषधी तथा सौन्दर्य प्रसाधनको अनुसन्धान, परीक्षण र विश्लेषण गर्नका लागि राष्ट्रिय औषधी प्रयोगशाला स्थापना गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुँदा कायम रहेको राष्ट्रिय औषधी प्रयोगशाला यो ऐन प्रारम्भ भएको मितिदेखि उपदफा (१) बमोजिमको राष्ट्रिय प्रयोगशालामा परिणत हुनेछ।

(३) आवश्यकता अनुसार नेपालको अन्य स्थानमा पनि प्रयोगशाला स्थापना गर्न सकिनेछ ।

(४) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत निर्मित औषधीको परीक्षण तथा विश्लेषण गर्न आवश्यकता अनुसार आयुर्वेद सम्बन्धी मानदण्ड बमोजिम छुट्टै प्रयोगशाला स्थापना गर्न विभागले स्वीकृति दिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको राष्ट्रिय प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) औषधी तथा सौन्दर्य प्रसाधनको नमुना परीक्षण र विश्लेषण गर्ने,

(ख) खोप तथा सेराको परीक्षण र विश्लेषण गर्ने,

(ग) औषधी तथा सौन्दर्य प्रसाधनको विश्लेषण विधि निर्धारण गर्ने,

(घ) औषधी तथा सौन्दर्य प्रसाधनको अनुसन्धान गर्ने,

(ङ) औषधी तथा सौन्दर्य प्रसाधनको मानदण्ड निर्धारण र गुणस्तर कायम गर्न विभागलाई परामर्श दिने,

(च) निजीस्तरमा प्रयोगशाला स्थापना गर्ने सम्बन्धमा विभागलाई परामर्श दिने,

(छ) औषधी तथा सौन्दर्य प्रसाधनको परीक्षण र विश्लेषण सम्बन्धमा तालिम सञ्चालन गर्ने,

(ज) राष्ट्रिय प्रयोगशालाको क्षमता अभिवृद्धि गर्न र सबल बनाउन विश्व स्वास्थ्य सङ्गठन तथा अन्य अन्तर्राष्ट्रिय सङ्घ-संस्थासँग सहकार्य गर्ने,

(झ) औषधी तथा सौन्दर्य प्रसाधनको प्रयोगशाला परीक्षणबाट प्राप्त नतिजा एवम् तथ्याङ्क अन्य देशका प्रयोगशालासँग आदान-प्रदान गर्ने,

(ञ) निजीस्तरमा स्थापित प्रयोगशाला तथा औषधी उत्पादकको प्रयोगशालाको अनुगमन तथा निरीक्षण गर्ने,

(ट) निजीस्तरमा स्थापित प्रयोगशालाले उत्तम अभ्यास गरे वा नगरेको परीक्षण र सोको प्रमाणीकरण गर्ने ।

(६) राष्ट्रिय प्रयोगशालाबाट कुनै औषधीको परीक्षण हुन नसक्ने भएमा मानदण्डको लागि अन्तर्राष्ट्रिय संस्था (ईन्टरनेसनल अर्गनाईजेशन फर स्ट्यान्डर्याईजेसन) बाट मान्यता प्राप्त प्रयोगशालाबाट परीक्षण गराउन सकिनेछ।

(७) राष्ट्रिय प्रयोगशालाको सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५०. <u>निजी प्रयोगशाला स्थापना गर्न अनुमति लिनुपर्ने</u> : (१) निजी औषधी प्रयोगशाला स्थापना गर्न चाहने संङ्गठित संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी त्यस्तो अनुमतिपत्रका लागि विभागसमक्ष निवेदन दिनसक्नेछ‘

(क) सङ्गठित संस्थाको विधान तथा प्रचलित नेपाल कानूनबमोजिम संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) औषधी वा सौन्दर्य प्रसाधनको परीक्षण तथा विश्लेषण प्रणाली।

तर औषधी उत्पादक आफैंले प्रयोगशाला स्थापना गर्न चाहेमा उपदफा (१) बमोजिमको कागजात निवेदन साथ दिन आवश्यक हुने छैन ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा निजी औषधी प्रयोगशाला स्थापना गर्नका लागि अनुमतिपत्र प्रदान गर्न मनासिब देखिएमा विभागले अनुसूची — १ बमोजिमको शुल्क लिई सम्बन्धित निवेदकलाई त्यस्तो अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रयोगशाला स्थापना गर्न अनुमतिपत्र लिनुपर्ने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

५१. <u>परीक्षण र विश्लेषण शुल्क लिन सक्ने</u> : (१) औषधी वा सौन्दर्य प्रसाधन उत्पादक, आयातकर्ता, थोक बिक्रेता वा अन्य कुनै सरकारी वा गैरसरकारी निकायले

प्रयोगशालामा औषधी वा सौन्दर्य प्रसाधन नमुना परीक्षण र विश्लेषणका लागि अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नमुनाको परीक्षण र विश्लेषणको लागि अनुरोध भई आएमा राष्ट्रिय प्रयोगशालाले त्यस्तो प्रतिवेदन सम्बन्धित व्यक्ति वा सङ्गठित संस्था वा अन्य कुनै सरकारी वा गैरसरकारी निकायलाई प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम परीक्षण र विश्लेषण गर्दा लाग्ने शुल्क तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## औषधी तथा सौन्दर्य प्रसाधनको निरीक्षण सम्बन्धी व्यवस्था

५२. निरीक्षणको अधिकार : औषधी तथा सौन्दर्य प्रसाधनको उत्पादन, आयात-निर्यात, बिक्री-वितरण, प्रयोग र गुणस्तर लगायतका विषयमा निरीक्षण गर्ने अधिकार विभागको महानिर्देशक वा निजले तोकेको अधिकृतलाई हुनेछ ।

५३. निरीक्षक खटाउने : (१) महानिर्देशकले संघीय निजामती सेवा वा नेपाल स्वास्थ्य सेवाको अधिकृतस्तरको कर्मचारीलाई निरीक्षकको रूपमा खटाउन सक्नेछ ।

तर अधिकृत स्तरको कर्मचारी उपलब्ध नभएको अवस्थामा संघीय निजामती सेवा वा नेपाल स्वास्थ्य सेवाको पाचौं तहको कर्मचारीलाई समेत निरीक्षकको रूपमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्न खटिएको निरीक्षकलाई सहयोग गर्न विभागले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई समेत खटाउन सक्नेछ।

५४. निरीक्षकको काम, कर्तव्य र अधिकार : (१) यो ऐन र यो ऐनअन्तर्गत बनेको नियमको अधिनमा रही दफा ५३ बमोजिम खटाइएको निरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) औषधी वा सौन्दर्य प्रसाधनको उत्पादन, आयात-निर्यात, बिक्री-वितरण, भण्डारण स्थल वा नैदानिक परीक्षणको जाँच, निरीक्षण वा खानतलासी गर्ने,

(ख) औषधी वा सौन्दर्य प्रसाधनको नमुना सङ्कलन गर्ने र आवश्यकता अनुसार सोको परीक्षण वा विश्लेषणका लागि प्रयोगशालामा पठाउने,

(ग) निरीक्षणका लागि आवश्यक कागजात, तथ्याङ्क, सूचना तथा जानकारी प्राप्त गर्ने,

(घ) निरीक्षणको क्रममा औषधी तथा सौन्दर्य प्रसाधन सुरक्षित, प्रभावकारी र गुणस्तरीय नभएको शङ्का लागेमा त्यस्तो औषधी तथा सौन्दर्य प्रसाधनलाई नियन्त्रणमा लिने र सोको नमुना परीक्षण गर्न प्रयोगशालामा तत्काल पठाउने,

(ङ) आवश्यकता अनुसार विभागले दिएको कार्यदिश बमोजिम औषधी वा सौन्दर्य प्रसाधनको निरीक्षण गर्ने ।

(२) औषधी तथा सौन्दर्य प्रसाधनको निरीक्षणका लागि खटिएको निरीक्षकले देहायबमोजिम निरीक्षण गर्नुपर्नेछ-

(क) उचित तापक्रममा औषधी तथा सौन्दर्य प्रसाधन भण्डारण भए वा नभएको,

(ख) औषधी तथा सौन्दर्य प्रसाधनको ब्रिक्री-वितरणको लागि दक्ष जनशक्ति भए वा नभएको,

(ग) अभिलेख राख्नुपर्ने औषधी तथा सौन्दर्य प्रसाधनको अभिलेख राखे वा नराखेको,

(घ) म्याद नाघेका औषधी तथा सौन्दर्य प्रसाधन बिक्री-वितरणका लागि राखे वा नराखेको,

(ङ) निःशुल्क वितरणका लागि उपलब्ध औषधी बिक्री गरे वा नगरेको,

(च) अनुमतिपत्रमा उल्लिखित सर्त पालना गरे वा नगरेको,

(छ) अनुमतिपत्र वा सिफारिसको नवीकरण गरे वा नगरेको,

(ज) उत्तम अभ्यासको पालना गरे वा नगरेको।

(३) निरीक्षकको योग्यता, काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५५. <u>उत्पादन वा बिक्री-वितरणमा रोक लगाउन सक्ने</u> : (१) कसैले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम अनुमतिपत्र वा सिफारिस प्राप्त नगरी औषधी वा सौन्दर्य प्रसाधनको उत्पादन, बजारीकरण, आयात निर्यात, बिक्री-वितरण वा नैदानिक परीक्षण गरे वा गराएमा, वा असुरक्षित, प्रभावहीन र गुणस्तरहीन औषधी वा सौन्दर्य प्रसाधनको उत्पादन, बजारीकरण, आयात निर्यात, बिक्री-वितरण वा नैदानिक परीक्षण गरेको वा गरिरहेको शङ्का गर्नुपर्ने मनासिब र पर्याप्त आधार भएमा निरीक्षकले त्यस्तो औषधीको उत्पादन, बजारीकरण, आयात निर्यात, बिक्री-वितरण वा नैदानिक परीक्षण गर्न रोक्ने आदेश दिई सोको जानकारी विभागलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको औषधी वा सौन्दर्य प्रसाधनको नमुना परीक्षण र विश्लेषणका लागि प्रयोगशालामा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परीक्षणका लागि प्राप्त भएको औषधी वा सौन्दर्य प्रसाधनको नमुनाको परीक्षण र विश्लेषण गरी त्यसको परीक्षण प्रतिवेदन विभागमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त परीक्षण प्रतिवेदनमा उपदफा (१) बमोजिम रोक लगाइएको औषधी वा सौन्दर्य प्रसाधन गुणस्तरीय, प्रभावकारी र सुरक्षित रहेको पुष्टि भएमा त्यसरी लगाइएको रोक हटाइएको लिखित जानकारी सम्बन्धित पक्षलाई दिनुपर्नेछ।

तर त्यस्तो औषधी वा सौन्दर्य प्रसाधन गुणस्तरीय, प्रभावकारी र सुरक्षित नरहेको पुष्टि भएमा निरीक्षकले सो सम्बन्धमा आफ्नो राय सहित दफा ९१ बमोजिम अनुसन्धानका लागि विभागसमक्ष पेस गर्नुपर्नेछ ।

५६. <u>आयातमा रोक लगाउन सक्ने</u> : (१) सुरक्षित, प्रभावकारी र गुणस्तरीय नभएको औषधी तथा सौन्दर्य प्रसाधन आयात भएको वा हुन लागेको जानकारी प्राप्त भएमा निरीक्षकले विभागलाई तत्काल सूचित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षकले सूचित गरेमा त्यस्तो औषधी तथा सौन्दर्य प्रसाधनको आयातमा रोक लगाउन विभागले सम्बन्धित भन्सार कार्यालयलाई लिखित अनुरोध गर्नुपर्नेछ ।

५७. जफत गर्ने : (१) यो ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी औषधी वा सौन्दर्य प्रसाधन उत्पादन, बजारीकरण, आयात-निर्यात वा बिक्री-वितरण गरेको पाइएमा विभागले त्यस्तो औषधी वा सौन्दर्य प्रसाधन र सोसँग सम्बद्ध मालवस्तु जफत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको औषधी वा सौन्दर्य प्रसाधन जफत गरिए पश्चात् सो कार्यमा संलग्न व्यक्ति वा सङ्गठित संस्था उपर दफा ९१ बमोजिम विभागले अनुसन्धान गर्नुपर्नेछ ।

(३) औषधी तथा सौन्दर्य प्रसाधन र सोसँग सम्बद्ध मालवस्तुको जफत सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५८. प्रवेशको अधिकार : यो परिच्छेद बमोजिम निरीक्षण सम्बन्धी कामको सिलसिलामा कसैको फार्मेसी, औषधी पसल, औषधी उत्पादन वा भण्डारण स्थलमा प्रवेश गर्न आवश्यक परेमा सम्बन्धित व्यक्ति वा प्रयोगकर्तालाई पूर्व सूचना दिई सो काममा खटिएको निरीक्षक त्यस्तो स्थान वा परिसरमा प्रवेश गर्न सक्नेछ ।

५९. प्रतिवेदन पेस गर्नुपर्ने : (१) दफा ५३ बमोजिम निरीक्षणका लागि खटिएको निरीक्षकले निरीक्षणको कार्य सम्पन्न भएको मितिले सात कार्य दिनभित्र महानिर्देशकसमक्ष निरीक्षण प्रतिवेदन पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस हुने प्रतिवेदनमा सामान्यतया देहायका कुराहरू उल्लेख गर्नुपर्नेछः

(क) निरीक्षणको सङ्क्षिप्त ब्यहोरा,

(ख) निरीक्षणको उद्देश्य तथा कार्यादिश,

(ग) निरीक्षण गरिएको स्थान, परिसर, भण्डारण स्थल,

(घ) औषधी तथा सौन्दर्य प्रसाधनको उत्पादन, प्याकेजिङ्ग र बजारीकरणको तरिका,

(ङ) यो ऐन र यो ऐनअन्तर्गत बनेको नियमको पालनाको अवस्था,

(च) दफा ५४ को उपदफा (२) मा उल्लिखित विषयमा कैफियत देखिएमा त्यस्तो कैफियत,

(छ) निष्कर्ष र सुझाव ।

(३) निरीक्षण प्रतिवेदनको ढाँचा लगायत अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६०. प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने : (१) दफा ५९ बमोजिमको प्रतिवेदनमा उल्लिखित सुझावलाई कार्यान्वयन गर्ने दायित्व महानिर्देशकको हुनेछ ।

(२) दफा ५५ वा ५६ बमोजिम रोक लगाइएको औषधी प्रयोगशाला परीक्षण वा विशेषज्ञको रायका आधारमा सुरक्षित, प्रभावकारी र गुणस्तरीय नभएको ठहर भएमा वा यो ऐन बमोजिम अनुमतिपत्र वा सिफारिस प्राप्त गरेको नदेखिएमा महानिर्देशकले त्यस्ता औषधी वा सौन्दर्य प्रसाधन विसर्जन गर्न आदेश दिनसक्नेछ ।

(३) उपदफा (२) बमोजिम विसर्जन गर्न आदेश दिइएकोमा त्यस्तो औषधी विसर्जन गर्दा लाग्ने सम्पूर्ण खर्च उत्पादनकर्ता, वा निजको प्रतिनिधि, वा बिक्रेताले ब्यहोर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको आदेश दिँदा महानिर्देशकले यो ऐनबमोजिम दिइएको अनुमतिपत्र वा सिफारिस बढीमा छ महिनासम्मका लागि निलम्बन गर्न सक्नेछ र सो अवधिमा पनि सुधार नगरेमा त्यस्तो अनुमतिपत्र वा सिफारिस खारेज गर्ने आदेश दिनसक्नेछ।

तर यसरी अनुमतिपत्र पा सिफारिस खारेज गर्ने आदेश दिनु अघि सम्बन्धित व्यक्तिलाई सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्नेछ ।

६१. निरीक्षकलाई सजाय हुने : यो परिच्छेदबमोजिम निरीक्षणका लागि खटिएको निरीक्षकले निरीक्षणको क्रममा यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम विपरीत जानीजानी वा बदनियतसाथ कुनै काम गरी कसैलाई हानि- नोक्सानी पुऱ्याएमा निजलाई प्रचलित नेपाल कानूनबमोजिम विभागीय सजाय हुनेछ ।

६२. <u>निरीक्षणको कार्यमा सहयोग गर्नुपर्ने</u> : (१) यो ऐन बमोजिम औषधी तथा सौन्दर्य प्रसाधनका सम्बन्धमा निरीक्षण गर्न खटिएको निरीक्षकलाई सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) यो ऐन कार्यान्वयन गर्ने सिलसिलामा निरीक्षकले नेपाल प्रहरीको सहयोग मागेमा त्यस्तो सहयोग गर्नु प्रहरीको कर्तव्य हुनेछ।

## परिच्छेद-१२

## <u>राष्ट्रिय औषधी परामर्श परिषद्, प्राविधिक सल्लाहकार समिति र मूल्य निर्धारण समिति</u>

६३. <u>राष्ट्रिय औषधी परामर्श परिषद्</u> : (१) औषधीको अनुसन्धान, विकास र नियमन सम्बन्धी नीतिगत विषयमा नेपाल सरकारलाई परामर्श दिन देहायबमोजिमको राष्ट्रिय औषधी परामर्श परिषद् रहनेछ-

| | | |
|---|---|---|
| (क) | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री वा राज्यमन्त्री | —अध्यक्ष |
| (ख) | सचिव, अर्थ मन्त्रालय | —सदस्य |
| (ग) | सचिव, कृषि तथा पशुपन्छी मन्त्रालय | –सदस्य |
| (घ) | सचिव, मन्त्रालय | –सदस्य |
| (ङ) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग | –सदस्य |
| (च) | महानिर्देशक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | –सदस्य |
| (छ) | महानिर्देशक, पशु सेवा विभाग | —सदस्य |
| (ज) | अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | —सदस्य |
| (झ) | अध्यक्ष, नेपाल फार्मेसी परिषद् | —सदस्य |

| | | |
|---|---|---|
| (ञ) | अध्यक्ष, नेपाल पशु चिकित्सा परिषद् | —सदस्य |
| (ट) | अध्यक्ष, पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् | —सदस्य |
| (ठ) | अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् | —सदस्य |
| (ड) | अध्यक्ष, नेपाल फर्मास्यूटिकल एसोशिएसन | —सदस्य |
| (ढ) | अध्यक्ष , नेपाल औषधी उत्पादक सङ्घ | —सदस्य |
| (ण) | अध्यक्ष, नेपाल औषधी व्यवसायी सङ्घ | —सदस्य |
| (त) | अध्यक्ष, रसायन तथा मेडिकल आपूर्ति सङ्घ नेपाल | —सदस्य |
| (थ) | अध्यक्ष, नेपाल औषधी आयातकर्ता सङ्घ | —सदस्य |
| (द) | अध्यक्ष, नेपाल औषधी थोक व्यवसायी सङ्घ | —सदस्य |
| (ध) | अध्यक्ष, नेपाल पशु औषधी व्यवसायी सङ्घ | —सदस्य |
| (न) | अध्यक्ष, नेपाल पशु औषधी पैठारीकर्ता सङ्घ | —सदस्य |
| (प) | औषधी वा फार्मेसी सम्बन्धी विषयमा विशिष्ट विज्ञता भएका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना महिला सहित तिन व्यक्ति | —सदस्य |
| (फ) | विभागको महानिर्देशक | —सदस्य-सचिव |

(२) उपदफा (१) को खण्ड (प) बमोजिम नियुक्त सदस्यको पदावधि चार वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजहरूलाई पुनः अर्को एक कार्यकालको लागि नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (प) बमोजिम नियुक्त सदस्यको कार्य सन्तोषजनक नभएमा निजलाई नेपाल सरकारले जुनसुकै बखत सदस्य पदबाट हटाउन सक्नेछ।

तर त्यसरी सदस्य पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब अवसर प्रदान गरिनेछ।

(४) उपदफा (१) बमोजिमको परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) औषधीको विकास, अनुसन्धान र अनुमतिपत्र सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) औषधीको उत्पादन, आयात-निर्यात, बिक्री-वितरण र प्रयोगका सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायहरू लगायत निजी क्षेत्रसँग समन्वय र सामञ्जस्यता कायम गर्ने,

(ग) कुनै औषधीको उत्पादन, आयात-निर्यात, बिक्री—वितरण, प्रयोगलाई प्रतिबन्ध लगाउन नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) औषधीको समूह वा उपसमूहको विभाजन वा वर्गीकरणका आधार तयार गर्ने र सोबमोजिमम विभागलाई सिफारिस गर्ने,

(ङ) यो ऐन वा यो ऐन अन्तर्गत बनेका नियमहरूको कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्ने ।

६४. <u>परिषदको बैठक र निर्णय</u> : (१) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषद्को सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठकको निर्णय सर्वसम्मतिको आधारमा हुनेछ । त्यसरी सर्वसम्मति हुन नसकेमा बहुमतको आधारमा निर्णय हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) परिषद्ले आवश्यक देखेमा स्वदेशी वा विदेशी विशेषज्ञ वा कुनै अधिकृतलाई बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गर्नसक्नेछ ।

(६) परिषद्को निर्णय परिषद्को अध्यक्ष र सदस्य—सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) परिषद्को बैठक लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६५. उपसमिति वा कार्यदल गठन गर्नसक्ने : (१) परिषद्ले आफ्नो काम कारबाहीलाई प्रभावकारी रूपले सम्पादन गर्नका लागि सम्बन्धित क्षेत्रका विज्ञ समेत रहेको उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार, कार्याविधि तथा कार्यादेश परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपसमिति वा कार्यदल गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६६. प्राविधिक सल्लाहकार समिति : (१) औषधी तथा सौन्दर्य प्रसाधनको अनुसन्धान, विकास र नियमनसम्बन्धी प्राविधिक विषयमा विभागलाई परामर्श दिन देहाय बमोजिमको प्राविधिक सल्लाहकार समिति गठन हुनेछः

(क) सचिव, मन्त्रालय —अध्यक्ष

(ख) महानिर्देशक –उपाध्यक्ष

(ग) महानिर्देशक, स्वास्थ्य सेवा विभाग –सदस्य

(घ) महानिर्देशक, पशु सेवा विभाग –सदस्य

(ङ) महानिर्देशक, आयूर्वेद तथा वैकल्पिक चिकित्सा विभाग –सदस्य

(च) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग –सदस्य

(छ) निर्देशक, राष्ट्रिय प्रयोगशाला —सदस्य

(ज) प्रमुख, भेटेरिनरी गुणस्तर तथा औषधी उत्पादन प्रयोगशाला —सदस्य

(झ) फार्मेसी वा औषधी विज्ञान विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर शैक्षिक उपाधिसहित सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएका व्यक्तिहरू मध्ये फार्मेसी वा औषधी विज्ञान क्षेत्रबाट एक-एक जना रहने गरी मन्त्रालयले नियुक्त गरेको दुई व्यक्ति —सदस्य

(ञ) महानिर्देशकले तोकेको विभागको वरिष्ठ उप-महानिर्देशक —सदस्य— सचिव

(२) उपदफा (१) को खण्ड (झ) बमोजिम नियुक्त सदस्यको पदावधि चार वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजहरूलाई पुनः अर्को एक कार्यकालको लागि नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (झ) बमोजिम नियुक्त सदस्यको कार्य सन्तोषजनक नभएमा निजलाई नेपाल सरकारले जुनसुकै बखत सदस्य पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्य पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब अवसर प्रदान गरिनेछ ।

(४) उपदफा (१) बमोजिम गठन भएको सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ —

(क) आवश्यक औषधीको सूची तयार गर्ने र सोबमोजिम औषधीको बिक्री-वितरणको व्यवस्था मिलाउन मन्त्रालयलाई सिफारिस गर्ने,

(ख) सरकारी स्तरबाट मूल्य निर्धारण गर्नुपर्ने औषधीको सूची तयार गरी मूल्य निर्धारण गर्न दफा ६८ बमोजिमको समितिसमक्ष सिफारिस गर्ने,

(ग) औषधी तथा सौन्दर्य प्रसाधनको सुरक्षा, प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्न आवश्यक मानदण्ड तयार गर्ने,

(घ) औषधी तथा स्वास्थ्य उपकरणको समूह, उपसमूहको विभाजन तथा वर्गीकरणको लागि विभागलाई आवश्यक सुझाव दिने,

(ङ) नयाँ औषधीको सुरक्षा, प्रभावकारिता र गुणस्तरको विषयमा विभागलाई आवश्यक सुझाव दिने,

(च) औषधीको आपत्कालीन प्रयोग सम्बन्धी विषयमा विभागलाई आवश्यक सुझाव दिने,

(छ) औषधी व्यवसायीको योग्यता तोक्ने तथा मान्यता प्रदान गर्ने,

(ज) नेपाल औषधी सूत्र संहिताको मस्यौदा तयार गर्ने,

(झ) तोकिएबमोजिम अन्य कार्य गर्ने ।

६७. <u>सल्लाहकार समितिको बैठक र निर्णय</u> : (१) सल्लाहकार समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सल्लाहकार समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) सल्लाहकार समितिको सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) सल्लाहकार समितिको बैठकको निर्णय सर्वसम्मतिको आधारमा हुनेछ । त्यसरी सर्वसम्मति हुन नसकेमा बहुमतको आधारमा निर्णय हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) सल्लाहकार बमोजिमको समितिमा आवश्यकता अनुसार सम्बन्धित विषयमा प्राविधक विज्ञता भएको व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(६) सल्लाहकार समितिको निर्णय सल्लाहकार समितिको अध्यक्ष र सदस्य—सचिवद्धारा प्रमाणित गरिनेछ ।

(७) सल्लाहकार समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६८. <u>औषधी मूल्य निर्धारण समितिको गठन</u> : (१) नेपाल सरकारले औषधीको मूल्य निर्धारण तथा समय समयमा त्यसको पुनर्विलोकन गर्न देहाय बमोजिमको औषधी मूल्य निर्धारण समिति गठन गर्नेछ-

(क) फार्मेसी वा चिकित्सा विज्ञान वा जन स्वास्थ्य विषयमा स्नातकोत्तर उपाधिसहित सो क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएका व्यक्तिहरू मध्ये नेपाल सरकारले नियुक्त गरेको व्यक्ति — अध्यक्ष

(ख) फार्मेसी, चिकित्सा विज्ञान वा जन स्वास्थ्य विषयमा स्नातकोत्तर तहको शैक्षिक उपाधिसहित सो क्षेत्रमा कम्तीमा सात वर्षको कार्य अनुभव भएका व्यक्तिहरू मध्ये कम्तीमा एकजना महिला सहित नेपाल सरकारले नियुक्त गरेको तिन — सदस्य

व्यक्ति

(ग) स्वास्थ्य अर्थशास्त्र वा औषधीय अर्थशास्त्र विषयमा स्नातकोत्तर शैक्षिक उपाधिसहित सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएका व्यक्तिहरू मध्ये नेपाल सरकारले नियुक्त गरेको व्यक्ति — सदस्य

(२) उपदफा (१) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरूको नियुक्ति समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको काम सन्तोषजनक नभएमा वा आफ्नो जिम्मेवारी सम्पादन गर्न असफल भएमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर अध्यक्ष वा सदस्य पदबाट हटाउनु अघि निजलाई लगाइएको आरोपका विषयमा सफाइ पेस गर्ने मनासिब मौका प्रदान गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको मूल्य निर्धारण समितिको अध्यक्ष तथा सदस्यको सेवा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको सचिवालय सम्बन्धी काम मन्त्रालयले गर्नेछ ।

६९. अयोग्यता : देहायको व्यक्ति अध्यक्ष वा सदस्य पदमा नियुक्ति हुन वा बहाल रहन योग्य हुने छैनः

(क) गैरनेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण

सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तिन वर्ष पूरा नभएको,

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेको सङ्गठित संस्थाको बहालवाला कर्मचारी,

(च) बैङ्क तथा वित्तीय संस्था वा अन्य कसैको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(छ) नियुक्ति हुँदाका समय राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको।

७०. <u>औषधी मूल्य निर्धारण समितिको बैठक र निर्णय</u> : (१) औषधी मूल्य निर्धारण समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) औषधी मूल्य निर्धारण समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) औषधी मूल्य निर्धारण समितिको सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) औषधी मूल्य निर्धारण समितिको बैठकको निर्णय सर्वसम्मतिको आधारमा हुनेछ। त्यसरी सर्वसम्मति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) औषधी मूल्य निर्धारण समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) औषधी मूल्य निर्धारण समितिको निर्णय समितिको अध्यक्षद्वारा प्रमाणित गरिनेछ।

(७) औषधी मूल्य निर्धारण समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) औषधी मूल्य निर्धारण समितिले औषधीको मूल्य निर्धारण सम्बन्धमा गरेको निर्णय समितिको वेबसाइटमा नेपाल राजपत्रमा प्रकाशन गरेको मितिबाट लागू हुनेछ ।

७१. <u>अध्यक्ष तथा सदस्य नियुक्तिको सिफारिस</u> : (१) दफा ६८ बमोजिमको औषधी मूल्य निर्धारण समितिको अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि नेपाल सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ‘

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | — संयोजक |
| (ख) | मन्त्रालयले नियुक्त गरेको औषधी वा फार्मेसी विज्ञ एक जना | — सदस्य |
| (ग) | मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | —सदस्य—सचिव |

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्य नियुक्ति गर्न उम्मेदवार सिफारिस गर्ने प्रयोजनको लागि ईच्छुक उम्मेदवारलाई आवेदन सहितको व्यक्तिगत विवरण पेस गर्न कम्तीमा पन्ध्र दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) सिफारिस समितिले उपदफा (२) बमोजिम आवेदन दिने उम्मेदवारहरू मध्येबाट उपयुक्त उम्मेदवारको नाम तीस दिनभित्र मन्त्रालयमार्फत नेपाल सरकार समक्ष सिफारिस गर्नु पर्नेछ ।

(४) अध्यक्ष तथा सदस्यको लागि उम्मेदवार सिफारिस गर्ने सम्बन्धी आधार र प्रक्रिया समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७२. <u>औषधीको मूल्य निर्धारण गर्ने</u> : (१) औषधी मूल्य निर्धारण समितिले देहायका आधारमा औषधीको मूल्य निर्धारण गर्नेछ‘

(क) उत्पादकले निर्धारण गरेको आधार बिक्री मूल्य,

(ख) बिमा तथा ढुवानी खर्च,

(ग) बन्दरगाह तथा निरीक्षण शुल्क,

(घ) औषधी आयात शुल्क,

(ङ) लागत मूल्य अन्तर (आयातकर्ता, थोक बिक्रेता तथा खुद्रा बिक्रेता बिचको),

(च) कर वा महसुल लाग्ने भएमा सो कर वा महसुल,

(छ) परिवहन तथा वितरण शुल्क,

(ज) औषधी बिक्री प्रवर्द्धनमा लाग्ने शुल्क,

(झ) नेपाल राष्ट्र बैंकले जारी गरेको वार्षिक थोक मूल्य सूचकाङ्क,

(ञ) औषधी मूल्य निर्धारण सम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्त र अभ्यास।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जीवन रक्षक, प्रतिजैविक (एन्टिबायोटिक), कडा रोगमा उपयोगी औषधी र नवप्रवर्तन औषधी सुलभ मूल्यमा उपलब्ध गराउन औषधीको मूल्य निर्धारणका लागि फरक आधार लिन सकिनेछ।

(३) औषधीको मूल्य निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—१३

## अन्तर्राष्ट्रिय सहयोग र सहकार्य

७३. अन्तर्राष्ट्रिय सहयोग : विभागले औषधीको अनुसन्धान र नियमनका कार्यमा नवीन सिद्धान्त तथा मानदण्ड विकास गर्न तथा विभागको प्राविधिक क्षमता अभिवृद्धिका लागि अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयसँग आवश्यक समन्वय गरी अन्तर्राष्ट्रिय संस्था तथा अन्य देशका समान उद्देश्य भएका नियामक निकायसँग आपसी सहयोग तथा सहकार्य गर्नसक्नेछ ।

७४. <u>सूचना तथा जानकारी आदानप्रदान</u> : विभागले औषधी तथा सौन्दर्य प्रसाधनको सम्बन्धमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय नियामक निकायसँग देहायका विषयमा आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्न सक्नेछः

(क) औषधी उत्पादन, बजारीकरण, आयात-निर्यात, गुणस्तर, मूल्याङ्कन तथा निरीक्षण पद्धति लगायत नियमन सम्बन्धी अन्य क्रियाकलाप सम्बन्धमा,

(ख) औषधी प्रयोगशाला परीक्षण प्रतिवेदनलाई एकआपसमा मान्यता दिने सम्बन्धमा,

(ग) फार्मेसी सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मानदण्ड तथा सूत्र संहितालाई मान्यता दिने सम्बन्धमा,

(घ) औषधी उत्पादनका क्षेत्रमा विकसित नवीन प्रविधि र ज्ञान आदानप्रदान गर्ने सम्बन्धमा,

(ङ) नियमन सम्बन्धी कार्यलाई सबल र प्रभावकारी बनाउने कानूनी उपायका सम्बन्धमा,

(च) उपयोगी सूचना तथा जानकारी आदानप्रदान गर्ने सम्बन्धमा,

(छ) औषधीको क्षेत्रमा कृत्रिम प्रज्ञा (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रयोग र नियमनका विधिका सम्बन्धमा,

(ज) औषधीसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, प्रोटोकलहरूको कार्यान्वयन सम्बन्धमा

(झ) विशेष रोगको उपचारमा प्रयोग भएका औषधीको असर सम्बन्धी प्रयोगशालाबाट प्राप्त नतिजा तथा तथ्याङ्क आदनप्रदान सम्बन्धमा ।

## परिच्छेद-१४

## <u>औषधी तथा सौन्दर्य प्रसाधनको नियमन र नियन्त्रण</u>

७५. <u>औषधीको दुरूपयोग गर्न नहुने</u> : कसैले पनि औषधी वा औषधीको सक्रिय पदार्थ वा साधक पदार्थको दुरूपयोग गर्नु वा गराउनु हुँदैन ।

स्पष्टीकरण : यो दफाको प्रयोजनका लागि "औषधीको दुरूपयोग" भन्नाले चिकित्सकको निर्देशपत्र आवश्यक पर्ने भनी वर्गीकृत औषधी चिकित्सकको निर्देशपत्र बिना प्रयोग गर्न दिएमा वा बिक्री-वितरण गरे वा गराएमा वा औषधी वा औषधीको सक्रिय वा साधक पदार्थ जुन उद्देश्य वा प्रयोजनको लागि प्रयोग गर्नुपर्ने हो सो भन्दा भिन्न उद्देश्य वा प्रयोजनको लागि प्रयोग गरे वा गराएमा औषधीको दुरूपयोग सम्झनु पर्छ ।

७६. न्यून गुणस्तरको औषधी वा सौन्दर्य प्रसाधन प्रयोग गर्न नहुने : कसैले पनि न्यून गुणस्तरको औषधी तथा सौन्दर्य प्रसाधनको उत्पादन, बजारीकरण, आयात-निर्यात, बिक्री-वितरण, प्रयोग वा सेवन गर्नु वा गराउनु हुँदैन ।

७७. नक्कली औषधी वा सौन्दर्य प्रसाधन प्रयोग गर्न नहुने : कसैले पनि नक्कली औषधी वा सौन्दर्य प्रसाधनको उत्पादन, बजारीकरण, आयात-निर्यात, बिक्री-वितरण, प्रयोग वा सेवन गर्नु वा गराउनु हुदैन ।

७८. म्याद नाघेको औषधी वा सौन्दर्य प्रसाधन प्रयोग गर्न नहुने : कसैले पनि म्याद नाघेको औषधी वा सौन्दर्य प्रसाधनको आयात -निर्यात, बिक्री-वितरण, प्रयोग वा सेवन गर्नु वा गराउनु हुँदैन ।

७९. न्यून गुणस्तरको स्वास्थ्य उपकरण प्रयोग गर्न नहुने : (१) कसैले पनि न्यून गुणस्तरको स्वास्थ्य उपकरणको उत्पादन, बजारीकरण, आयात-निर्यात, बिक्री-वितरण वा प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(२) कुनै पनि देशमा एक पटक प्रयोग भइसकेको, पुरानो, मर्मत गरिएको वा पुनर्निर्मित स्वास्थ्य उपकरण नेपालमा आयात गर्नु वा गराउनु हुँदैन ।

(३) असुरक्षित, गुणस्तरहीन र प्रयोजन अनुसारको प्रभाव र कार्यक्षमता नभएको स्वास्थ्य उपकरणको उत्पादन, बजारीकरण, आयात-निर्यात, बिक्री-वितरण वा प्रयोग गर्नु वा गराउनु हुँदैन ।

८०. झुट्टो वा भ्रामक प्रचार गर्न नहुने : (१) कसैले पनि औषधी वा सौन्दर्य प्रसाधनको सुरक्षा, प्रभावकारिता, गुणस्तर वा उपयोगिताका सम्बन्धमा झुट्टो वा भ्रामक प्रचार गर्नु वा गराउनु हुँदैन ।

(२) कसैले पनि औषधी बाहेकको अन्य पदार्थ वा वस्तुलाई औषधी भनी बिक्री-वितरण वा उपचारका लागि प्रयोग गर्नु वा गराउनु हुँदैन ।

८१. छद्मनाम वा मिसावटी औषधी बिक्री-वितरण वा प्रयोग गर्न नहुने : (१) कुनै पनि औषधी छद्मनाम वा मिसावट गरी उत्पादन, बिक्री-वितरण वा प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(२) कसैले पनि जानीजानी औषधीको प्रभाव शून्य वा घटी वा हानिकारक हुने गरी मिसावट गर्नु वा मिसावट गरिएको औषधी बिक्री-वितरण वा उपचारका लागि प्रयोग गर्नु वा गराउनु हुँदैन ।

८२. औषधीको अनुचित बिक्री प्रवर्द्धन गर्न नहुने: कसैले पनि अनुचित वा आर्थिक लाभ वा प्रलोभन दिई औषधी वा सौन्दर्य प्रसाधनको बिक्री प्रवर्द्धन गर्नु वा गराउनु हुँदैन ।

८३. बढी मूल्य लिन नपाइने : (१) औषधी मूल्य निर्धारण समितिले निर्धारण गरेको मूल्यभन्दा बढी मूल्यमा औषधी बिक्री-वितरण गर्नु वा गराउनु हुँदैन ।

(२) सौन्दर्य प्रसाधनको हकमा सोको सूचकपत्रमा उल्लेख भएको भन्दा बढी मूल्यमा बिक्री-वितरण गर्नु वा गराउनु हुँदैन ।

८४. नेपाल सरकारले निर्देशन दिनसक्ने : (१) विपद्, महामारी, संक्रामक रोग लगायतका कारण बजारमा औषधीको अभाव भएमा वा हुन सक्ने सम्भावना भएमा नेपाल सरकारले परिषद्को सिफारिसमा औषधीको सक्रिय तत्त्व वा औषधी सूत्र (फर्मुलेसन) को उत्पादन बढाई स्वदेशमा नै औषधी उत्पादन वृद्धि गर्न वा विदेशबाट औषधी आयात गरी सहज र सर्वसुलभ रूपमा औषधीको बिक्री-वितरण गर्ने व्यवस्था मिलाउन आवश्यक निर्देशन दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित औषधी उत्पादक तथा आयातकर्ताको कर्तव्य हुनेछ ।

८५. नेपाल सरकारले प्रतिबन्ध लगाउन सक्ने : औषधीको उत्पादन, बजारीकरण, बिक्री-वितरण, भण्डारण, आयात-निर्यात वा प्रयोग गर्नको लागि प्रतिबन्ध लगाउनु पर्ने उचित आधार र कारण देखिएमा परिषद्को सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी

त्यस्तो औषधीको उत्पादन, बिक्री-वितरण, भण्डारण, आयात-निर्यात वा प्रयोग मध्ये सबै वा कुनै कार्य गर्न प्रतिबन्ध गर्ने आदेश जारी गर्न सक्नेछ ।

## परिच्छेद-१५

## कसुर, सजाय र क्षतिपूर्ति

८६. कसूर : कसैले देहाय बमोजिमको कुनै कार्य गरे वा गराएमा यो ऐन बमोजिमको कसुर गरेको मानिनेछः-

(क) यो ऐन बमोजिम लिनुपर्ने अनुमतिपत्र वा सिफारिस नलिई देहायको कार्य गरेमाः-

(अ) औषधी, स्वास्थ्य उपकरण र सौन्दर्य प्रसाधनको उत्पादन, बजारीकरण, आयात -निर्यात, बिक्री-वितरण वा प्रयोग,

(आ) नयाँ औषधीको नैदानिक परीक्षण,

(इ) औषधीको आपत्कालीन तथा उपकारी प्रयोग ।

(ख) दफा ९ बमोजिम सम्झौता दर्ता नगरी उत्पादन गरेमा,

(ग) दफा १६ विपरीत बजारीकरण अनुमति प्राप्त नभएको औषधी बिरामीको प्रयोगको लागि सिफारिस गरेमा,

(घ) दफा १७ बमोजिम बिक्री-वितरण गर्न निषेध गरिएको औषधी बिक्री-वितरण गरेमा,

(ङ) दफा १८ विपरीत सार्वजनिक स्थलमा औषधी ब्रिक्री-वितरण गरेमा,

(च) दफा २७ विपरीत अनुमतिपत्र वा सिफारिसको सर्त संशोधन वा परिवर्तन गरेमा,

(छ) दफा २८ बमोजिम नवीकरण नगरी कामकारबाही गरेमा,

(ज) दफा ३३ विपरीत विभागबाट सहमति नलिई औषधी आयात वा वितरण गरेमा,

(झ) दफा ३४ विपरीत विषालु, मनोद्विपक वा लागु औषधी बिक्री-वितरण गरेमा,

(ञ) दफा ३८ विपरीत पूर्व स्वीकृति नलिई औषधीको विशिष्टीकृत विवरण परिवर्तन गरेमा,

(ट) दफा ४३ विपरीत सूचकपत्र नराखेमा वा केरमेट वा परिवर्तन गरेमा वा सच्याएमा,

(ठ) दफा ४४ बमोजिमको पेस गर्नुपर्ने औषधीय सतर्कता सम्बन्धी विवरण पेस नगरेमा,

(ड) दफा ४५ को उपदफा (२) बमोजिम विवरण पेस नगरेमा,

(ढ) दफा ४५ को उपदफा (४) बमोजिम विभागले दिएको निर्देशन पालना नगरेमा,

(ण) दफा ४६ को उपदफा (२) बमोजिम औषधी फिर्ता नगरेमा,

(त) दफा ४६ को उपदफा (४) विपरीत अर्को खेप उत्पादन, बजारीकरण, आयात वा प्रयोग गरेमा,

(थ) दफा ५० विपरीत प्रयोगशाला स्थापना गरेमा,

(द) दफा ५८ बमोजिम निरीक्षकलाई प्रवेश गर्न निषेध वा अवरोध गरेमा,

(ध) दफा ६२ विपरीत निरीक्षणको कार्यमा असहयोग वा अवरोध गरेमा,

(न) दफा ७५ विपरीत औषधीको दुरूपयोग गरे वा गराएमा,

(प) दफा ७६ विपरीत न्यून गुणस्तरको औषधी वा सौन्दर्य प्रसाधनको उत्पादन, बजारीकरण, आयात -निर्यात, बिक्री-वितरण वा प्रयोग गरे वा गराएमा,

(फ) दफा ७७ विपरीत नक्कली औषधी वा सौन्दर्य प्रसाधनको उत्पादन, बजारीकरण, आयात-निर्यात, बिक्री-वितरण वा प्रयोग गरे वा गराएमा,

(ब) दफा ७८ विपरीत म्याद नाघेको औषधी वा सौन्दर्य प्रसाधनको उत्पादन, बजारीकरण, आयात-निर्यात, बिक्री-वितरण वा प्रयोग गरे वा गराएमा,

(भ) दफा ७९ विपरीत न्यून गुणस्तरको स्वास्थ्य उपकरण उत्पादन, बजारीकरण, आयात-निर्यात, बिक्री-वितरण वा प्रयोग गरे वा गराएमा,

(म) दफा ८० विपरीत औषधीको सुरक्षा, प्रभावकारिता, गुणस्तर वा उपयोगिताका सम्बन्धमा झुट्टो वा भ्रामक प्रचार गरे वा गराएमा,

(य) दफा ८१ विपरीत छद्‌मनाम वा मिसावटी औषधी उत्पादन, बजारीकरण, आयात -निर्यात, बिक्री -वितरण वा प्रयोग गरे वा गराएमा,

(र) दफा ८२ विपरीत औषधीको अनुचित बिक्री प्रवर्द्धन गरे वा गराएमा,

(ल) दफा ८३ विपरीत निर्धारित मूल्य भन्दा बढी मूल्यमा औषधी बिक्री-वितरण गरे वा गराएमा,

(व) दफा ८४ बमोजिम नेपाल सरकारले दिएको निर्देशनको पालना नगरे वा नगराएमा,

(श) दफा ८५ बमोजिम नेपाल सरकारले लगाएको प्रतिबन्धको पालना नगरेमा,

(ष) दफा ९७ बमोजिम स्वीकृति प्राप्त नगरी औषधीको विज्ञापन गरे वा गराएमा,

(स) दफा ९८ बमोजिम औषधीको विसर्जन नगरेमा वा सो विपरीत विसर्जन गरे वा गराएमा ।

८७. <u>सजाय</u> : (१) दफा ८६ को खण्ड (न), (प), (फ), (ब), (भ) वा (य) बमोजिमको कसुर गरेमा देहायबमोजिम सजाय हुनेछ-

(क) त्यस्तो औषधीको कारणले कसैको मृत्यु भएमा जन्मकैद,

(ख) त्यस्तो औषधीको प्रयोग गरेको कारणले कसैको जीउज्यानमा गम्भीर असर पुगेमा दुई वर्षसम्म कैद वा दुई लाख रूपैयाँसम्म जरिबाना वा दुवै,

(ग) उपदफा (१) र (२) बाहेकको अवस्थामा छ महिनासम्म कैद वा पचास हजारसम्म जरिबाना वा दुवै,

(घ) त्यस्तो औषधीबाट जीउज्यानलाई कुनै हानि-नोक्सानी नभएको तर आर्थिक क्षति पुगेको रहेछ भने सो रकम बरावरको जरिबाना ।

(२) दफा ८६ को खण्ड (क), (घ), (ज), (झ), (ञ), (ट), (ण), (त), (ल), (श) वा (स) अन्तर्गतको कसुर गरेमा कसुरको मात्राअनुसार तिन महिनासम्म कैद वा पच्चीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) र (२) मा उल्लिखित र महानिर्देशकले जरिबाना गर्ने भनी तोकिए बाहेक यो ऐन वा यो ऐन अन्तर्गत बनेका नियम विपरीत गरिएको कुनै कामकारबाही कसुर ठहरिने भएमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई कसुरको मात्राअनुसार तिन महिनासम्म कैद वा पच्चीस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(४) यो ऐन बमोजिम कसुर हुने कार्य अन्य प्रचलित नेपाल कानूनबमोजिम पनि कसुर मानिने रहेछ भने त्यस्तो कानूनबमोजिम अलग सजाय गर्न यो ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

८८. <u>जरिबाना गर्नसक्ने</u> : (१) दफा ८६ को खण्ड (ख), (ग), (ङ), (च), (छ), (ठ), (ड), (ढ), (थ), (द), (ध), (म), (र), (व) वा (ष) अन्तर्गतको कसुर गरेमा कसुरको मात्राअनुसार महानिर्देशकले पाँच हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कसुर पुनः गरेमा अघिल्लो पटक भएको जरिबाना पटक्कै पिच्छे दोब्बर जरिबाना हुनेछ ।

तर यसरी पटक्कै पिच्छे जरिबाना गर्दा पहिलो पटक हुने जरिबानाको तिन गुणाभन्दा बढी जरिबाना हुने छैन ।

(३) उपदफा (१) बमोजिम जरिबाना गर्ने गरी निर्णय भएको मितिले सात कार्यदिन भित्र सो जरिबाना नतिर्ने वा नबुझाउने उत्पादक, आयातकर्ता, थोक बिक्रेता वा फार्मेसीलाई विभागले जरिबाना रकम नतिरे वा नबुझाएसम्म त्यस्तो औषधी उत्पादक, आयातकर्ता वा बिक्रेताको अनुमतिपत्र निलम्बन वा खारेज गर्न सक्नेछ ।

८९. <u>पुनरावेदन गर्नसक्ने</u> : यो ऐन बमोजिम महानिर्देशकले दिएको आदेश वा जरिबाना उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश वा जरिबानाको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्नसक्नेछ ।

९०. <u>क्षतिपूर्ति</u> : (१) कुनै मानिसलाई औषधीको प्रयोग वा सेवनले गम्भीर असर पुगेमा त्यस्तो पीडित वा कुनै मानिस वा पशुको मृत्यु भएमा मानिसको हकमा निजको हकवाला र पशुको हकमा पशुको मालिकले मनासिब क्षतिपूर्तिको लागि सम्बन्धित जिल्ला अदालतमा उजुरी दिन सक्नेछ ।

(२) यो दफाबमोजिम क्षतिपूर्ति निर्धारण गर्दा देहायका विषयलाई आधार लिनुपर्नेछ-

(क) त्यस्तो औषधीको प्रयोगबाट उत्पन्न प्रतिकूल प्रभावको उपचार गर्न लाग्ने वा लागेको खर्च,

(ख) रोजगारी वा व्यावसाय गुम्ने अवस्था भएमा सो बापत्को मनासिब रकम,

(ग) अनुमतिपत्र प्राप्त संस्थाको आर्थिक हैसियत र क्षमता,

(घ) पीडित मानिसले सहनु परेको वा भोग्नु परेको शारिरीक कष्ट, पीडा वा अपाङ्ग वा अङ्गभङ्ग भएकोमा सोको मात्रा,

(ङ) पशुको मृत्यु भएकोमा सोको बजार मूल्य ।

(३) क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद–१६

## कसुरको अनुसन्धान र अभियोजन

९१. कसुरको अनुसन्धान : (१) यो ऐन अन्तर्गतको कसुरको अनुसन्धान निरीक्षकको रूपमा खटाइएको कुनै कर्मचारीलाई विभागले अनुसन्धान अधिकृत तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान गर्दा कसुरमा संलग्न व्यक्तिलाई प्रचलित कानून बमोजिम पक्राउ गर्ने, त्यस्तो व्यक्ति वा स्थानको खानतलासी लिने, सम्बन्धित कागजात वा अन्य मालवस्तु आफ्नो नियन्त्रणमा लिने तथा सर्जमिन मुचुल्का तयार गर्नेसम्मका अधिकार अनुसन्धान अधिकृतलाई हुनेछ ।

(३) यो दफा बमोजिम अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा मनासिब आधार भएमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई बढीमा पच्चीस दिनसम्म थुनामा राख्न सक्नेछ ।

(४) यो ऐन बमोजिमको कुनै काम कारबाही गर्दा अनुसन्धान अधिकृतले आवश्यकता अनुसार नेपाल प्रहरी र स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ । त्यसरी सहयोग माग भएमा नेपाल प्रहरी र स्थानीय प्रशासनले आवश्यक सहयोग प्रदान गर्नुपर्नेछ ।

(५) यो दफा बमोजिम मुद्दाको अनुसन्धान तथा आवश्यक कागजात तयार गर्न विभागको कानून शाखासँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

(६) यो दफाको प्रयोजनको लागि धरौटी सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

९२. <u>मुद्दा दायर</u> :(१) अनुसन्धान अधिकृतले दफा ९१ बमोजिम अनुसन्धान सम्पन्न भएपछि रायसहितको सक्कल मिसिल निर्णयका लागि सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा चल्ने निर्णय भई सम्बन्धित सरकारी वकिल कार्यालयबाट मिसिल फिर्ता आएपछि अनुसन्धान अधिकृतले देहायबमोजिम उल्लेख गरी अभियोगपत्र तयार गरी सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्नेछ-

(क) अभियुक्तको पूरा नाम, थर, ठेगाना, हुलिया, उमेर, पेसा वा व्यवसाय,

(ख) अभियुक्तको बाबु, आमा वा पति, पत्नीको नाम,

(ग) अभियुक्तको वास्तविक पहिचान खुल्ने विवरण (नागरिकता वा राहदानी, सवारी चालक अनुमतिपत्र वा परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि),

(घ) अभियुक्तको औँलाको छाप,

(ङ) कसुरसँग सम्बन्धित सूचना तथा विवरण,

(च) कसुर सम्बन्धी दसी, प्रमाण,

(छ) निरीक्षण प्रतिवेदन,

(ज) अभियोग र त्यसको आधार र कारण,

(झ) प्रयोग हुनु पर्ने कानून र त्यसको आधार,

(ञ) सजायको माग दाबी र त्यसको आधार,

(ट) कसुरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनुपर्ने भए त्यस्तो क्षतिपूर्तिको रकम,

(ठ) कसुरसँग सम्बन्धित अन्य आवश्यक विवरण ।

९३. <u>नेपाल सरकार वादी हुने</u> :यो ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी हुनेछ ।

तर दफा ८७ को उपदफा (१) को खण्ड (क) बमोजिम जन्मकैदको सजाय हुने कसुर सम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची — १ मा परेको मानिनेछ ।

९४. <u>संक्षिप्त कार्यविधि अवलम्बन गर्नुपर्ने</u> : यो परिच्छेदबमोजिम दायर मुद्दाको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद–१७

## <u>विविध</u>

९५. <u>सङ्गठित संस्थाले कसुर गरेको सम्बन्धमा</u> : कुनै सङ्गठित संस्थाले यो ऐन अन्तर्गतको कसुर गरेमा र सो कसुर त्यस्तो सङ्गठित संस्थाको संस्थापक, सञ्चालक, कार्यकारी निर्देशक, व्यवस्थापक, कम्पनी सचिव वा सेयरधनीको लापरबाहीका कारण भएको प्रमाणित भएमा त्यस्तो लापरबाही गर्ने व्यक्तिले निजको जानकारी बिना सो कसुर भएको प्रमाण पेस गर्न नसकेमा सो कसुरका लागि निजलाई जिम्मेवार मानी यो ऐन बमोजिम सजाय हुनेछ ।

९६. <u>उत्तम अभ्यासको निर्धारण र प्रमाणीकरण</u> : (१) विभागले नेपालभित्र औषधीको उत्पादन, नैदानिक परीक्षण, बिक्री-वितरण, प्रयोगशाला परीक्षण वा तोकिएका अन्य विषयको उत्तम अभ्यासको निर्धारण गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको औषधीको उत्पादन, नैदानिक परीक्षण, बिक्री-वितरण, प्रयोगशाला परीक्षण वा तोकिएका अन्य विषयमा अनुसूची —१ बमोजिमको शुल्क लिई विभागले उत्तम अभ्यास पालनाको प्रमाणीकरण गर्नेछ ।

९७. <u>औषधीको विज्ञापन गर्न स्वीकृति लिनुपर्ने</u> : (१) औषधी प्रयोगको प्रवर्द्धनको लागि विज्ञापन गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले विभागको स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति प्राप्त गर्न तोकिएको ढाँचामा विभागसमक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर विभागले आवश्यक जाँचबुझ गर्दा निवेदनमा उल्लिखित औषधीको विज्ञापन वा प्रचार गर्न उपयुक्त देखेमा प्रचार वा

विज्ञापन गर्ने प्रत्येक औषधीको लागि औषधीको विज्ञापन वा प्रचार सम्बन्धी आवश्यक सर्त तोकी विभागले अनुसूची —१ बमोजिमको शुल्क लिई विज्ञापनको स्वीकृति दिनसक्नेछ ।

स्पष्टीकरणः यो दफाको प्रयोजनको लागि "विज्ञापन" भन्नाले कुनै पत्र पत्रिका, रेडियो, टेलिभिजन, अनलाईन मिडिया, पुस्तिका, विद्युतीय सामाजिक सञ्जाल वा अन्य माध्यमबाट औषधी सम्बन्धमा जानकारी दिने उद्देश्यले प्रकाशित सूचना सम्झनु पर्छ । सो शब्दले प्रकाश, श्रव्य, दृश्य वा त्यस्तै माध्यमबाट जानकारी दिने कार्य समेतलाई जनाउँछ।

९८. विसर्जन गर्नुपर्ने : (१) दफा ५७ बमोजिम जफत गरिएका औषधीको सम्बन्धमा अदालतमा दायर भएको मुद्दाको फैसलामा यो ऐन वा यो ऐन अन्तर्गतका नियम विपरीत कार्य गरेको ठहर भएमा जफत गरेको त्यस्तो औषधी विसर्जन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वा यो ऐनमा अन्यत्र रहेका व्यवस्था बमोजिम औषधी तथा सम्बद्ध वस्तु तोकिए बमोजिम विसर्जन गर्नु पर्नेछ ।

९९. विद्युतीय प्रणालीको स्थापना : (१) यो ऐन र यो ऐन अन्तर्गत बनेको नियम बमोजिमको अनुमतिपत्र वा सिफारिस लगायतका सेवा प्रदान गर्नको लागि विभागले विद्युतीय प्रणालीको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(२) यो ऐन बमोजिम प्रदेश तथा स्थानीय तहबाट सम्पादन हुने कामकारबाहीको लागि उपदफा (१) बमोजिमको प्रणाली प्रयोग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रणालीको स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१००. द्रुत रूपमा अनुमतिपत्र वा सिफारिस प्रदान गर्नसक्ने : (१) यो ऐन बमोजिमको पूर्वस्वीकृति, अनुमतिपत्र, सिफारिस वा विज्ञापन गर्ने स्वीकृति प्राप्त गर्न विभागबाट द्रुत सेवा लिन चाहने सङ्गठीत संस्थाले सम्बन्धित कार्यका लागि अनुसूची —१ मा तोकिएको शुल्कको दोबर शुल्क बुझाई त्यस्तो सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम द्रुत रूपमा अनुमतिपत्र वा सिफारिस प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०१. पेटेण्ट अधिकार : औषधीको पेटेण्ट सम्बन्धी अधिकार प्रचलित नेपाल कानूनबमोजिम हुनेछ।

१०२. प्रतिलिपि माग गर्नसक्ने : (१) यो ऐन बमोजिम दिइएको अनुमतिपत्र वा सिफारिस हराएमा वा नष्ट भएमा त्यसको प्रमाणित प्रतिलिपि लिन चाहने सम्बन्धित व्यक्तिले त्यसरी हराएको वा नष्ट भएको ब्यहोरा खुलाई तोकिए बमोजिम विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा संलग्न कागजातका सम्बन्धमा आवश्यक छानबिन गर्दा प्रतिलिपि दिन मनासिब देखिएमा विभागले अनुसूची —१ बमोजिमको शुल्क लिई त्यस्तो प्रतिलिपि प्रदान गर्नु पर्नेछ ।

१०३. हित वा स्वार्थ बाँझिएमा निर्णय प्रक्रियाबाट अलग रहने : (१) यो ऐन बमोजिम निर्णय गर्नुपर्ने कुनै विषयमा निर्णयमा संलग्न व्यक्तिको हित, सरोकार वा स्वार्थ रहेको वा निजको नजिकको नातेदार प्रत्यक्ष रूपमा प्रभावित हुने भएमा सो कुराको लिखित जानकारी दिई सो विषयको निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखित जानकारी दिएको विषय निर्णय पुस्तिकामा लेखुपर्नेछ ।

(३) उपदफा (१) विपरीत निर्णय प्रक्रियामा सहभागी भएको पुष्टि भएमा देहाय बमोजिम सजाय हुनेछ-

(क) विभागीय सजाय हुन सक्ने पदाधिकारी भए प्रचलित नेपाल कानूनबमोजिम विभागीय सजाय हुनेछ,

(ख) अन्यको हकमा त्यस्तो निर्णयबाट निज वा निजको नातेदारले प्राप्त गरेको लाभ बराबरको रकम वा दशलाख रूपैयाँमध्ये जुन बढी हुन्छ सो रकम जरिबाना गरी निजलाई पदबाट निष्कासन गर्न सकिनेछ ।

तर यो उपदफा बमोजिमको सजाय गर्नुअघि निजलाई लगाइएको आरोपका सम्बन्धमा सफाइ पेस गर्ने मनासिब मौका दिइनेछ ।

१०४. अधिकार प्रत्यायोजन : महानिर्देशकले यो ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा केही अधिकार आफू मातहतको कुनै अधिकृत वा अन्य कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०५. प्रचलित कानून बमोजिम हुने : यो ऐनमा लेखिए जति विषयमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१०६. अनुसूचीमा हेरफेर गर्ने अधिकार: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्नसक्नेछ ।

१०७. नियमहरू बनाउने अधिकार : (१) यो ऐन कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

(२) यो ऐन प्रतिकूल नहुने गरी प्रदेशले औषधीको खुद्रा बिक्री-वितरण, औषधी पसल र फार्मेसी दर्ता सम्बन्धमा आवश्यक नियम बनाउन सक्नेछ ।

(३) यो ऐन प्रतिकूल नहुने गरी स्थानीय तहले सौन्दर्य प्रसाधन व्यवसायको दर्ता, औषधीको खुद्रा बिक्री-वितरण तथा औषधी पसल र फार्मेसीको निरीक्षण सम्बन्धमा आवश्यक नियम बनाउन सक्नेछ ।

१०८. निर्देशिका र कार्यविधि बनाउने अधिकार: (१) यो ऐनको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियमहरूको अधीनमा रही आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएका निर्देशिका र कार्यविधि नेपाल राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछन् ।

१०९. नेपाल औषधी सूत्र संहिता : नेपाल सरकारले नेपालमा उत्पादित औषधीलाई गुणस्तरीय र अन्तर्राष्ट्रियस्तरमा सामञ्जस्य कामय राख्न नेपाल औषधी सूत्र संहिता बनाइ लागू गर्न सक्नेछ।

१११०. <u>सङ्घीय संसदमा पेस गर्नुपर्ने</u> : नेपाल सरकारले दफा १०७ को उपदफा (१) र दफा १०८ बमोजिमका नियम, निर्देशिका तथा कार्यविधिलाई नेपाल सरकारले संघीय संसदको दुवै सदनमा पेस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस भएका नियम, निर्देशिका तथा कार्यविधि ऐनको व्यवस्थासँग सामञ्जस्य नभएमा सङ्घीय संसदले संशोधन गर्न निर्देश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्देश भएमा नेपाल सरकारले सोही बमोजिम सम्बन्धित नियम, निर्देशिका वा कार्यविधिमा संशोधन गर्नुपर्नेछ ।

१११. <u>खारेजी र बचाउ</u> : (१) देहायका नेपाल कानून खारेज गरिएको छ-

(क) औषधी ऐन, २०३५,

(ख) आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ को दफा ६ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका नेपाल कानूनबमोजिम भए गरेका काम कारबाही तथा प्रदान गरिएको अनुमति, स्वीकृति, सिफारिस यसै ऐन बमोजिम भएको वा प्रदान गरिएको मानिनेछ ।

## अनुसूची – १

## शुल्क सम्बन्धी व्यवस्था

(१) दफा ७ को उपदफा (३) बमोजिम पूर्व स्वीकृतिको लागि:

| | | |
|---|---|---|
| (क) | दश करोड रूपैयाँ सम्मको अधिकृत पुँजी भएको सङ्गठित संस्था भएमा | रू. ६,०००/- |
| (ख) | दश करोड रूपैयाँभन्दा बढी बीस करोड रूपैयाँसम्म अधिकृत पुँजी भएको सङ्गठित संस्था भएमा | रू. १२,०००/- |
| (ग) | बीस करोड रूपैयाँभन्दा बढी पचास करोड रूपैयाँसम्म अधिकृत पुँजी भएको सङ्गठित संस्था भएमा | रू. २४,०००/- |
| (घ) | पचास करोड रूपैयाँभन्दा बढी अधिकृत पुँजी भएको सङ्गठित संस्था भएमा | रू. ३०,०००/- |

| | | |
|---|---|---|
| (२) | दफा ८ को उपदफा (२) बमोजिम औषधी उत्पादन अनुमतिपत्रको लागि | रू. १,२००/- |
| (३) | दफा ९ को उपदफा (२) बमोजिम दर्ताको लागि | रू. १,२००/- |
| (४) | दफा १० को उपदफा (३) बमोजिम सौन्दर्य प्रसाधन उत्पादन अनुमतिपत्रको लागि | रू. १,२००/- |
| (५) | दफा ११ को उपदफा (३) बमोजिम नैदानिक परीक्षणको लागि | |

| | | |
|---|---|---|
| (क) | आधुनिक औषधी/एलोप्याथि औषधी | रू. ६०,०००/- |

| | |
|---|---|
| (ख) आयुर्वेदिक तथा परामपरागत औषधी | रू. ३०,०००/- |
| (६) दफा १२ को उपदफा (२) बमोजिम औषधी वा सौन्दर्य प्रसाधन बजारीकरण अनुमतिपत्रको लागि | |
| (क) स्वदेशी | रू. १,५००/- |
| (ख) विदेशी | |
| (अ) आकस्मिक, जीवन रक्षक, सघन उपचारमा प्रयोग हुने भनी उल्लेखित औषधी | रू. २,५००/- |
| (आ) अपहेलित र त्याज्य रोगको उपचारमा प्रयोग हुने भनी उल्लेखित औषधी | रू. २,५००/- |
| (इ) उपखण्ड (१) वा (२) बाहेकका अन्य औषधी | रू. १०,०००/- |
| (७) दफा १४ को उपदफा (२) बमोजिम थोक बिक्रीको अनुमतिपत्रको लागि | |
| (क) दश लाख रूपैयाँ देखि बीस लाख रूपैयाँसम्म अधिकृत पुँजी भएको सङ्गठित संस्था भएमा | रू. १०, ०००/- |
| (ख) बीस लाख रूपैयाँ भन्दा बढी अधिकृत पुँजी भएको सङ्गठित संस्था भएमा | रू. २०, ०००/- |
| (८) दफा १५ को उपदफा (१) बमोजिम खुद्रा बिक्री-वितरणको अनुमतिपत्रको लागि | |
| (क) एक लाख रूपैयाँ देखि पाँच लाख रूपैयाँसम्म | रू. २, ०००/- |

अधिकृत पुँजी भएको सङ्गठित संस्था भएमा

(ख) पाँच लाख रूपैयाँ देखि दश लाख रूपैयाँसम्म अधिकृत पुँजी भएको सङ्गठित संस्था भएमा — रू. ५, ०००/-

(ग) दश लाख रूपैयाँभन्दा बढी अधिकृत पुँजी भएको सङ्गठित संस्था भएमा — रू. १०, ०००/-

(९) दफा १९ को उपदफा (३) बमोजिम विदेशी औषधी तथा सौन्दर्य प्रसाधनको उत्पादकको प्रत्येक साईटको सूचीकरणको लागि

(क) सार्क मुलुक भित्रको उत्पादक भएमा — अमेरिकी डलर ५०००/-

(ख) खण्ड (क) बाहेक अन्य मुलुकको उत्पादक भएमा — अमेरिकी डलर ८०००/-

(ग) खण्ड (क) वा (ख) बमोजिम निरीक्षण गर्नु परेमा — अमेरिकी डलर २५००/-

(१०) दफा २० को उपदफा (२) बमोजिम औषधी आयातकर्ताको अनुमतिपत्रको लागि — रू. २०,०००/-

(११) दफा २१ को उपदफा (२) बमोजिम औषधी आयात अनुमतिपत्रको लागि

(क) आकस्मिक जीवनरक्षक र सघन उपचारमा प्रयोग हुने भनी उल्लेखित औषधी — रू. २,५००/-

(ख) अपहेलित र त्याज्य रोगको उपचारमा प्रयोग — रू. २,५००/-

| | | |
|---|---|---|
| | हुने भनी उल्लेखित औषधी | |
| | (ग) खण्ड (क) वा (ख) बाहेक अन्य औषधी | रू. १०, ०००/- |
| (१२) | दफा २२ को उपदफा (२) बमोजिम सौन्दर्य प्रसाधन आयात अनुमतिपत्रको लागि | रू. १०,०००/- |
| (१३) | दफा २३ को उपदफा (२) बमोजिम औषधी तथा सौन्दर्य प्रसाधन निर्यात अनुमतिपत्रको लागि | रू. ५००/- |
| (१४) | दफा २४ को उपदफा (३) बमोजिम कच्चा पदार्थ आयतको सिफारिस अनुमतिपत्रको लागि | रू. ३००/- |
| (१५) | दफा २७ को उपदफा (२) बमोजिम अनुमतिपत्रको सर्त संशोधनको लागि | रू. ५००/- |
| (१६) | दफा २८ को उपदफा (१) बमोजिम नवीकरणको लागि | सम्बन्धित अनुमतिपत्र वा सिफारिसको शुल्कको पचास प्रतिशत |
| (१७) | दफा ३० को उपदफा (३) बमोजिम आपत्कालीन प्रयोगको अनुमतिपत्रको लागि | रू. ५,०००/- |
| (१८) | दफा ३२ को उपदफा (३) बमोजिम आयात स्वीकृतिको लागि | रू. १,०००/- |
| (१९) | दफा ५० को उपदफा (२) बमोजिम निजी प्रयोगशाला स्थापना अनुमतिपत्रको लागि | रू. २५,०००/- |
| (२०) | दफा ९६ को उपदफा (२) बमोजिम उत्तम अभ्यासको प्रमाणीकरणको लागि | |

| | | |
|---|---|---|
| (क) | उत्तम औषधी उत्पादन अभ्यास | रू. ३०,०००/- |
| (ख) | उत्तम प्रयोगशाला अभ्यास | रू. २०,०००/- |
| (ग) | उत्तम फार्मेसी अभ्यास | रू. ५,०००/- |
| (घ) | उत्तम औषधी भण्डारण अभ्यास | रू. १०,०००/- |
| (ङ) | उत्तम नैदानिक अभ्यास | रू. १०,०००/- |
| (च) | तोकिए बमोजिमका अन्य उत्तम अभ्यास | रू. ५,०००/- |

(२१) दफा ९७ को उपदफा (३) बमोजिम विज्ञापन स्वीकृतिको लागि

| | | |
|---|---|---|
| (क) | टेलिभिजन | रू. १२,०००/- |
| (ख) | रेडियो तथा एफ.एम. | रू. ६, ०००/- |
| (ग) | छापा वा अन्य सामाजिक सञ्जाल | रू. ५, ०००/- |

(२२) दफा १०२ को उपदफा (२) बमोजिम प्रतिलिपि प्राप्तिको लागि

| | | |
|---|---|---|
| (क) | पहिलो पटक | रू. ५००/- |
| (ख) | दोस्रो पटक वा सोभन्दा बढी | रू. १,०००/- |

अनुसूची — २

## दफा ३५ सँग सम्बन्धित

औषधीको मानदण्ड

औषधीको उत्पादन, आयात- निर्यात तथा बिक्री-वितरण सम्बन्धमा पालन गर्नुपर्ने मानदण्ड

(क) आर्युवेदिक पद्धति अन्तर्गतको औषधी पहिचान, शुद्धता र भैषज्यका सम्बन्धमा

(१) पेटेन्ट वा प्रोपाइटरीयुक्त औषधीको हकमा औषधीको सूचकपत्र वा प्याकेजिङ वा पदार्थको सूचीमा लिपिबद्ध भए अनुसार र तोकिए बमोजिमको अन्य मानदण्ड,

(२) नेपाल आयुर्वेद औषधी सूत्र संहितामा उल्लेख भएबमोजिमको मानदण्ड,

(३) भारतीय आयुर्वेद फर्माकोपिया,

(४) भारतीय आयुर्वेद फर्मुलरी,

(५) अन्य आयुर्वेदिक ग्रन्थ'

(क) आरोग्यकल्प दुम्र,

(ख) अर्क प्रकाश,

(ग) अष्टाङ्ग हृदय,

(घ) अष्टाङ्ग समग्रह,

(ङ) आयुर्वेद प्रकाश,

(च) आयुर्वेद संग्रह,

(छ) भैषज रत्नावली,

(ज) रत्नाकर भाव प्रकाश,

(झ) चरक संहिता,

(ञ) चक्रदत्त,

(ट) गद मिग्रह,

(ठ) रस चण्डांशु,

(ड) रसराज सुन्दर,

(ढ) रसरत्न समुच्चय,

(ण) रस तरङ्गिणी,

(त) रस योग सागर,

(थ) रसेन्द्र सार संग्रह,

(द) रस प्रदिपिका,

(ध) सहस्रयोग,

(न) शाङ्गर्वेद संहिता,

(प) सिद् भैषज्य मणिमाला,

(फ) सिद् योग संग्रह,

(ब) सुश्रुत्र संहिता,

(भ) वैद्य चिन्तामणी,

(म) योगरत्नाकर,

(य) रसामृत द्रव्यगुणनिग्रन्तु,

(र) नेपाल आयुर्वेदिक भेषज संहिता ।

(ख) एलोप्याथिक पद्धति अन्तर्गतको औषधी पहिचान, शुद्धता र भैषज्यका सम्बन्धमा

(१) पेटेन्ट वा प्रोपाइटरीयुक्त औषधीको हकमा औषधीको सूचकपत्र वा प्याकेजिङ वा पदार्थको सूचीमा लिपिबद्ध भए अनुसार र तोकिए बमोजिमको अन्य मानदण्ड,

(२) पदार्थहरू-खोप, सेराटोनिक्स, जीवविषाभ (टक्साइड), प्रतिजीवविषाभ (एन्टीटक्साइड) र ऐन्टिजन, तथा मानिस र पशुका लागि प्रयोग गरिने प्राकृतिक स्वरूपका जैविक उत्पादनको हकमा 'जैविक मानदण्डसम्बन्धी स्टान्टानस सेरम संस्थान अन्तर्राष्ट्रिय प्रयोगशाला कोपनहेगनले कायम गरेको मानदण्ड, केन्द्रीय पशुप्रयोगशाला वे ब्रिज सुरेय संयुक्त अधिराज्य बेलायत तथा विश्व स्वास्थ्य सङ्गठनले समयम समयमा मान्यता दिएका त्यस्ता अन्य प्रयोगशाला तथा शक्ति गुण र शुद्धताका सम्बन्धमा तोकिए बमोजिमको अन्य मानदण्ड,

(३) मानिसको शारीरिक बनावट वा क्रियात्मक प्रणालीमा प्रभाव पार्ने खाद्य बाकेहका अन्य पदार्थ वा मानिस वा पशुमा रोग उत्पन्न गर्ने परजीवि वा किरालाई नष्ट गर्ने पदार्थको हकमा तोकिए बमोजिमको मानदण्ड,

(४) नेपाल औषधी सूत्र संहितामा उल्लेख भएबमोजिमको मानदण्ड,

(५) नेपाल औषधी सूत्र संहितामा उल्लेख नभएका औषधीको हकमा '

(क) भारतीय फर्माकोपिया,

(ख) युरोपियन फर्माकोपिया,

(ग) संयुक्त राज्य अमेरिका फर्माकोपिया र संयुक्त राज्य अमेरिका राष्ट्रिय फर्मुलरी (सूत्र संहिता),

(घ) ब्रिटिस फर्माकोपिया र ब्रिटिस फर्माकोपिया कोडेक्स,

(ङ) अन्तर्राष्ट्रिय फर्माकोपिया,

(च) जापानिज फर्माकोपिया,

(छ) नेपाल सरकारले मान्यता दिएका अन्य फर्माकोपिया वा औषधी सूत्र संहिता।

(ग) <u>होमियोप्याथिक पद्धति अन्तर्गतको औषधी पहिचान, शुद्धता र भैषज्यका सम्बन्धमा</u>

(१) नेपाल होमियोप्याथिक सूत्र संहितामा उल्लिखित मानदण्ड,

(२) नेपाल होमियोप्याथिक सूत्र संहितामा उल्लेख नभएको तर भारत, संयुक्त राज्य अमेरिका, संयुक्त राज्य बेलायत वा जर्मनको होमियोप्याथिक सूत्र संहितामा उल्लिखित औषधी,

(३) नेपाल लगायत भारत, संयुक्त राज्य अमेरिका, संयुक्त राज्य बेलायत वा जर्मनको होमियोप्याथिक सूत्र संहितमा उल्लेख नभएको औषधीको हकमा तोकिए बमोजिमको मानदण्ड,

(४) खण्ड (१), (२) र (३) मा उल्लेख नभएका औषधीको हकमा त्यस्तो औषधीको सूचकपत्र वा प्याकेजिङ वा पदार्थको सूचीमा लिपिबद्ध भए अनुसार र तोकिए बमोजिमका अन्य मानदण्ड,

(घ) युनानी पद्धति अन्तर्गतको औषधी पहिचान, शुद्धता र भैषज्यका सम्बन्धमा भारतीय युनानी सूत्र संहिता।

## (२) <u>स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** सार्वजनिक पदाधिकारीको कार्यसम्पादन तथा जिम्मेवारीलाई निष्पक्ष, जवाफदेही तथा विश्‍वसनीय बनाउन र त्यस्ता पदाधिकारी प्रति जनविश्वास अभिवृद्धि गरी सदाचार र सुशासन प्रवर्द्धन गर्न स्वार्थको द्वन्द्व व्यवस्थापनका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "स्वार्थको द्वन्द्व व्यवस्थापन सम्बन्धी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरून्त लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “निजी स्वार्थ" भन्नाले सार्वजनिक हित वा सरोकार बाहेकको स्वार्थ सम्झनुपर्छ र सो शब्दले सार्वजनिक पदाधिकारी वा निजको परिवारको सदस्यको व्यक्तिगत, पेशागत वा व्यावसायिक स्वार्थलाई समेत जनाउँछ।

(ग) "परिवार" भन्नाले सार्वजनिक पदाधिकारीको पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, दाजु, भाई, दिदी, बहिनी, नाती, नातिनी, बाजे, ठूलोबा, काका, फुपु, मामा, ससुरा, जेठान, साला, साली सम्झनु पर्छ र सो शब्दले त्यस्ता नाताका व्यक्तिको पति वा पत्नी तथा निजका छोरा, छोरीलाई समेत जनाउँछ।

(घ) "सचिव" भन्नाले नेपाल सरकारको सचिव सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार वा प्रदेश सरकारको विशिष्ट श्रेणीको अधिकृत समेतलाई जनाउँछ।

(ङ) “सार्वजनिक पदाधिकारी” भन्नाले संविधान, कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा जिम्मेवारी निर्वाह गर्नु पर्ने

पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले देहायको सार्वजनिक पद धारण गरेको व्यक्ति सकेत जनाउँछः-

(१) संविधान, अन्य प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेश वा सम्झौता बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कर्तव्य पालना गर्नुपर्ने वा दायित्व निर्वाह गर्नु पर्ने पदमा बहाल रहेको व्यक्ति,

(२) विधायिकी, कार्यकारिणी, न्यायिक वा प्रशासनिक पदमा पारिश्रमिक पाउने वा नपाउने गरी स्थायी वा अस्थायी वा अन्य कुनै किसिमले नियुक्त, मनोनित वा निर्वाचित भएको व्यक्ति,

(३) सरकारी कोषबाट पारिश्रमिक वा अन्य कुनै आर्थिक सुविधा प्राप्त गर्ने गरी नियुक्त, मनोनित वा निर्वाचित भएको व्यक्ति,

(४) राष्ट्रपति, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक संस्था समक्ष लिएको सपथबाट वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको निकाय वा सार्वजनिक संस्थासँग गरेको सम्झौता या कबुलियत वा शर्त बमोजिम वा सार्वजनिक कर्तव्य पालना गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको निकाय वा सोको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था वा अन्य कुनै सार्वजनिक संस्थाबाट तलब, भत्ता, पारिश्रमिक, सुविधा, हैसियत वा अन्य कुनै लाभ पाउने वा नपाउने गरी नियुक्त, मनोनित वा निर्वाचित व्यक्ति,

(५) सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको व्यक्ति,

(६) कुनै विवादको निरोपण गर्न प्रचलित कानून बमोजिम नियुक्त भएको

मध्यस्थ, मेलमिलापकर्ता वा यस्तै हैसियतको अन्य कुनै व्यक्ति,

(७) प्रचलित कानून बमोजिम नियुक्त, निर्वाचित वा मनोनित लिक्विडेटर, सर्भेयर वा सोही प्रकृतिको हैसियतमा काम गर्ने व्यक्ति,

(८) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सोको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण रहेको संस्था वा अन्य कुनै सार्वजनिक संस्थासँग भएको सम्झौता बमोजिम वा कुनै कार्य सम्पादन गर्न नियुक्त सल्लाहकार, परामर्शदाता, प्रतिनिधि वा विशेषज्ञ,

(९) प्रचलित कानून बमोजिम सार्वजनिक पद मानिने अन्य कुनै पदमा बहाल रहेको कुनै व्यक्ति,

(१०) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै व्यक्ति ।

(च) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः

(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय,

(२) संवैधानिक अङ्ग वा निकाय वा सो अन्तर्गतका कार्यालय,

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम स्थापित संस्था, कम्पनी, समिति, आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद, बैक, मेडिकल कलेज र सोसँग सम्बद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै सङ्गठित संस्था,

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदान प्राप्त प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य कुनै प्राज्ञिक वा शैक्षिक संस्था,

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण वा अनुदानबाट सञ्चालित वा जमानत प्राप्त संस्था,

(६) उपखण्ड (२), (३), (४) र (५) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,

(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अनुमतिले वा सम्झौता अनुसार प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन, उपयोग वा विकास निर्माण सम्बन्धी काम गर्न गठित उपभोक्ता समिति वा यस्तै प्रकारका अन्य संस्था,

(८) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै संस्था ।

(छ) "स्वार्थको द्वन्द्व" भन्नाले कुनै सार्वजनिक पदाधिकारीले सो हैसियतमा कुनै कार्य सम्पादन गर्दा वा निर्णय लिँदा पदीय हैसियतमा सम्पादन गर्नुपर्ने कार्य वा जिम्मेवारी र निजको निजी स्वार्थ बाझिएको अवस्था सम्झनु पर्छ ।

तर, बृहत्तर सार्वजनिक हितको उद्देश्यले कुनै कार्य सम्पादन गर्दा वा निर्णय लिँदा निजको निजी स्वार्थ समेत जोडिएको रहेछ भने त्यस्तो अवस्थालाई स्वार्थको द्वन्द्व मानिने छैन।

३. **सार्वजनिक पदाधिकारीको जिम्मेवारी:** (१) सार्वजनिक पदाधिकारीले स्वार्थको द्वन्द्व व्यवस्थापनको लागि आफू नियुक्त, मनोनयन वा निर्वाचित भई आफ्नो कार्यभार वा जिम्मेवारी सम्हाल्नु अघि आफ्नो निजी स्वार्थ रहन सक्ने विषय आफू कार्यरत निकायमा लिखित रुपमा जानकारी गराउनु पर्छ।

(२) प्रत्येक सार्वजनिक पदाधिकारीले सुशासन कायम गर्नको लागि यस ऐनमा व्यवस्था भए बमोजिम स्वार्थको द्वन्द्व व्यवस्थापन गर्नु पर्नेछ।

(३) सार्वजनिक पदाधिकारीले आफूले निर्णय गर्नु पर्ने विषयमा प्रत्यक्ष वा परोक्ष रुपमा आफ्नो निजी स्वार्थ रहेको भएमा त्यस्तो विषयमा निर्णय गर्न हुँदैन।

(४) कुनै सार्वजनिक पदाधिकारीलाई उपदफा (३) बमोजिमको अवस्था परी निर्णय गर्न नहुने भएमा सोको कारण खुलाई सोही निकाय वा कार्यालयमा आफू सरहको पदाधिकारी भए निजबाट निर्णय गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निर्णय गर्न नसकिने भएमा देहायका निर्णय गर्ने अधिकारी भए देहाय बमोजिम पेश गरी निकासा भए बमोजिम निर्णय गर्नु गराउनु पर्नेछः-

(क) मन्त्री वा मुख्य सचिव भए नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष,

(ख) संवैधानिक निकायको पदाधिकारी भए, बाँकी रहेका पदाधिकारी समक्ष,

(ग) विशिष्ट श्रेणीको सार्वजनिक पदाधिकारी भएमा मुख्य सचिव समक्ष,

(घ) अन्य सार्वजनिक पदाधिकारी भए एक तह माथिको पदाधिकारी समक्ष,

(ङ) कुनै सङ्गठित संस्थाको प्रमुख भए सम्बन्धित मन्त्रालयको सचिव समक्ष ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यसरी निर्णय गरिदा कुनै यस्तो पदाधिकारी समावेश नभएको विषयमा निर्णय गर्नु पर्ने भएकोमा उक्त पदाधिकारीले त्यो भन्दा माथिल्लो निकाय समक्ष पेश गर्नु पर्नेछ।

(७) कुनै सार्वजनिक पदाधिकारीले यस दफा विपरीत हुने गरी निर्णय गरेको रहेछ भने त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

४. **<u>निजी स्वार्थको विषय जानकारी गराउनु पर्नेः</u>** (१) सार्वजनिक पदाधिकारीले स्वार्थको द्वन्द्व व्यवस्थापनको लागि आफ्नो पदीय हैसियत वा आफू संलग्न सार्वजनिक निकायले गर्नुपर्ने काम वा जिम्मेवारीमा आफ्नो निजी स्वार्थ भएमा सोको लिखित जानकारी नियुक्ति, सरुवा वा पदस्थापन भएको सात दिनभित्र आफू कार्यरत निकायमा अनुसूची-१ बमोजिमको ढाँचामा उद्घोषण गर्नुपर्नेछ।

(२) सार्वजनिक पदाधिकारीले उपदफा (१) बमोजिम निजी स्वार्थ भएको उद्घोषण नगरेमा त्यस्तो विषयमा निजको निजी स्वार्थ नरहेको मानिनेछ।

(३) उपदफा (१) बमोजिम निजी स्वार्थ रहेको उद्घोषण गरेको विषयमा सार्वजनिक पदाधिकारीले कुनै राय व्यक्त गर्न, सिफारिस गर्न वा निर्णय प्रकृयामा संलग्न हुनु हुँदैन।

(४) सार्वजनिक पदाधिकारीले उपदफा (१) बमोजिम कुनै जानकारी नदिई उपदफा (३) बमोजिमको प्रकृयामा संलग्न भएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

(५) उपदफा (३) बमोजिम जानाजानी निर्णय प्रकृयामा संलग्न हुने सार्वजनिक पदाधिकारीलाई कानून बमोजिम विभागीय कारबाहीको लागि सिफारिस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम विभागीय कारबाहीको सिफारिस भएमा त्यस्तो सिफारिस  निजको सेवा शर्तसम्बन्धी कानूनमा समावेश भएको मानिनेछ।

(७) उपदफा (५) बमोजिम विभागीय कारबाही नहुने सार्वजनिक पदाधिकारी भए भविष्यमा त्यस्तो निर्णय प्रकृयामा संलग्न हुन अयोग्य भएको मानिनेछ।

(८) सार्वजनिक पदाधिकारीले उपदफा (३) विपरीत निर्णय प्रकृयामा संलग्न भएमा त्यस्तो कार्य प्रचलित कानून बमोजिम फौजदारी कसूर हुने रहेछ भने सो कसूरमा अनुसन्धान तथा कारबाही गर्न बाधा पर्ने छैन।

५. **उपहार सम्बन्धी:** (१) सार्वजनिक पदाधिकारीले आफू पदमा रहँदाका बखत कसैबाट कुनै किसिमको उपहार लिनु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पदाधिकारीले आफ्नो पदीय हैसियतमा प्राप्त गरेको उपहार आफू कार्यरत सार्वजनिक निकायमा प्रचलित कानून बमोजिम दाखिला गर्न पर्नेछ।

(३) उपदफा (२) बमोजिमको उपहार दाखिला नगरेमा सो जफत गरी उपहार बराबरको रकम जरिबाना गरिनेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पदाधिकारीले निश्चित मूल्यसम्मको उपहार निजले राख्न पाउने गरी नेपाल सरकारले निर्धारण गर्न सक्नेछ।

६. **करार गर्न नहुने**: (१) सार्वजनिक पदाधिकारीले आफू कार्यरत सार्वजनिक निकायसँग निजी स्वार्थ रहेको विषयमा अर्थपूर्ण कारोबार हुने गरी करार गर्नु हुँदैन।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि "अर्थपूर्ण कारोबार" भन्नाले कुनै वस्तु वा सेवा खरिद, बिक्री, लेनदेन, भाडा वा लिज वा ठेक्का पट्टा सम्बन्धी कारोबार सम्झनु पर्छ।

(२) सार्वजनिक पदाधिकारीले उपदफा (१) विपरीत करार गरेमा सो करार स्वतः बदर हुनेछ।

(३) कसैले उपदफा (१) विपरीत करार गरेको कारणले सार्वजनिक निकायलाई हानि नोक्सानी भएको रहेछ भने निजलाई कानून बमोजिम कारबाही हुनेछ।

७. **प्रतिनिधित्व गर्न नहुने** : (१) सार्वजनिक पदाधिकारीले आफ्नो निजी स्वार्थ रहेको वा हुनसक्ने अवस्थामा नेपाल सरकार वा कानून बमोजिम अधिकारप्राप्त अधिकारीको अनुमति नलिई कुनै सरकारी वा गैरसरकारी स्तरमा आयोजना गरेका कार्यक्रम, सभा, सम्मेलन, आयोजना वा परियोजनामा प्रतिनिधित्व गर्न हुँदैन।

(२) सार्वजनिक पदाधिकारीले उपदफा (१) विपरीत प्रतिनिधित्व गरेमा निजलाई नेपाल सरकार वा कानून बमोजिम अधिकारप्राप्त अधिकारीले निश्चित अवधी तोकी भविष्यमा कुनै प्रतिनिधित्व गर्न रोक लगाउन सक्नेछ।

८. **<u>सार्वजनिक खरिद वा लिलामीको निर्णय गर्न नहुनेः</u>** (१) सार्वजनिक खरिद वा लिलामी गर्ने अधिकार प्राप्त भएको सार्वजनिक पदाधिकारीले आफू कार्यरत रहेको सार्वजनिक निकायमा आफ्नो निजी स्वार्थ वा स्वार्थको द्धन्द हुने गरी सार्वजनिक खरिद वा लिलामीको निर्णय गर्न हुदैन।

(२) उपदफा (१) को प्रतिकुल हुनेगरी कुनै निर्णय भएको रहेछ भने सो निर्णय प्रारम्भ देखि नै रद्द हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक पदाधिकारीले सार्वजनिक निकायमा खरिद वा लिलामी प्रकृयाको आव्हान तथा मूल्याङ्कन गर्न कुनै बाधा पर्ने छैन।

(४) सार्वजनिक पदाधिकारीले सार्वजनिक खरिद वा लिलामीको प्रकृयामा सहभागी हुँदा जुन बखतबाट स्वार्थको द्वन्द्व देखिएको हो सोही बखतबाट उक्त प्रकृयामा सहभागी हुनु हुँदैन।

९. **<u>अनधिकृत विदेशी सहयोग लिने नहुनेः</u>** (१) अधिकार प्राप्त सार्वजनिक पदाधिकारी बाहेक अन्य कसैले सरकारी वा गैरसरकारी संस्थासँग कुनै प्रकारको वैदेशिक सहायता, ऋण, प्राविधिक सहायता वा नगदी जिन्सी लिन वा लिनका लागि सिफ़ारिश गर्न वा अनुरोध गर्ने, गराउने वा त्यस्तो सम्झौता गर्ने, गराउने र त्यस्तो अनुदान लिने वा लिन लगाउने कार्य गर्नु हुदैंन।

(२) कसैले उपदफा (१) विपरीतको कार्य गरेमा सो कार्य स्वतः रद्द हुनेछ।

(३) उपदफा (१) विपरीत कुनै काम भइसकेको रहेछ भने निजले लिएको नगद, जिन्सी जफत हुनेछ र अधिकार प्राप्त अधिकारीले निजलाई अवधी तोकी वा नतोकी कुनै कार्य गर्न रोक लगाउनेछ।

१०. **<u>विदेशी पदाधिकारीसँग अनधिकृत पत्राचार वा भेटघाट गर्न नहुनेः</u>** (१) सार्वजनिक पदाधिकारीले तत्काल वा भविष्यमा आफू वा अन्य कसैलाई कुनै किसिमको लाभ प्राप्त

गर्ने मनसायले आफ्नो कार्यसम्पादनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विदेशी सरकारी, गैरसरकारी वा सार्वजनिक पदाधिकारीसँग अनधिकृत पत्राचार वा भेटघाट गर्नुहुदैंन।

(२) कसैले उपदफा (१) विपरीत कुनै काम गरी लाभ वा वस्तु लिएको भएमा निजलाई त्यस्तो लाभ बराबरको रकम जरिवाना गरी सो वस्तु समेत जफत हुनेछ।

११. **अनुचित प्रभाव, डर, धाक, धम्की वा दवाव दिन नहुने:** (१) कसैले आफ्नो वा अन्य कसैको निजी स्वार्थ पूरा गर्नको लागि कुनै सार्वजनिक पदाधिकारीलाई कुनै निर्णय गर्न वा नगर्नको लागि अनुचित प्रभाव डर, धाक, धम्की वा दवाव दिनु हुँदैन।

(२) कसैले उपदफा (१) विपरीत सार्वजनिक पदाधिकारीबाट कुनै कार्य गराएमा त्यस्तो निर्णय स्वतः बदर हुनेछ।

१२. **वाह्य गतिविधिमा संलग्न हुन नहुने:** (१) सार्वजनिक पदाधिकारीले सार्वजनिक पद धारण गर्न अघि कुनै पेशा, व्यवसाय वा कारोबारमा संलग्न रहेको भएमा देहाय बमोजिम व्यवस्थापन गर्नु पर्नेछः-

(क) त्यस्तो पेशा, व्यवसाय वा कारोबारको निर्णय गर्ने अख्तियारीबाट अलग हुनु पर्ने,

(ख) कुनै कारणले त्यस्तो पदबाट अवकाश वा अलग भएको एक वर्षसम्म त्यस्तो पेशा, व्यवसाय वा कारोबार सञ्चालन गर्ने अख्तियारी प्रयोग गर्न नहुने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका सार्वजनिक पद धारण गरेको व्यक्तिलाई कुनै पेशा, व्यवसाय वा कारोबार गर्न छुट दिन सक्नेछ।

(३) सार्वजनिक पदाधिकारीले उपदफा (१) विपरीत कुनै काम गरेमा निजलाई त्यस्तो सार्वजनिक पदमा रहन अयोग्य भएको मानिनेछ।

१३. **स्वार्थबस लुकाउन, छिपाउन वा जानकारी नदिन नहुने:** (१) सार्वजनिक पदाधिकारीले आफ्नो वा अन्य कसैको स्वार्थ पूर्ति गर्नको लागि आफूले प्राप्त गरेको सार्वजनिक निकायसँग सम्बन्धित सूचना अधिकार प्राप्त अधिकारीलाई जानकारी नदिई त्यस्तो सूचना लुकाउन, छिपाउन वा अन्य कसैलाई जानकारी दिन हुँदैन।

(२) कसैले उपदफा (१) विपरीत कार्य गरी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्रतिकूल असर परेको वा हानी नोक्सानी भएको रहेछ भने निजलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

१४. **पक्षपात गर्न नहुने:** (१) सार्वजनिक पदाधिकारीले कर्तव्यपालनको सिलसिलामा आफ्नो वा अन्य कसैको स्वार्थ पूर्ति गर्नको लागि बृहत्तर हित विपरीत कुनै व्यक्ति वा समूहलाई कुनै लाभ, सुविधा, छुट दिन वा अर्को व्यक्ति वा समूहलाई त्यस्तो लाभ, सुविधा, छुट दिन वञ्चित गर्ने गरी पक्षपात गर्न हुँदैन।

(२) कसैले उपदफा (१) विपरीतको कार्य गरेमा त्यस्तो निर्णय रद्द गरी पुनः कारबाही शुरु गर्नुपर्नेछ।

(३) उपदफा (१) विपरीतको कार्य गर्ने निर्णयकर्तालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

१५. **जानकारी दिने:** (१) देहायका सार्वजनिक पदाधिकारीले आफू नियुक्त, मनोनयन वा निर्वाचित भएको तीस दिनभित्र र प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र अनुसूची-२ बमोजिमको विवरण सार्वजनिक गरी आफू कार्यरत सार्वजनिक निकायमा समेत पेश गर्नु पर्नेछ।

(क) राष्ट्रपति,
(ख) उपराष्ट्रपति,
(ग) प्रधानमन्त्री,
(घ) प्रधानन्यायाधीश,
(ङ) प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष,

(च) प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री, नेपाल सरकारका राज्यमन्त्री र सहायक मन्त्री, संघीय संसदका सदस्य,

(छ) राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख, न्यायपरिषद्का सदस्य, महान्यायाधिवक्ता, प्रदेश सभाका सभामुख,

(ज) प्रदेश सरकारका मन्त्री, काठमाडौं महानगरपालिकाका प्रमुख, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापति,

(झ) प्रदेश सभाका सदस्य, महानगरपालिकाका प्रमुख (काठमाडौं महानगरपालिका बाहेक), जिल्ला समन्वय समितिका प्रमुख,

(ञ) संवैधानिक निकायका पदाधिकारी, राष्ट्रिय योजना आयोगका सदस्य, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, संघीय संसदका महासचिव, उच्च अदालतका मुख्यन्यायाधीश, नेपाल राष्ट्र बैंकका गभर्नर,

(ट) नेपाल सरकार तथा प्रदेश सरकारका सचिव तथा विशिष्ठ श्रेणीका अधिकृत, प्रहरी प्रमुख, नेपाली राजदूत, रथी, प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्षक, मुख्य अनुसन्धान निर्देशक (राष्ट्रिय अनुसन्धान विभाग),

(ठ) उच्च अदालतका न्यायाधीश, मुख्य न्यायाधिवक्ता,

(ड) प्रदेश लोकसेवा आयोगका अध्यक्ष, नगरपालिकाका प्रमुख, उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक, प्रदेश लोकसेवा आयोगका सदस्य,

(ढ) सहसचिव, जिल्ला न्यायाधीश, नेपाल सरकारका विभागीय प्रमुख,

(ण) गाउँपालिकाका प्रमुख,

(त) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको पदाधिकारी।

(२) सार्वजनिक पदाधिकारीले उपदफा (१) बमोजिम पेश गरेको विवरणमा आधारभूत परिवर्तन भएमा त्यस्तो परिवर्तन भएको तीस दिनभित्र अनुसूची बमोजिमको विवरण पेश गर्नु पर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनका लागि "आधारभूत परिवर्तन" भन्नाले,-

(क) उपदफा (१) बमोजिम पेश गरेको विवरण वा निजले प्रतिनिधित्व गर्ने कुनै संस्थाको सम्पत्ति, दायित्व, वित्तीय वा व्यावसायमा परिवर्तन भएको, वा

(ख) निजको परिवारको कुनै सदस्य नरहेमा वा थपिएमा र त्यस्तो सदस्य नरहेको वा थपिएको कारणले उपदफा (१) बमोजिम पेश गरेको विवरणमा परिवर्तन भएमा वा हुने भएमा।

(३) सार्वजनिक पदाधिकारीले काबुबाहिरको परिस्थिति परी उपदफा (१) बमोजिमको समयावधिभित्र अनुसूची बमोजिमको विवरण पेश गर्न नसक्ने भएमा निजले सोको लिखित जानकारी आफू कार्यरत सार्वजनिक निकायमा दिई तीस दिनभित्र त्यस्तो विवरण पेश गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको समयावधि भित्र समेत निजले अनुसूची बमोजिमको विवरण पेश नगरेमा निजलाई सार्वजनिक निकायको कुनै पनि बैठकमा उपस्थित हुन वा कुनै कार्यक्रममा भाग लिनबाट रोक लगाइनेछ र सो विषय सार्वजनिक गरिनेछ।

**१६. <u>सार्वजनिक लिखत हुनेः</u>** (१) यस ऐन बमोजिम सार्वजनिक पदाधिकारीले दफा १५ को उपदफा (१) बमोजिम पेश गरेको विवरण सार्वजनिक लिखत हुनेछ।

(२) उपदफा (१) बमोजिमको लिखतमा सर्वसाधारणको पहुँच हुनेगरी सम्बन्धित सार्वजनिक निकायले आफ्नो वेबसाइटमा राख्नु पर्नेछ।

१७. **<u>आफ्नो तलब, भत्ता तथा सुविधा आफै निर्धारण गर्न नहुने:</u>** (१) सार्वजनिक पदाधिकारीले आफ्नो तलब, भत्ता तथा सुविधा आफैंले निर्धारण गरी लिन हुँदैन।

(२) कसैले उपदफा (१) विपरीत आफ्नो तलब, भत्ता तथा सुविधा आफैंले निर्धारण गरी लिएको रहेछ भने राष्ट्रिय सतर्कता केन्द्रले सो रकम असुल उपर गरी सो बराबरको रकम जरिबाना गर्नु पर्नेछ।

तर, बृहत्तर सार्वजनिक हितको प्रयोजनका लागि तलब, भत्ता, सुविधा निर्धारण गर्दा त्यस्तो सार्वजनिक पदाधिकारी समेत लाभान्वित हुने रहेछ भने यो उपदफा लागू हुने छैन।

१८. **<u>सचेतना अभिवृद्धि गर्ने:</u>** नेपाल सरकारले सार्वजनिक पदाधिकारीको स्वार्थको द्वन्द्व विषयमा आवश्यकतानुसार सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

१९. **<u>अलग रहने:</u>** (१) सार्वजनिक पदाधिकारी जुनसुकै कारणले त्यस्तो पदबाट अलग भएको एक वर्षसम्म आफू संलग्न भएको निकायसँग स्वार्थको द्वन्द्व हुने गरी कुनै काम गर्नबाट अलग रहनु पर्नेछ।

(२) कसैले उपदफा (१) विपरीत कुनै काम कारबाही गरेको रहेछ भने त्यस्तो काम कारबाही प्रारम्भ देखि नै रद्द हुनेछ।

(३) कसैले उपदफा (१) विपरीत काम गरेको कारणले कुनै हानि नोक्सानी भएको रहेछ भने निजलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२०. **<u>अनुगमन:</u>** (१) सार्वजनिक निकायको प्रमुखले आफ्नो वा अन्तर्गतका सार्वजनिक निकायमा स्वार्थको द्वन्द्वको सम्बन्धमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा स्वार्थको द्वन्द्वबाट प्रभावित भई कार्य गरेको पाइएमा तुरुन्त सच्याउन सम्बन्धित अधिकारीलाई निर्देशन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशन सम्बन्धित अधिकारीले पालना नगरेमा सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउनु पर्नेछ।

२१. **उजुरीः** (१) सार्वजनिक पदाधिकारीले यस ऐन विपरीत कार्य सम्पादन गरेको रहेछ भने सो सम्बन्धमा जोसुकैले सम्बन्धित सार्वजनिक निकाय वा सोको तालुक निकायमा उजुरी दिन सक्नेछ।

तर, सार्वजनिक निकाय प्रमुखले नै यस ऐन विपरीत कार्य गरेको भएमा तालुक सार्वजनिक निकायमा उजुरी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले आवश्यक छानबिन गर्न वा गर्न लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम छानबीन गर्दा कुनै कैफियत देखिएमा उक्त काम कारबाही बदर गरी कानून बमोजिम कारबाही शुरु गर्न वा गर्न लगाउनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम सम्बन्धित सार्वजनिक निकायले काम कारबाही बदर वा कानून बमोजिम कारबाही शुरु नगरेमा तालुक सार्वजनिक निकायको प्रमुखले आवश्यक कारबाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउनु पर्नेछ।

२२. **जरिबानाः** कुनै सार्वजनिक निकायले छानबिनको लागि दफा २० बमोजिम लेखी पठाएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबीन गर्दा सार्वजनिक पदाधिकारीले यस ऐन विपरीत काम कारबाही गरेको देखिएमा त्यस्तो पदाधिकारीलाई एकलाख रूपैयाँसम्म जरिबाना गरी उक्त निर्णय रद्द गर्न लगाउनु पर्नेछ।

२३. **<u>अभिलेख पुस्तिका राख्नु पर्ने:</u>** दफा ३ को उपदफा (१) को प्रयोजनको लागि देहायका सार्वजनिक पदाधिकारीले आफू कार्यरत सार्वजनिक निकायमा अभिलेख पुस्तिका राख्नु पर्नेछः-

(क) मन्त्रिपरिषद्का सदस्य, मुख्य सचिव र सचिवको हकमा मुख्य सचिवले,

(ख) मन्त्रालय, आयोग, केन्द्रीयस्तरका निकाय, सचिवालय वा कार्यालयका कर्मचारीको हकमा सम्बन्धित सचिवले,

(ग) न्यायाधीशको हकमा न्याय परिषद्को सचिवले,

(घ) अदालतका कर्मचारीको हकमा मुख्य रजिष्ट्रारले,

(ङ) संघीय संसदका सदस्य र कर्मचारीको हकमा संघीय संसदका महासचिवले,

(च) प्रदेश सभा संसद र कर्मचारीको हकमा प्रदेश सभाका सचिवले,

(छ) स्थानीय तहको पदाधिकारी र कर्मचारीको हकमा प्रशासकीय प्रमुखले,

(ज) विभागीय प्रमुखको हकमा सम्बन्धित सचिवले,

(झ) विभागका कर्मचारी र कार्यालय प्रमुखको हकमा विभागीय प्रमुखले,

(ञ) कार्यालयका कर्मचारीको हकमा कार्यालय प्रमुखले,

(ट) सङ्गठित संस्थाहरूको प्रमुखको हकमा सम्बन्धित मन्त्रालयको सचिवले,

(ड) सङ्गठित संस्थाका कर्मचारीको हकमा सम्बन्धित सङ्गठित संस्थाको प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ।

## (३) <u>राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : सार्वजनिक पदाधिकारीले आफ्नो अधिकारको प्रयोग र जिम्मेवारी निर्वाह गर्दा अनुचित कार्य हुन नदिनका लागि सो सम्बन्धी आवश्यक सूचना सङ्कलन, उजुरी छानबिन, निगरानी तथा अनुगमन गर्न र आयोजनाको विकास-निर्माण कार्यको प्राविधिक परीक्षण गरी गुणस्तर कायम गर्न राष्ट्रिय सतर्कता केन्द्रको अधिकार र कार्य सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भ</u> : (१) यो ऐनको नाम "राष्ट्रिय सतर्कता केन्द्र (अधिकार र कार्य सञ्चालन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : सन्दर्भ वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो ऐनमा–

(क) "अनुचित कार्य" भन्नाले दफा ४ बमोजिमको कार्य सम्झनुपर्छ ।

(ख) "आयोजना" भन्नाले भौतिक पूर्वाधार र सूचना प्रविधिको विकास-निर्माणसँग सम्बन्धित देहायका कार्य सम्झनुपर्छ–

(अ) प्रारूप तयारी, सम्भाव्यता अध्ययन र डिजाइन,

(आ) सेवा, वस्तु वा निर्माण सामग्रीको खरीद, प्राप्ति वा निर्माण कार्य,

(इ) सूचना प्रविधि तथा विद्युतीय सेवा सम्बन्धी कार्य,

(ई) सञ्चालन, मर्मत सम्भार तथा पुनः निर्माण ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(घ) “परिषद्” भन्नाले दफा ३१ बमोजिमको राष्ट्रिय सतर्कता परिषद् सम्झनुपर्छ ।

(ङ) “प्राविधिक परीक्षक” भन्नाले दफा १६ बमोजिम सूचीकृत व्यक्ति वा संस्था सम्झनुपर्छ।

(च) “प्राविधिक परीक्षण” भन्नाले सार्वजनिक निकाय आफैंले वा अन्य निकाय वा व्यक्तिद्वारा सम्पन्न गर्ने वा गराउने विकास-निर्माण सम्बन्धी कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन, नक्सा, प्राविधिक प्रस्ताव तथा मापदण्डबमोजिम भए वा नभएको विषयमा गुणस्तर, सुरक्षा र प्राविधिक पक्षबाट गरिने परीक्षणको कार्य सम्झनुपर्छ।

(छ) “भ्रष्टाचार विरूद्धको महासन्धि” भन्नाले नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्र सङ्घीय भ्रष्टाचार विरुद्धको महासन्धि, २००३ सम्झनुपर्छ ।

(ज) “सतर्कता केन्द्र” भन्नाले दफा २५ बमोजिमको राष्ट्रिय सतर्कता केन्द्र सम्झनुपर्छ।

(झ) “सार्वजनिक पदाधिकारी” भन्नाले नेपालको संविधान, प्रचलित नेपाल कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णयबमोजिम सार्वजनिक दायित्त्व वा जिम्मेवारी वहन गर्नुपर्ने र सार्वजनिक अधिकार प्रयोग गर्न पाउने गरी सार्वजनिक निकायको पदमा नियुक्त वा बहाल व्यक्ति सम्झनुपर्छ र सो शब्दले पारिश्रमिक पाउने वा नपाउने गरी सार्वजनिक निकायको पदमा स्थायी, अस्थायी वा अन्य जुनसुकै तरिकाले नियुक्त, मनोनित वा बहालवाला पदाधिकारी, कर्मचारी वा व्यक्तिलाई समेत जनाउँछ।

(ञ) “सार्वजनिक निकाय” भन्नाले देहायका निकाय सम्झनुपर्छ–

(अ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यालय, संवैधानिक निकाय र ती अन्तर्गतका कार्यालय,

(आ) राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय,

(इ) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैङ्क, समिति वा प्रचलित नेपाल कानूनबमोजिम नेपाल सरकार वा प्रदेश सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था वा निकाय,

(ई) नेपाल सरकार वा प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था वा निकाय,

(उ) नेपाल सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था वा निकाय,

(ऊ) यो खण्डमा उल्लिखित संस्था वा निकायको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण रहेको वा अनुदान प्राप्त संस्था वा निकाय, र

(ए) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य कुनै निकाय वा संस्था ।

(ट) "सार्वजनिक सम्पत्ति" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको नाममा रहेको चल, अचल, भौतिक र अभौतिक सम्पत्ति सम्झनुपर्छ र सो शब्दले त्यस्तो सम्पत्ति माथिको हक, अधिकार, स्वामित्व सुनिश्चित गर्ने लिखत, वा कागजात वा प्रमाणपत्रलाई समेत जनाउँछ।

## परिच्छेद-२

## <u>अनुचित कार्य र उजुरी सम्बन्धी व्यवस्था</u>

३. <u>अनुचित कार्य गर्न नहुने</u> : सार्वजनिक पदाधिकारीले प्रचलित नेपाल कानूनबमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गरी सार्वजनिक सेवा प्रदान गर्दा अनुचित कार्य गर्नु वा गराउनु हुँदैन।

४. <u>अनुचित कार्य गरेको मानिने</u> : सार्वजनिक पदाधिकारीले जानीजानी वा लापर्बाही पूर्वक देहायका कार्य गरे वा गराएमा अनुचित कार्य गरेको मानिनेछः

(क) आफ्नो अधिकार वा जिम्मेवारी भित्रको कार्य गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कार्य गरेको,

(ख) कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रूपले अपनाउनु पर्ने कार्यविधि अवलम्बन नगरेको वा उल्लङ्घन गरेको वा कानूनको पालना नगरेको,

(ग) आफूलाई प्राप्त अधिकार प्रचलित नेपाल कानून वा माथिल्लो निकाय वा पदाधिकारीको निर्णय वा लिखित आदेश विपरीत अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेको,

(घ) आफ्नो तजबिजी अधिकार बदनियत साथ वा स्वेच्छाचारी रूपमा प्रयोग गरेको,

(ङ) अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा बाधा वा हस्तक्षेप गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाब दिई कुनै अनधिकृत कार्य गराएको वा गर्न लगाएको,

(च) आफूले गर्नुपर्ने कुनै कार्य सम्पादन नगरी अन्य कार्यालय वा पदाधिकारी समक्ष पठाई आफ्नो दायित्व र जिम्मेवारी पन्छाएको,

(छ) आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने कुनै पदीय कर्तव्य पालन नगरेको,

(ज) आफ्नो मातहत वा प्रभावमा रहेको कर्मचारी वा व्यक्तिलाई अनुचित दवाब वा प्रलोभन दिई आफ्नो हित अनुकूलको कार्य गराएको,

(झ) पदीय हैसियतले आफूलाई प्राप्त उन्मुक्ति, सुविधा वा सहुलियतको दुरूपयोग गरेको,

(ञ) प्रचलित नेपाल कानूनले तोकेको समयभित्र निर्णय नगरेको वा अनावश्यक रूपमा ढिलासुस्ती गरेको वा सेवा दिन इन्कार गरेको,

(ट) सेवा प्रवाह गर्दा सेवाग्राहीलाई कुनै किसिमले विभेद वा भेदभाव गरेको,

(ठ) आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा अनियमितता गरेको ।

५. सूचना सङ्कलन गर्न सक्ने : (१) सार्वजनिक पदाधिकारीले सार्वजनिक निकायको कार्य सम्पादन गर्दा अनुचित कार्य गरेको सम्बन्धमा सतर्कता केन्द्रले देहायका माध्यमबाट सूचना सङ्कलन गर्न सक्नेछः

(क) कसैले दिएको लिखित वा मौखिक उजुरी,

(ख) पत्रपत्रिका, लेख, रचना वा कुनै निकाय वा संस्थाबाट प्रकाशित प्रतिवेदनमा समाविष्ट विवरण, सूचना,

(ग) स्थलगत निरीक्षण, निगरानी, आकस्मिक जाँच, अनुगमनबाट प्राप्त सूचना वा अध्ययन सम्बन्धी प्रतिवेदनमा समाविष्ट विवरण, सूचना,

(घ) विद्युतीय सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारित समाचार, सूचना,

(ङ) सार्वजनिक निकायबाट सम्पादित शोध, अध्ययन र अनुसन्धान सम्बन्धी प्रतिवेदन ।

(२) सूचना सङ्कलन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

६. उजुरी दिन सक्ने : (१) सार्वजनिक पदाधिकारीले दफा ४ बमोजिमका कार्य गरे वा गर्न लागेको जानकारी पाउने व्यक्तिले देहायका विषय समावेश गरी सतर्कता केन्द्र समक्ष लिखित उजुरी दिन सक्नेछः

(क) उजुरीको ब्यहोरा,

(ख) सार्वजनिक निकायको नाम, त्यस्तो निकायमा कार्यरत सार्वजनिक पदाधिकारी र सो कार्यमा संलग्न अन्य व्यक्ति भए निजको नाम, थर, वतन,

(ग) उजुरीमा उल्लिखित आरोपलाई पुष्टि गर्ने प्रमाण वा सो सम्बन्धी विवरण वा कागजात,

(घ) अन्य निकायमा उजुरी दिएको भए सोको जानकारी,

(ङ) उजुरीकर्ताको नाम, थर, ठेगाना,

(च) अन्य आवश्यक विषय ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि टेलिफोन, विद्युतीय माध्यम वा मौखिक रूपमा समेत उजुरी दिन सकिनेछ र त्यसरी दिइएको उजुरीलाई लिपिबद्ध गरी दर्ता गर्नुपर्नेछ ।

(३) यो दफाबमोजिम उजुरी दिने व्यक्तिको पहिचान गोप्य राख्नुपर्नेछ ।

(४) उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७. उजुरीउपर छानबिन :(१) दफा ६ बमोजिम प्राप्त उजुरीका सम्बन्धमा सतर्कता केन्द्रले देहायबमोजिम छानबिन गर्नु पर्नेछः

(क) सम्बन्धित सार्वजनिक निकाय वा पदाधिकारीबाट उजुरीसँग सम्बन्धित कागजात माग गर्ने र सो सम्बन्धमा निजको धारणा माग गर्ने,

(ख) सम्बन्धित सार्वजनिक निकायका पदाधिकारीसँग लिखित रूपमा सोधपुछ गर्ने वा जानकारी लिने,

(ग) आवश्यकता अनुसार स्थलगत निरीक्षण, आकस्मिक जाँच वा निगरानी गर्ने ।

(२) सतर्कता केन्द्रले उपदफा (१) बमोजिम उजुरीको विषयमा महत्वपूर्ण जानकारी दिन सक्ने कुनै पदाधिकारी विषय विज्ञ भएमा त्यस्तो व्यक्तिसँग जानकारी लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम छानबिन गर्दा उजुरीको विषय आफ्नो क्षेत्राधिकार भित्र नपर्ने भएमा सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ।

(४) सतर्कता केन्द्रले उपदफा (१) बमोजिम उजुरीको ब्यहोराबाट सो उजुरी तथ्यमा आधारित नभएको वा अस्पष्ट वा भ्रमपूर्ण देखिएमा वा उजुरीको छानबिन गर्दा थप कारबाही गर्न आवश्यक नदेखिएमा त्यस्तो उजुरी तामेलीमा राख्न सक्नेछ ।

(५) यो दफाबमोजिमको छानबिन कार्यमा सहयोग पुऱ्याउनु र माग गरेको कागजात उपलब्ध गराउनु सम्बन्धित पदाधिकारी वा व्यक्तिको कर्तव्य हुनेछ ।

(६) उजुरी छानबिन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

८. सतर्क गराउन वा निर्देशन दिनसक्ने : दफा ७ बमोजिम छानबिन गर्दा सार्वजनिक निकायमा देहायका कार्य भएको देखिएमा सतर्कता केन्द्रले सम्बन्धित सार्वजनिक निकायको प्रमुख र त्यस्तो कार्यमा संलग्न सार्वजनिक पदाधिकारीलाई सतर्क गराउन वा त्यस्तो कार्य नगर्न वा नगराउन आवश्यक निर्देशन दिन सक्नेछः

(क) कुनै किसिमको अनियमितता हुन लागेको,

(ख) नियमित रूपमा कार्य नभएको,

(ग) सेवाग्राहीलाई दिनुपर्ने सेवा नदिएको, सेवा दिँदा लापर्बाही वा ढिलासुस्ती गरेको,

(घ) सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कार्यमा हेलचेक्र्याँइ वा लापर्बाही वा दुरूपयोग गरेको,

(ङ) आर्थिक अनियमितता वा भ्रष्टाचार सम्बन्धी कार्य हुन लागेको।

९. कारबाहीका लागि पठाउने : (१) सतर्कता केन्द्रले दफा ७ बमोजिम गरेको छानबिनबाट अनुचित कार्य गरेको पुष्टि हुन आएमा सम्बन्धित पदाधिकारीलाई प्रचलित नेपाल कानूनबमोजिम आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(२) सतर्कता केन्द्रले दफा ७ बमोजिम गरिएको छानबिनबाट सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गरेको वा भ्रष्टाचार सम्बन्धी कार्य भएको आशंका भएमा छानबिनको ब्यहोरा सहितको प्रतिवेदन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउनु पर्नेछ ।

१०. विभागीय सजाय गर्न लेखी पठाउने : (१) सतर्कता केन्द्रले दफा ८ बमोजिम सतर्क गराएको वा दिएको निर्देशन पालना नगर्ने सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा

संलग्न पदाधिकारीलाई विभागीय सजाय गर्न अख्तियारवाला समक्ष लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी पठाउँदा त्यस्तो सार्वजनिक पदाधिकारीलाई विभागीय सजाय गर्ने व्यवस्था नभएको अवस्थामा निजलाई अन्य आवश्यक कारबाही गर्न अख्तियारवालासमक्ष लेखी पठाउनु पर्नेछ ।

स्पष्टीकरणः यो उपदफाको प्रयोजनको लागि "अन्य आवश्यक कारबाही" भन्नाले सार्वजनिक पदाधिकारीको नियुक्तिपत्र वा कार्यसम्पादन सम्झौतामा उल्लेख भएबमोजिम वा कार्यरत निकायसँग सम्बन्धित कानूनबमोजिम सचेत गराउने, सेवा सुविधा कटौती गर्ने वा पदबाट हटाउने कारबाही सम्झनुपर्छ।

(३) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित अख्तियारवालाले तिन महिनाभित्र प्रचलित नेपाल कानूनबमोजिम सजाय वा अन्य आवश्यक कारबाही गरी सोको जानकारी सतर्कता केन्द्रलाई दिनु पर्नेछ ।

११. सुझाव दिन सक्ने : सतर्कता केन्द्रले यो परिच्छेदबमोजिम उजुरीको छानबिन गर्दा सार्वजनिक निकायको सेवा प्रवाह सम्बन्धी प्रक्रियामा समयानुकूल सुधार र परिमार्जन गर्नुपर्ने देखिएमा सम्बन्धित सार्वजनिक निकायको प्रमुख र सोको तालुक निकायलाई आवश्यक सुझाव दिन सक्नेछ ।

## परिच्छेद-३

## आयोजना विकास- निर्माण कार्यको प्राविधिक परीक्षण

१२. आयोजनाको गुणस्तर : (१) आयोजना विकास- निर्माणको दायित्व र जिम्मेवारी भएको सार्वजनिक निकायले आयोजना विकास-निर्माण गर्दा स्वीकृत मापदण्डबमोजिम गर्नु वा गराउनु पर्नेछ ।

(२) आयोजना विकास-निर्माण तथा सुरक्षा सम्बन्धी मापदण्ड सम्बन्धित निकायले तोके बमोजिम हुनेछ ।

१३. <u>प्राविधिक परीक्षण गर्ने वा गराउने</u> : (१) सतर्कता केन्द्रले आयोजना विकास-निर्माणको प्राविधिक परीक्षण गर्ने वा गराउने छ ।

(२) उपदफा (१) बमोजिम आयोजनाको प्राविधिक परीक्षण गर्दा सोको लागत, समय, गुणस्तर, प्रभावकारिता र प्राप्त उपलब्धिको आधारमा गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राविधिक परीक्षण गराउँदा दफा १६ बमोजिम सूचीकृत प्राविधिक परीक्षकबाट गराउनु पर्नेछ ।

१४. <u>प्राविधिक परीक्षणका विषय</u> : (१) दफा १३ बमोजिम प्राविधिक परीक्षणका लागि खटिएको प्राविधिक परीक्षकले आयोजनाको सम्बन्धमा देहायका आधारमा प्राविधिक परीक्षण गर्नेछ‘

(क) प्रारुप तयारी, सम्भाव्यता अध्ययन, विकास-निर्माण कार्यको स्वीकृत ड्रइङ्ग, डिजाइन, डिजाइन रिभ्यु, नक्सा, प्राविधिक प्रस्ताव तथा मापदण्डबमोजिम भए वा नभएको,

(ख) खरीद सम्झौताको पालना र कार्यान्वयन भए वा नभएको,

(ग) पर्याप्त बजेटको विनियोजन, निर्धारित समयमा निकासा तथा लक्ष्य अनुसार खर्च भए वा नभएको र समयमा लेखापरीक्षण भए वा नभएको,

(घ) निर्माण कार्यको गुणस्तर कायम भए वा नभएको,

(ङ) सेवा र निर्माण कार्यको खरीद सम्झौता गर्दा प्रचलित नेपाल कानूनबमोजिम भए वा नभएको,

(च) निर्माण कार्य गर्दा प्रचलित नेपाल कानूनले निर्धारण गरेको प्रक्रिया एवम् कार्यविधिको पालना गरे वा नगरेको,

(छ) समय तालिका निर्धारण भए वा नभएको र सोबमोजिमम कार्य प्रगति हासिल भए वा नभएको,

(ज) निर्माण सम्पन्न भएपछि सोको सञ्चालन र मर्मत-सम्भारका लागि आर्थिक तथा प्राविधिक व्यवस्था भए वा नभएको,

(झ) आयोजना गुणस्तरीय र सुरक्षित भए वा नभएको ।

(२) सतर्कता केन्द्रले उपदफा (१) बमोजिम प्राविधिक परीक्षणबाट देखिएका कमी कमजोरी वा त्रुटि तत्काल सुधार गर्न र भविष्यमा सञ्चालन हुने आयोजनामा त्यस्तो कमी कमजोरी वा त्रुटि दोहोरिन नदिने व्यवस्था गर्न सम्बन्धित सार्वजनिक निकायलाई आवश्यक सुझाव वा निर्देशन दिन सक्नेछ ।

१५. प्राविधिक परीक्षकको योग्यता र अनुभव : (१) प्राविधिक परीक्षकमा सूचीकरण हुन चाहने व्यक्तिले देहायको खण्ड (क) र संस्थाले खण्ड (ख) बमोजिमको योग्यता र अनुभव हासिल गरेको हुनुपर्नेछः

(क) व्यक्तिको हकमाः

(अ) मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट मेकानिकल, इलेक्ट्रिकल, कन्स्ट्रक्सन, जियोलोजिकल, टनेल वा सिभिल इन्जिनियरिङ्ग वा सूचना प्रविधि वा टेलिकम्युनिकेसन वा इलेक्ट्रोनिक्स वा सफ्टवेयर इन्जिनियरिङ्ग वा सार्वजनिक खरीद व्यवस्थापन सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको, वा

(आ) प्राविधिक परीक्षण गरिने आयोजनाको कार्यको प्रकृति अनुसारको विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको,

(इ) सम्बन्धित परिषद्मा दर्ता भएको, प्राविधिक परीक्षण सम्बन्धी तालिम प्राप्त गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको, र

(ई) प्रचलित नेपाल कानूनबमोजिम प्राविधिक परीक्षक हुन अयोग्य नठहरिएको ।

(ख) संस्थाको हकमाः

(अ) प्राविधिक परीक्षण गर्ने उद्देश्यले प्रचलित नेपाल कानूनबमोजिम दर्ता भई सञ्चालनमा रही कर तिरेको र नवीकरण भएको,

(आ) प्राविधिक परीक्षणका लागि खण्ड (क) बमोजिमको योग्यता तथा अनुभव भएका दक्ष जनशक्ति र प्रविधि भएको,

(इ) प्रचलित नेपाल कानूनबमोजिम कालोसूचीमा नपरेको, र

(ई) प्रचलित नेपाल कानूनबमोजिम प्राविधिक परीक्षक हुन अयोग्य नठहरिएको ।

(२) प्राविधिक परीक्षकमा सूचिकृत हुँदा प्राविधिक परीक्षणका लागि प्रचलित नेपाल कानूनबमोजिम अयोग्य नरहेको स्वघोषणा गरेको हुनु पर्नेछ ।

१६. <u>प्राविधिक परीक्षण गर्ने व्यक्ति वा संस्थाको सूचीकरण</u> : (१) सतर्कता केन्द्रले दफा १५ बमोजिमको योग्यता र अनुभव प्राप्त व्यक्ति वा संस्थाहरू मध्येबाट प्राविधिक परीक्षकको सूची तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूची तयार गर्ने प्रयोजनका लागि सतर्कता केन्द्रले समय-समयमा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्ने तथा प्राविधिक परीक्षकको सूची अद्यावधिक गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१७. <u>तालिम दिन सक्ने</u> : (१) सतर्कता केन्द्रले प्राविधिक परीक्षण सम्बन्धी तालिमको व्यवस्था गर्न सक्नेछ ।

(२) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१८. <u>प्राविधिक परीक्षणका लागि खटाउने</u> : (१) सतर्कता केन्द्रले आयोजनाको प्राविधिक परीक्षण गर्नको लागि दफा १६ बमोजिम सूचीकृत प्राविधिक परीक्षकहरू मध्येबाट प्राविधिक परीक्षण गरिने आयोजनाको कार्य प्रकृतिको आधारमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक परीक्षक खटाउँदा देहायका सर्तहरू उल्लेख गरी सतर्कता केन्द्र र प्राविधिक परीक्षक वा संस्थाबिच सम्झौता गर्नुपर्नेछः

(क) प्राविधिक परीक्षण सम्पन्न गर्नुपर्ने अवधि,

(ख) प्राविधिक परीक्षण विधि र प्रक्रिया,

(ग) पारिश्रमिक, सेवा सुविधा र सर्त,

(घ) पालना गर्नुपर्ने आचार संहिता, र

(ङ) तोकिए बमोजिमका अन्य कुराहरू ।

(३) सतर्कता केन्द्रले उपदफा (१) बमोजिम प्राविधिक परीक्षक खटाउँदा सम्बन्धित प्राविधिक परीक्षकलाई प्राविधिक परीक्षण गरिने आयोजनाका विषयमा आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(४) सतर्कता केन्द्रले आवश्यक देखेमा विषयगत दक्षता भएको संघीय निजामती कर्मचारीलाई समेत प्राविधिक परीक्षकसँग खटाउन सक्नेछ ।

(५) यो दफाबमोजिम प्राविधिक परीक्षणको कार्यमा खटिएको व्यक्ति वा संस्था त्यस्तो कार्य सम्पन्न गर्ने अवधिसम्मका लागि राष्ट्रसेवक सरह मानिनेछ ।

१९. प्राविधिक परीक्षकको काम, कर्तव्य र अधिकार : (१) यो ऐनबमोजिम प्राविधिक परीक्षणका लागि खटिएको प्राविधिक परीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ‘

(क) आयोजनाको स्वीकृत ड्रइङ्ग, डिजाइन, नक्सा, प्राविधिक प्रस्ताव तथा मापदण्ड लगायतका आवश्यक कागजातहरू अध्ययन तथा जाँच गर्ने,

(ख) आयोजना प्रमुख तथा अन्य जिम्मेवार कर्मचारीसँग आयोजनाका विषयमा आवश्यक कागजात, सूचना तथा जानकारी माग गर्ने,

(ग) आयोजनाको कार्यालय वा निर्माणस्थल, निर्माण सामग्री र सोको उत्पादन वा सङ्कलन स्थल, आयोजनासँग सम्बन्धित यन्त्र, सोको पार्टपूर्जा, उपकरण र प्रयोगशालाको निरीक्षण गर्ने,

(घ) सूचना प्रविधिसँग सम्बन्धित आयोजनाको सुरक्षा प्रणाली तथा संकलित तथ्यांकको संरक्षण र प्रयोग गर्ने,

(ङ) आयोजनामा प्रयोग गरिएको निर्माण सामग्रीको नमूना सङ्कलन गर्ने,

(च) प्राविधिक परीक्षण सम्पन्न गरी सोको प्रतिवेदन पेस गर्ने ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम मागेको आवश्यक कागजात उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(३) प्राविधिक परीक्षण गर्दा देहायको अवस्था देखिएमा प्राविधिक परीक्षकले यथाशीघ्र सो सम्बन्धी जानकारी सतर्कता केन्द्रलाई दिनुपर्नेछ‘

(क) कुनै आयोजनामा सो आयोजनाको लक्ष्य वा निर्धारित समय तालिका अनुरूप कार्य नभएको, वा

(ख) आयोजना कार्यान्वयन गर्दा प्रचलित नेपाल कानूनको उल्लङ्घन भएको वा आयोजनासँग सम्बन्धित निर्माण व्यवसायी, परामर्शदाता वा सम्बन्धित कार्यालयका कर्मचारीले कुनै अनियमित कार्य गरेको ।

(४) प्राविधिक परीक्षकको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. <u>प्राविधिक परीक्षण प्रतिवेदन</u> : (१) प्राविधिक परीक्षकले आयोजनाको प्राविधिक परीक्षण सम्पन्न गरी सम्झौतामा उल्लिखित अवधिभित्र सतर्कता केन्द्रसमक्ष प्राविधिक परीक्षण प्रतिवेदन पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा दफा १४ मा उल्लिखित विषयका अतिरिक्त देहायका विषय समावेश गर्नुपर्नेछ‘

(क) आयोजना कार्यान्वयनका क्रममा देखिएका कमी, कमजोरी तथा त्रुटि,

(ख) आयोजना प्रमुख वा संलग्न पदाधिकारीबाट आयोजना कार्यान्वयनका क्रममा कुनै लापर्बाही वा बदनियत गरेको भए सो विषय,

(ग) तालुक निकाय वा पदाधिकारी वा अनुगमन गर्ने निकायले अनुगमन र निरीक्षण पश्चात दिएको सुझाव कार्यान्वयनको अवस्था,

(घ) आयोजना कार्यान्वयन गर्दा प्रचलित नेपाल कानूनबमोजिम पालना गर्नुपर्ने विषय पालना भए वा नभएको विषय ।

(३) प्राविधिक परीक्षण प्रतिवेदनको ढाँचा तथा सो प्रतिवेदन पेस गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२१. सजाय : प्राविधिक प्ररीक्षणका लागि खटिएको प्राविधिक परीक्षकले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम विपरीत जानीजानी वा बदनियतपूर्वक कुनै कार्य गरी हानि-नोक्सानी पुऱ्याएमा वा कुनै किसिमको अनियमितता गरेमा निजलाई प्रचलित नेपाल कानूनबमोजिम सजाय हुनेछ ।

२२. त्रुटि सच्याउने : (१) दफा १९ को उपदफा (३) बमोजिम दिएको जानकारी वा दफा २० बमोजिम पेस गरेको प्रतिवेदनबाट देहायको अवस्था देखिएमा आयोजनाको त्रुटिपूर्ण अंशको कार्य रोकी त्रुटि सच्याउने सम्बन्धमा सतर्कता केन्द्रले सम्बन्धित मन्त्रालयको सचिव वा केन्द्रीय निकायको प्रमुखसमक्ष लेखी पठाउन पर्नेछ‘

(क) आयोजनामा गम्भीर त्रुटि भएको र त्यस्तो त्रुटि नसच्याई आयोजनाको कार्यलाई निरन्तरता दिँदा सो त्रुटिपूर्ण कार्य पछि सच्याउन वा पत्ता लगाउन नसकिने भएमा, वा

उदाहरण : सडक निर्माण कार्यको प्राविधिक परीक्षण गर्दा खरीद सम्झौताबमोजिम कालोपत्रे, अलकत्रा लगायतको गुणस्तर र मोटाइको अनुपात (थिकनेस रेसियो) नपुगेको ।

(ख) आयोजनाको आयु वा गुणस्तरमा कमी आउने वा सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी हुने देखिएमा ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित मन्त्रालयको सचिव वा केन्द्रीय निकायको प्रमुखले आयोजना प्रमुखको प्रतिक्रिया लिई आयोजनाको त्यस्तो त्रुटि

सच्याएर मात्र बाँकी कार्य गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न आयोजना प्रमुखलाई निर्देशन दिनु पर्नेछ र त्यसरी निर्देशन दिएको जानकारी तत्काल सतर्कता केन्द्रलाई दिनुपर्नेछ।

(३) आयोजना प्रमुखले उपदफा (२) बमोजिम प्राप्त निर्देशनबमोजिम त्यस्तो त्रुटि सच्याएर मात्र सो कार्य अघि बढाउनुपर्नेछ ।

२३. <u>प्रयोगशालामा परीक्षण वा विशेषज्ञको राय</u> : (१) सतर्कता केन्द्रले दफा २० बमोजिम प्राविधिक परीक्षकले पेस गरेको प्रतिवेदनका आधारमा आयोजनामा प्रयोग गरिएका वस्तु, सेवा वा निर्माण सामग्रीको प्रयोगशालामा परीक्षण गर्न वा गराउन वा सो सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ ।

(२) प्रयोगशालामा परीक्षण वा विशेषज्ञको राय लिने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२४. <u>प्रतिवेदन कार्यान्वयन</u> : (१) दफा २० बमोजिम प्राविधिक परीक्षकले पेस गरेको प्रतिवेदनलाई कार्यान्वयन गर्ने वा गराउने दायित्त्व सतर्कता केन्द्रको हुनेछ ।

(२) दफा २० बमोजिम पेस भएको प्रतिवेदनबाट देहायको अवस्था देखिन आएमा सतर्कता केन्द्रले आयोजना कार्यान्वयनसँग सम्बन्धित पक्षलाई आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनुपर्नेछ‘

(क) आयोजनासँग सम्बन्धित निर्माण व्यवसायी, परामर्शदाता वा मालसामान आपूर्तिकर्ताले आयोजनाको गुणस्तर, सुरक्षा र दिगोपन कमजोर हुने गरी कार्य गरेको पुष्टि भएमा,

(ख) आयोजनाको विकास-निर्माणमा लापर्बाही, अनियमितता भएको वा आयोजनालाई हानि-नोक्सानी भएको वा गुणस्तर र सुरक्षा कायम भएको सुनिश्चित नभई लगत कट्टा गरेको देखिएमा ।

(३) उपदफा (१) बमोजिम कारबाहीका लागि लेखी आएकोमा सम्बन्धित सार्वजनिक निकायले सोबमोजिम कारबाही गरी सतर्कता केन्द्रलाई जानकारी दिनुपर्नेछ।

(४) प्राविधिक परीक्षण प्रतिवेदन कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## सतर्कता केन्द्रको स्थापना, काम, कर्तव्य र अधिकार

२५. राष्ट्रिय सतर्कता केन्द्रको स्थापना : (१) अनुचित कार्यको रोकथाम, आयोजनाको प्राविधिक परीक्षण र भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न राष्ट्रिय सतर्कता केन्द्रको स्थापना गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको राष्ट्रिय सतर्कता केन्द्र यो ऐन प्रारम्भ भएको मितिदेखि उपदफा (१) बमोजिमको राष्ट्रिय सतर्कता केन्द्रमा परिणत हुनेछ।

(३) सतर्कता केन्द्रको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(४) सतर्कता केन्द्रले आवश्यकता अनुसार नेपालका अन्य स्थानमा कार्यालय खोल्न सक्नेछ ।

(५) सतर्कता केन्द्रको कार्यालय नरहेको स्थानमा संघीय निजामती सेवाको कुनै अधिकृतलाई क्षेत्राधिकार तोकी सतर्कता केन्द्रले सम्पर्क अधिकृत तोक्न र निजलाई आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

२६. प्रमुख प्रशासकीय अधिकृत : सतर्कता केन्द्रको प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्य गर्न नेपाल सरकारले संघीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको कुनै अधिकृतलाई तोक्नेछ ।

२७. सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था : (१) सतर्कता केन्द्रमा आवश्यक संख्यामा कर्मचारी रहनेछन् ।

(२) सतर्कता केन्द्रको सङ्गठन संरचना र कर्मचारीको दरबन्दी नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(३) सतर्कता केन्द्रलाई नेपाल सरकार वा विशिष्टिकृत निकायको कुनै कर्मचारीको सेवा आवश्यक परी सतर्कता केन्द्रबाट निश्चित समयावधिका लागि माग भएमा नेपाल सरकार वा विशिष्टिकृत निकायले त्यस्तो कर्मचारीलाई समयावधि तोकी काजमा खटाउन सक्नेछ।

२८. <u>सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार</u> : (१) यो ऐन तथा यो ऐन अन्तर्गत बनेका नियम र निर्देशिकाको अधीनमा रही सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ–

(क) अनुगमन र निगरानी गर्ने सम्बन्धीः

(अ) सार्वजनिक निकायको कार्य नियमित र प्रचलित नेपाल कानूनबमोजिम भए वा नभएको तथा सेवाग्राहीलाई सहज रूपमा सेवा उपलब्ध गराए वा नगराएको अनुगमन गर्ने,

(आ) सार्वजनिक निकायले आफ्नो स्वामित्व वा जिम्मामा रहेको भवन, जग्गा जमीन, सवारी साधन, मेसिनरी औजार र जिन्सी मालसामानको अभिलेख राखे वा नराखेको र सोको उचित संरक्षण र सदुपयोग गरे वा नगरेको निगरानी र अनुगमन गर्ने वा गराउने,

(इ) सार्वजनिक निकायको तर्फबाट निर्माण र सञ्चालन भएका आयोजनाको कार्य नियमित रूपमा भए वा नभएको अनुगमन गर्ने वा गराउने,

(ई) सार्वजनिक निकायले नागरिक वडापत्र राखे वा नराखेको र नागरिक वडापत्रबमोजिम कार्य भए वा नभएको अनुगमन गर्ने,

(उ) सार्वजनिक पदाधिकारीले पदीय अनुशासन र आचार संहिता पालना गरे वा नगरेको अनुगमन गर्ने वा गराउने,

(ऊ) सार्वजनिक निकायको गुनासो सुनुवाइ व्यवस्थाको अनुगमन गर्ने,

(ए) सार्वजनिक पदाधिकारीले प्रचलित नेपाल कानूनबमोजिम सम्पत्ति विवरण पेस गरे वा नगरेको अनुगमन गर्ने,

(ऐ) उच्च पदस्थ र सार्वजनिक निकायमा कार्यरत वा अवकाश प्राप्त सार्वजनिक पदाधिकारीको विदेशस्थित बैंक वा वित्तीय संस्थामा बैंक खाता रहे वा नरहेको तथा विदेशमा चल अचल सम्पति रहे वा नरहेको अनुगमन गर्ने र त्यस्तो बैंक खाता वा सम्पति रहेको पाइएमा अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउने।

(ख) सूचना सङ्कलन, उजुरी र सोको छानबिन सम्बन्धीः

(अ) सार्वजनिक निकायबाट हुनुपर्ने कार्य नियमित रूपमा सम्पादन भए वा नभएको सूचना सङ्कलन गर्ने,

(आ) अनुचित कार्यका सम्बन्धमा सूचना सङ्कलन गर्ने, उजुरी लिने र सोको छानबिन गर्ने,

(इ) सुराकी वा सूचक राखी सार्वजनिक निकायमा हुनसक्ने अनियमितता र भ्रष्टाचार सम्बन्धी सूचना सङ्कलन गर्ने,

(ई) सार्वजनिक पदाधिकारीले प्रचलित नेपाल कानूनबमोजिम सम्पत्ति विवरण पेस गरे वा नगरेको सूचना सङ्कलन गर्ने,

(उ) सार्वजनिक पदाधिकारीको अस्वभाविक जीवनशैली र आय-व्ययको सूचना सङ्कलन गर्ने र सोको अभिलेख राख्ने,

(ऊ) उच्च पदस्थ र सार्वजनिक निकायमा कार्यरत वा अवकाश प्राप्त पदाधिकारीको विदेश स्थित बैंक वा वित्तीय संस्थामा बैंक खाता वा चल अचल सम्पति रहे वा नरहेको सम्बन्धमा सूचना सङ्कलन गर्ने।

(ग) निर्देशन वा सुझाव दिने सम्बन्धीः

(अ) सार्वजनिक निकायबाट विधि, प्रक्रिया वा कानूनको पालना नगरी भएको निर्णय सच्याउन सम्बन्धित निकायलाई निर्देशन दिने,

(आ) सार्वजनिक निकायको सेवा प्रवाह सम्बन्धी कार्यमा समयानुकूल सुधार र परिमार्जन गर्नु पर्ने देखिएमा सम्बन्धित निकायमा आवश्यक सुझाव दिने,

(इ) स्वार्थ बाझिन सक्ने विषय नियमनका लागि आवश्यक नीति तथा कार्यविधि निर्माण गर्न सार्वजनिक निकायलाई निर्देशन दिने,

(ई) भ्रष्टाचार र अनुचित कार्यको रोकथाम तथा नियन्त्रणको लागि सार्वजनिक निकायलाई आवश्यक निर्देशन वा सुझाव दिने।

(घ) अनुचित कार्य र भ्रष्टाचारको रोकथाम तथा सतर्कता प्रवर्द्धन सम्बन्धी'

(अ) प्रचलित नेपाल कानूनबमोजिम सम्पत्ति विवरण पेस नगर्नेको जानकारी सहितको प्रतिवेदन अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउने,

(आ) अनुगमनबाट सार्वजनिक पदाधिकारीको अस्वभाविक जीवनशैली र आय-व्यय देखिएमा छानबिनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाउने,

(इ) भ्रष्टाचार सम्बन्धमा कुनै जानकारी वा सूचना प्राप्त भएमा सम्बन्धित निकायलाई उपलब्ध गराउने,

(ई) आयोजना विकास तथा पूर्वाधार निर्माण गर्ने सार्वजनिक निकायलाई निर्माण सम्बन्धी आचार संहिता तयार गर्न लगाउने र सोको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने,

(उ) सार्वजनिक निकायले सार्वजनिक सम्पत्तिको संरक्षण, हेरचाह र सदुपयोग नगरेको देखिएमा त्यस्तो सम्पत्तिको संरक्षण, हेरचाह र सदुपयोग गर्न ध्यानाकर्षण सहित त्यस्तो निकायलाई आवश्यक सुझाव दिने,

(ऊ) सार्वजनिक पदाधिकारीले अनुचित कार्य गरेको देखिएमा विभागीय सजाय हुनसक्ने पदाधिकारीलाई विभागीय सजायका लागि र त्यस्तो सजाय हुनसक्ने व्यवस्था नभएको पदाधिकारीलाई कारबाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउने,

(ए) सार्वजनिक निकायबाट विकास-निर्माण गरिएको आयोजनाको प्राविधिक परीक्षण गरी वा गराई सोको परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने,

(ऐ) अनुचित कार्यको रोकथाम, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धमा चेतनामूलक र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने।

(ङ) भ्रष्टाचार र अनुचित कार्य नियन्त्रण रणनीति सम्बन्धीः

(अ) भ्रष्टाचार विरूद्धको महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक रणनीति र कार्ययोजना तयार गरी परिषद् समक्ष पेस गर्ने र स्वीकृत भएबमोजिम कार्यान्वयन गर्ने वा गराउने,

(आ) भ्रष्टाचार र अनुचित कार्यको रोकथाम तथा नियन्त्रण सम्बन्धमा शोधमूलक अनुसन्धान गरी अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा परिषद् समक्ष प्रतिवेदन पेस गर्ने।

(२) सतर्कता केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२९. भ्रष्टाचार विरूद्धको महासन्धि कार्यान्वयनको केन्द्रीय निकाय : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायले भ्रष्टाचार विरूद्धको महासन्धि कार्यान्वयनको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायबिच समन्वय र सहकार्य गर्न केन्द्रीय निकायको रूपमा कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निकायले केन्द्रीय निकायको रूपमा देहायबमोजिमका कार्य गर्न सक्नेछः

(क) भ्रष्टाचार विरूद्धको महासन्धि बमोजिम अन्तर्राष्ट्रिय प्राविधिक सहयोग प्राप्त गर्न आवश्यक पहल र प्रयत्न गर्ने,

(ख) भ्रष्टाचार नियन्त्रण सम्बन्धमा सूचना आदान-प्रदान र क्षमता अभिवृद्धिका लागि भ्रष्टाचार विरुद्वको महासन्धिको अन्य पक्ष राष्ट्र तथा सम्बद्व अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य र सहयोग आदान-प्रदान गर्ने, र

(ग) भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि सरकारी तथा गैरसरकारी संस्था, निजी क्षेत्र र नागरिक समाजसँग सहकार्य र समन्वय गर्ने ।

## परिच्छेद—५

## राष्ट्रिय सतर्कता परिषद् सम्बन्धी व्यवस्था

३०. राष्ट्रिय सतर्कता परिषद्को गठन : अनुचित कार्यको रोकथाम, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि नेपाल सरकारलाई आवश्यक सुझाव दिन, विभिन्न निकायहरूबिच समन्वय गर्न र सतर्कता केन्द्रको काम कारबाही सम्बन्धमा सतर्कता केन्द्रलाई आवश्यक निर्देश गर्न देहायबमोजिमको राष्ट्रिय सतर्कता परिषद् गठन गरिएको छः

(क) प्रधानमन्त्री -अध्यक्ष

(ख) अर्थ मन्त्री -सदस्य

(ग) गृह मन्त्री -सदस्य

(घ) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री -सदस्य

(ङ) मुख्य सचिव, नेपाल सरकार -सदस्य

(च) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(छ) सचिव, अख्तियार दुरूपयोग अनुसन्धान आयोग -सदस्य

(ज) सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालय -सदस्य

(झ) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(ञ) प्रमुख प्रशासकीय अधिकृत, सतर्कता केन्द्र -सदस्य-सचिव

३१. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u> : परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सार्वजनिक सेवा प्रवाह र आयोजनाको विकास-निर्माण तथा सञ्चालनलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउने सम्बन्धमा नीतिगत र कानूनी सुधार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने र सो सम्बन्धमा नेपाल सरकारबाट भएको निर्णयको कार्यान्वयन गर्ने वा गराउने,

(ख) अनुचित कार्य रोकथाम र भ्रष्टाचार नियन्त्रणका लागि नीतिगत र कानूनी सुधार गर्न नेपाल सरकारलाई सिफारिस गर्ने र सो सम्बन्धमा नेपाल सरकारबाट भएको निर्णयको कार्यान्वयन गर्ने वा गराउने,

(ग) भ्रष्टाचार विरूद्धको महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक रणनीति र कार्ययोजना तयार गर्ने,

(घ) अनुचित कार्य नियन्त्रण सम्बन्धी आवश्यक रणनीति स्वीकृत गरी कार्यान्वयन गराउने,

(ङ) निजी क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक रणनीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गराउने तथा सोको लागि विभिन्न निकायबिच समन्वय गर्ने,

(च) अनुचित कार्यको रोकथाम र आयोजनाको प्राविधिक परीक्षण सम्बन्धी कार्ययोजना तथा रणनीति स्वीकृत गरी कार्यान्वयन गराउने,

(छ) सतर्कता केन्द्रको काम कारबाहीलाई प्रभावकारी बनाउन सो केन्द्रलाई आवश्यक निर्देश गर्ने,

(ज) भ्रष्टाचार र अनुचित कार्यको रोकथाम सम्बन्धमा नेपाल सरकारले तोकेका अन्य काम कारबाही गर्ने वा गराउने ।

३२. परिषद्को बैठक सम्बन्धी व्यवस्था : (१) परिषद्को बैठक आवश्यकताअनुसार परिषद्को अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) सदस्य-सचिवले परिषद्को बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूची सहितको सूचना परिषद्का सबै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ ।

(४) परिषद्को निर्णय परिषद्को अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(५) परिषद्ले आवश्यक ठानेमा परिषद्को कार्यसँग सम्बन्धित कुनै विशेषज्ञ वा ख्यातिप्राप्त व्यक्तिलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद — ६

## विविध

३३. <u>आम-उपयोगी सेवाको निरीक्षण र अनुगमन</u> : (१) प्रचलित नेपाल कानूनबमोजिम आम-उपयोगी सेवा उपलब्ध गराउन अनुमति वा स्वीकृति प्राप्त सार्वजनिक वा निजी संस्थाले उद्देश्यअनुरूप कार्य गरे वा नगरेको सम्बन्धमा सतर्कता केन्द्रले आवश्यक निरीक्षण र अनुगमन गर्न सक्नेछ ।

(२) सतर्कता केन्द्रले उपदफा (१) बमोजिम निरीक्षण र अनुगमन गर्दा अनियमितता गरेको वा उपभोक्तालाई अनावश्यक दुःख, हैरानी दिएको, सेवा प्रवाह गर्दा भेदभाव गरेको वा स्वीकृत मापदण्डबमोजिम सेवा उपलब्ध नगराएको पाइएमा त्यस्तो सार्वजनिक वा निजी संस्थाउपर आवश्यक र उचित कानूनी कारबाही गर्न सम्बन्धित नियामक निकायलाई लेखी पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएकोमा सम्बन्धित नियामक निकायले सोही बमोजिम त्यस्तो सार्वजनिक वा निजी संस्थालाई प्रचलित नेपाल कानूनबमोजिम कारबाही गर्नुपर्नेछ ।

<u>स्पष्टीकरण</u> : यो दफाको प्रयोजनका लागिः

(क) "आम-उपयोगी सेवा" भन्नाले खानेपानी, फोहोरमैला व्यवस्थापन, ग्यााँस, विद्युत, टेलिफोन, इन्टरनेट, टेलिभिजन लगायतका दैनिक उपभोग्य सेवा सम्झनुपर्छ ।

(ख) "सार्वजनिक वा निजी संस्था" भन्नाले आम-उपयोगी सेवा उपलब्ध गराउन प्रचलित नेपाल कानूनबमोजिम दर्ता भएको कम्पनी, फर्म, एजेन्सी, सङ्घ-सङ्गठन वा गुठी सम्झनुपर्छ ।

३४. <u>वार्षिक प्रतिवेदन</u> : (१) सतर्कता केन्द्रले देहायका विषयहरू समावेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र प्रधानमन्त्रीसमक्ष वार्षिक प्रतिवेदन पेस गर्नुपर्नेछः

(क) एक आर्थिक वर्षमा सतर्कता केन्द्रमा दर्ता भएका उजुरीको प्रकार र सङ्ख्या, सोउपर भएको छानबिनको निष्कर्ष र फस्यौंट सङ्ख्या,

(ख) उजुरीका सम्बन्धमा भएको निर्णय,

(ग) आयोजनाहरूको प्राविधिक परीक्षण सम्बन्धी विवरण,

(घ) परिषद्‌बाट भएका निर्णय र सोको कार्यान्वयनको अवस्था,

(ङ) सतर्कता केन्द्रले वार्षिक रूपमा सम्पादन गरेका अन्य कार्य ।

(२) उपदफा (१) बमोजिम पेस भएको प्रतिवेदन प्रधानमन्त्रीले सङ्घीय संसदमा पेस गर्नु पर्नेछ ।

३५. <u>यो ऐन लागू हुने</u> : यो ऐनमा लेखिए जति विषयमा यो ऐनबमोजिम र अन्यमा प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

३६. <u>सहयोग गर्नुपर्ने</u> : यो ऐन कार्यान्वयनमा सतर्कता केन्द्रले सहयोग मागेमा आवश्यक सहयोग गर्नु वा गराउनु सम्बन्धित सार्वजनिक निकाय तथा निजी क्षेत्रको कर्तव्य हुनेछ।

३७. <u>बाधा अवरोध गरेमा जरिबाना गर्न सक्ने</u> : (१) कसैले सतर्कता केन्द्रको कार्यमा बाधा अवरोध गर्न हुँदैन ।

(२) उपदफा (१) विपरीत बाधा अवरोध गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई प्रमुख प्रशासकीय अधिकृतले पच्चीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जरिबाना गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले उच्च अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

३८. <u>नेपाल सरकारसँग सम्पर्क</u> : सतर्कता केन्द्रले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमार्फत नेपाल सरकारसँग सम्पर्क गर्नेछ ।

३९. <u>नेपाल प्रहरीको सेवा लिन सक्ने</u> : सतर्कता केन्द्रले आफ्नो कार्य सम्पादन गर्न सतर्कता प्रहरीको रुपमा कामकाज गर्नेगरी नेपाल प्रहरीको सेवा लिन सक्नेछ ।

४०. <u>अधिकार प्रत्यायोजन</u> : यो ऐनबमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार प्रमुख प्रशासकीय अधिकृतले सतर्कता केन्द्रको कुनै अधिकृत कर्मचारी वा प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४१. <u>नियमहरू बनाउने अधिकार</u> : यो ऐन कार्यान्वयन गर्नका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

४२. <u>निर्देशिका वा कार्यविधि बनाउने अधिकार</u> :(१) सतर्कता केन्द्रले यो ऐन तथा यो ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएका निर्देशिका वा कार्यविधि नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

४३. <u>सङ्घीय संसदमा पेस गर्नुपर्ने</u> : (१) दफा ४१ र ४२ बमोजिमका नियम, निर्देशिका र कार्यविधिलाई नेपाल सरकारले संघीय संसदको दुवै सदनको बैठकमा पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेस भएका नियम, निर्देशिका तथा कार्यविधि यो ऐनको व्यवस्थासँग सामाञ्जस्य नदेखिएमा त्यस्ता व्यवस्थालाई संसदले संशोधन वा मिलान गर्न निर्देश गर्न सक्नेछ ।

४४. <u>ऐन कार्यान्वयन मापन</u> : (१) सतर्कता केन्द्रले यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षपछि र त्यसपछिको प्रत्येक तिन वर्षमा ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्नेछ ।

(२) ऐन कार्यान्वयन मापन सम्बन्धी आधार तोकिएबमोजिम हुनेछ ।

४५. <u>खारेजी र बचाउ</u> : (१) भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ र ३८ खारेज गरिएका छन् ।

(२) उपदफा (१) बमोजिमको दफाबमोजिम सतर्कता केन्द्रबाट भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(४) **<u>भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक</u>**

**<u>प्रस्तावना:</u>** भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ मा संशोधन</u>:** भ्रष्टाचार निवारण ऐन, २०५९ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

"(१) खण्ड (क) मा रहेका "परिच्छेद-२" भन्ने शब्दहरू पछि "वा परिच्छेद २क." भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (छ) पछि देहायका खण्ड (ज), (झ), (ञ) र (ट) थपिएका छन्:-

"(ज) "स्वार्थको द्वन्द्व" भन्नाले कुनै राष्ट्रसेवकले सो हैसियतमा कुनै कार्य सम्पादन गर्दा वा निर्णय लिँदा निजको निजी हित, सरोकार वा चासो बिच स्वार्थ बाझिएको अवस्था सम्झनु पर्छ र सो शब्दले निजको पेशागत वा व्यावसायिक वा त्यससँग सम्बन्धित संस्थागत हितसँग हुने द्वन्द्व समेतलाई जनाउँछ।

तर, बृहत्तर सार्वजनिक हितको उद्देश्यले कुनै कार्य सम्पादन गर्दा वा निर्णय लिँदा निजको निजी हित, पेशागत वा व्यावसायिक हित समेत जोडिएको रहेछ भने त्यस्तो अवस्थालाई स्वार्थको द्वन्द्व मानिने छैन।

(झ) "अनुचित प्रभाव" भन्नाले आफ्नो मातहतमा रहेको वा आफ्नो इच्छा अनुसार काम गराउन सकिने राष्ट्रसेवकबाट निजी हित,

सरोकार, स्वार्थ वा चासो पूरा गर्नको लागि त्यस्तो राष्ट्रसेवकलाई पार्ने वा पार्न सक्ने प्रभाव सम्झनुपर्छ।

(ञ) "निजी हित" भन्नाले सार्वजनिक हित बाहेकको हित सम्झनुपर्छ र सो शब्दले राष्ट्रसेवक वा निजको पारिवारिक, पेशागत वा व्यावसायिक हित समेत जनाउँछ।

(ट) "परिवार" भन्नाले सार्वजनिक पदाधिकारीको पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, दाजु, भाई, दिदी, बहिनी, नाती, नातिनी, बाजे, बडाबा, काका, फुपु, मामा, ससुरा, जेठान, साला, साली सम्झनु पर्छ र सो शब्दले त्यस्ता नाताका व्यक्तिको पति वा पत्नी तथा निजका छोरा, छोरीलाई समेत जनाउँछ।"

३. **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) राखिएको छः

"(ग१) आफ्नो पद तथा अधिकारको अनुचित प्रयोग गरी निजी हित, सरोकार वा स्वार्थ पुरा गर्ने वा कुनै व्यक्ति वा संस्थालाई लाभ हुने गरी कुनै निर्णय लिने वा निर्णय लिन उक्साउने वा अनुचित प्रभाव पार्ने काम गर्ने,"

४. **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह" भन्ने शब्दहरू राखी र सोही दफामा रहेका "निजी प्रयोगमा लगाएमा" भन्ने शब्दहरूको सट्टा "निजी हित वा स्वार्थको लागि प्रयोगमा ल्याएमा" भन्ने शब्दहरू राखिएका छन् ।

५. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ मा रहेका "यस परिच्छेदमा" भन्ने शब्दहरूको सट्टा "यस परिच्छेद वा परिच्छेद २क. मा" भन्ने शब्दहरू थपिएका छन्।

६. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ मा रहेका "यस परिच्छेद" भन्ने शब्दहरू पछि "वा परिच्छेद २क." भन्ने शब्दहरू थपिएका छन्।

७. **<u>मूल ऐनमा दफा २३क. थपः</u>** मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छः-

"२३क. **<u>सङ्गठित संस्थालाई हुने सजायः</u>** सङ्गठित संस्थाले निर्णय गरी यस ऐन बमोजिमको कसूर गरेको रहेछ भने त्यस्तो संस्थालाई देहायको कुनै वा सबै सजाय हुनेछः-

(क) बिगो बमोजिम वा पन्ध्र लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो जरिवाना गर्ने,

(ख) अवधि तोकी त्यस्तो संस्थाबाट सार्वजनिक खरिद गर्न बाहेक गर्ने,

(ग) अवधि तोकी त्यस्तो संस्थाको उत्पादन वा सेवाको खरिद गर्न रोक लगाउने,

(घ) हानि नोक्सानीको क्षतिपूर्ति भराउने,

(ङ) संस्थाको इजाजतपत्र खारेज गर्ने,

(च) संस्थाको विघटन गर्ने ।"

८. **<u>मूल ऐनको दफा २४ मा संशोधनः</u>** मूल ऐनको दफा २४ मा रहेका "यस परिच्छेद" भन्ने शब्दहरू पछि "वा परिच्छेद २क." भन्ने शब्दहरू थपिएका छन्।

९. **<u>मूल ऐनमा परिच्छेद २क. थपः</u>** मूल ऐनको दफा २४ पछि देहायको परिच्छेद २क. थपिएको छः-

"परिच्छेद २क.

स्वार्थको द्वन्द्व जन्य भ्रष्टाचारको कसूर र सजाय सम्बन्धी व्यवस्था

२४क. **स्वार्थको द्वन्द्व बाट प्रभावित भई काम गर्ने वा गराउनेलाई सजायः** (१) कुनै राष्ट्रसेवकले स्वार्थको द्वन्द्व रहेको अवस्थामा आफ्नो वा अन्य कुनै व्यक्तिको लागि लाभ हुने वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्थालाई हानि नोक्सानी हुने काम गरे वा गराएमा तिन वर्षसम्म कैद वा तीसहजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

(२) राष्ट्रसेवकले स्वार्थको द्वन्द्व रहेको अवस्थामा आफ्नो मातहतका राष्ट्रसेवकलाई काम गर्न वा नगर्न अनुचित प्रभाव पारेमा वा बाधा पुऱ्याएमा वा त्यस्तो काम गर्न दवाव दिएमा त्यस्तो राष्ट्रसेवकलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

२४ख. **निर्णय गर्न पन्छिने राष्ट्रसेवकलाई सजायः** राष्ट्रसेवकले आफ्नो वा अन्य कसैको स्वार्थ छ भनी जानीजानी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक संस्थालाई हानि, नोक्सानी हुने वा आफ्नो वा अन्य कसैलाई लाभ हुने गरी निर्णय गर्न पन्छिएमा बिगो असूल गरी बिगो बमोजिम जरिवाना हुनेछ ।

२४ग. **अधिकारक्षेत्र नभएको विषयमा निर्णय गर्नेलाई सजायः** (१) राष्ट्रसेवकले कानून बमोजिम आफ्नो अधिकारक्षेत्र वा सक्षमता नभएको विषयमा आफ्नो वा अन्य कसैको फाइदा वा स्वार्थ पूर्ति गर्नको लागि निर्णय गरेमा तिन महिनासम्म कैद वा तिनहजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

(२) उपदफा (१) बमोजिम भएको निर्णय रद्द हुनेछ।

२४घ. **अनुदान लिने वा सिफारिस गर्ने राष्ट्रसेवकलाई हुने सजायः** (१) नेपाल सरकारले स्वीकृत गरेको परियोजनाको लागि बाहेक कुनै राष्ट्रसेवकले आफ्नो वा अरु कसैको स्वार्थको द्वन्द्व हुने गरी कुनै विदेशी संस्थाबाट अनुदानको लागि अनुरोध गरेमा, अनुदान लिएमा वा सोको लागि

सिफारिस गरेमा वा आफू सम्बद्ध कुनै परियोजनामा स्वार्थ रहेका कुनै व्यक्तिबाट अनुदान लिएमा छ महिनासम्म कैद वा अनुदान बराबरको रकम जरिवाना वा दुबै सजाय हुनेछ ।

(२) नेपाल सरकारको स्वीकृत परियोजनाको लागि बजेटमा उल्लेख भएको बाहेक कुनै राष्ट्रसेवकले आफ्नो वा अरु कसैको स्वार्थको द्वन्द्व हुने गरी स्वदेशी व्यक्ति वा संस्थाबाट अनुदानको लागि अनुरोध गरेमा, अनुदान लिएमा वा सोको लागि सिफारिस गरेमा वा आफू सम्बन्द्ध कुनै परियोजनामा स्वार्थ रहेका कुनै व्यक्तिबाट अनुदान लिएमा उक्त अनुदान लिने र दिने दुवैलाई छ महिनासम्म कैद वा अनुदान बराबरको रकम जरिवाना वा दुबै सजाय हुनेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम लिएदिएको अनुदान रकम नेपाल सरकारलाई फिर्ता गर्नु पर्नेछ।

२४ङ. **<u>प्रायोजित भ्रमण गर्नेलाई सजायः</u>** राष्ट्रसेवकले आफू पदमा बहाल रहँदाका बखत अधिकारप्राप्त अधिकारी वा निकायको पूर्व स्वीकृति नलिई कुनै स्वदेशी वा विदेशी व्यक्ति, संस्था, निकाय वा विदेशी सरकारले जुनसुकै किसिमबाट आयोजना गरेकोमा भ्रमण गरेमा वा त्यस्तो भ्रमणमा जुनसुकै किसिमले सहभागी भएमा भ्रमण गर्दा लागेको खर्च असुल उपर गरी सो बराबरको रकम जरिवाना हुनेछ।

२४च. **<u>अन्यत्रबाट तलब स्वीकार गर्नेलाई सजायः</u>** राष्ट्रसेवकले कानून बमोजिम लिन पाउने तलब, भत्ता वा सुविधा बाहेक अधिकार प्राप्त निकाय वा अधिकारीको लिखित स्वीकृति नलिई अन्य कुनै संस्था वा निकायबाट कुनै प्रकारको तलब, भत्ता वा सुबिधा वा अन्य कुनै सम्मान स्वरूपको रकम स्वीकार गरेमा त्यस्तो तलब, भत्ता बराबरको रुपैयाँ जरिवाना हुनेछ र निजले त्यस्तो तलब, भत्ता वा सुबिधा लिइ सकेको रहेछ भने सो समेत फिर्ता गर्नु पर्नेछ।

२४छ. **<u>सम्भावित लाभ हुने गरी निर्णय गर्नेलाई हुने सजायः</u>** राष्ट्रसेवकले आफ्नो कर्तव्य पालनको सिलसिलामा तत्काल वा भविष्यमा आफू वा अन्य कसैलाई सम्भावित लाभ वा फाइदा हुने गरी निर्णय गरे वा गराएमा छ

महिनासम्म कैद वा पाँचहजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

२४ज. **<u>मान, सम्मान, उपाधि, विभूषण वा पुरस्कार लिनेलाई सजायः</u>** राष्ट्रसेवकले प्रचलित कानून बमोजिमको प्रकृया पूरा नगरी विदेशी सरकारबाट प्रदान गरिने कुनै मान, सम्मान, उपाधि, विभूषण वा पुरस्कार स्वीकार वा ग्रहण गरेमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

तर, कानून बमोजिम मनोनयन वा अख्तियारवालाको स्वीकृति लिई विदेशी विश्वविद्यालयमा अध्ययन गरेका राष्ट्रसेवकले त्यस्तो विश्वविद्यालयबाट कुनै मान, सम्मान, उपाधि, विभूषण वा पुरस्कार प्राप्त गर्न बाधा परेको मानिने छैन।

२४झ. **<u>पदीय गोपनियता कायम नगर्नेलाई सजायः</u>** (१) पदमा बहाल रहेका वा अवकाश प्राप्त गरिसकेका राष्ट्रसेवकले प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना वा जानकारी कानून बमोजिम वा कार्यसम्पादनको सिलसिलामा प्रयोग गरेको अवस्थामा बाहेक त्यस्ता सूचना वा जानकारीहरू आफ्नो वा कसैको स्वार्थ पूर्ति गर्नको लागि अनधिकृत व्यक्ति वा संस्थालाई दिएमा वा प्रकट गरेमा वा कुनै व्यक्ति, संस्था वा समूहलाई लाभ हुने वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सार्वजनिक संस्थालाई हानी हुने गरी कुनै सूचना दिएमा छ महिनासम्म कैद वा पाँचहजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ।

(२) उपदफा (१) बमोजिमको कसूरमा प्रचलित कानून बमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा अनुसन्धान गरी मुद्दा चलाउन सकिनेछ।"

१०. **<u>मूल ऐनको दफा ५० मा संशोधनः</u>** मूल ऐनको दफा ५० को,-

(१) उपदफा (१) पछि देहायका उपदफा (१क), (१ख), र (१ग) थपिएका छन्:-

"(१क) यो ऐन प्रारम्भ भएपछि देहायका पदाधिकारीले उपदफा (१) मा तोकेको अतिरिक्त निजहरू जुनसुकै कारणले त्यस्तो

पदबाट अलग भएको तीस दिनभित्र आफ्नो तथा आफ्नो परिवारको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण प्रचलित कानून बमोजिम आफू कार्यरत सार्वजनिक संस्थामा पेश गरी निजले सार्वजनिक गर्नु पर्नेछः

(थ) राष्ट्रपति,

(द) उपराष्ट्रपति,

(ध) प्रधानमन्त्री,

(न) प्रधानन्यायाधीश,

(प) प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष,

(फ) प्रदेश प्रमुख, नेपाल सरकारका मन्त्री, प्रदेश सरकारका मुख्यमन्त्री, नेपाल सरकारका राज्यमन्त्री र सहायक मन्त्री, संघीय संसदका सदस्य,

(ब) राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख, न्याय परिषद्का सदस्य, महान्यायाधिवक्ता, प्रदेश सभाका सभामुख,

(भ) प्रदेश सरकारका मन्त्री, काठमाडौं महानगरपालिकाका प्रमुख, नेपाल सरकारका मुख्यसचिव, प्रधानसेनापति,

(म) प्रदेश सभाका सदस्य, महानगरपालिकाका प्रमुख (काठमाडौं महानगरपालिका बाहेक), जिल्ला समन्वय समितिका प्रमुख,

(य) संवैधानिक निकायका पदाधिकारी, राष्ट्रिय योजना आयोगका सदस्य, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, संसदका महासचिव, उच्च अदालतका मुख्यन्यायाधीश, नेपाल राष्ट्र बैंकका गभर्नर,

(र) नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका अधिकृत, प्रहरी प्रमुख, नेपाली राजदूत, रथी, प्रहरी महानिरीक्षक,

सशस्त्र प्रहरी महानिरीक्षक, मुख्य अनुसन्धान निर्देशक (राष्ट्रिय अनुसन्धान विभाग),

(ल) उच्च अदालतका न्यायाधीश, मुख्य न्यायाधिवक्ता,

(व) प्रदेश लोकसेवा आयोगका अध्यक्ष, नगरपालिकाका प्रमुख, उपरथी, प्रहरी अतिरिक्त महानिरीक्षक, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक, प्रदेश लोकसेवा आयोगका सदस्य,

(श) सहसचिव, जिल्ला न्यायाधीश, नेपाल सरकारका विभागीय प्रमुख,

(ष) गाउँपालिकाका प्रमुख,

(स) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कार्यालयका कर्मचारीहरू।

(१ख.) उपदफा (१क) बमोजिम सार्वजनिक भएको सम्पत्ति विवरणमा सार्वजनिक पद धारण गरेको व्यक्तिले सबै सम्पत्तिको विवरण नखुलाएको वा सम्पत्ति भन्दा बढी देखाएको रहेछ भने सो सम्बन्धमा जुनसुकै नेपाली नागरिकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुर गर्न सक्नेछ र कुनै कैफियत देखिएमा सोही बमोजिम अनुसन्धान र तहकीकात गर्न सक्नेछ।

(१ग.) उपदफा (१ख.) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम न्यायाधीशहरूको सम्पत्ति विवरण न्यायपरिषद्मा बुझाउनु पर्नेछ र सो सम्बन्धी अन्य कारबाही न्यायपरिषद्ले गर्नेछ।"

(२) उपदफा (२) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरूको सट्टा " उपदफा (१) वा उपदफा (१क)" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (४) को शुरुमा "उपदफा (१क) बमोजिमका पदाधिकारीको बाहेक" भन्ने शब्दहरू थपिएका छन्।

(४) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (१क) को प्रयोजनको लागि कुनै राष्ट्रसेवक एकपटक सार्वजनिक पदबाट अवकास भएपछि पुनः अर्को सार्वजनिक पद धारण गरेको रहेछ भने पछिल्लो पटक सार्वजनिक पद धारण गरेको सार्वजनिक पदलाई आधार लिनु पर्नेछ।"

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

<u>सार्वजनिक पदाधिकारीले स्वार्थको द्वन्द्व सम्बन्धी स्वःघोषणा</u>

१. नामः

२. पदः

३. ठेगानाः

(क)स्थायी :

(ख)अस्थायी :

(ग) टेलिफोन नम्बर :

(घ) इमेल ठेगाना :

४. सार्वजनिक निकायको नाम र ठेगानाः

५. नियुक्ति, मनोनयन वा निर्वाचित भएको पद र मितिः

६. सार्वजनिक निकायसँग आफ्नो हित, चासो वा सरोकार भए वा नभएकोः

७. नियुक्ति, मनोनयन वा निर्वाचित हुनुअघीको पेशा वा व्यवसायः

८. अन्य केही भएः

माथि उल्लेख भएको विवरण जाने बुझे थाहा भएसम्म ठीक छ, फरक परे कानून बमोजिम सहुँला बुझाउँला।

दस्तखत............

नामः

पदः

मितिः

## अनुसूची-२

(दफा १५ सँग सम्बन्धित)

## सार्वजनिक पदाधिकारीले खुलाउनु पर्ने विवरण

१. नामः

२. पदः

३. ठेगानाः

(क) स्थायी :

(ख) अस्थायी :

(ग) टेलिफोन नम्बर :

(घ) इमेल ठेगाना :

४. नियुक्ति, मनोनयन वा निर्वाचित भएको पद र मितिः

५. पारिवारिक विवरणः

(क) बाबुः

(ख) आमाः

(ग) पति/पत्नीः

(घ) छोरा, छोरीः

(ङ) दाजु, भाईः

(च) दिदी, बहिनीः

(छ) सासु, ससुराः

(ज) अन्यः

६. आफ्नो हित, चासो वा सरोकारको क्षेत्रः

७. नियुक्ति, मनोनयन वा निर्वाचित हुनु अघिकोः-

क.  पेशाः

ख.  व्यवसायः

ग.  मासिक र वार्षिक आम्दानीः

घ.  वार्षिक कर तिरेको रकमः

ङ.  कुनै दान, उपहार पाएको भए सोको विवरणः

च.  परामर्शदाता भए निकायको नाम र प्राप्त सुविधाको विवरणः

८.  सम्पत्ति (चल र अचल) र दायित्वः

९.  परिवारको सम्पत्ति र पेशा वा व्यवसायः

१०.  लगानी (शेयर, डिबेन्चर):

११.  कुनै फर्म, कम्पनी वा संस्थामा संलग्न भए सोको विवरणः

१२.  सवारी साधन भए सो प्राप्त गरेको स्रोत र मितिः

१३.  समाजसेवामा संलग्न भए सो संस्थाको विवरण र आवद्ध भएको मितिः

१४.  कसैलाई एकलाख रूपैयाँभन्दा बढी चन्दा दिएको भए सोको विवरणः

१५.  दण्ड सजाय पाएको भए सोको विवरणः

१६.  अन्य विवरणः

माथि उल्लेख भएको विवरण जाने बुझे थाहा भएसम्म ठीक छ, फरक परे कानून बमोजिम सहुँला बुझाउँला।

दस्तखत............

नामः

पदः

मितिः

सार्वजनिक निकायको नामः

## अनुसूची-१०

(३.२.८ सँग सम्बन्धित)

## आयोगको वेबसाइटमा रहेका कानूनहरूको सङ्ख्या

| सामाग्रीको विवरण | नेपाली | | | अङ्ग्रेजी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | मौजुदा | अभिलेख | जम्मा | मौजुदा | अभिलेख | जम्मा | |
| संविधान | १ | ७ | ८ | १ | ० | १ | ९ |
| ऐन | ३५४ | ३५ | ३८९ | ४६ | ० | ४६ | ४३५ |
| नियम | ३१४ | ३६ | ३५० | ३ | ० | ३ | ३५३ |
| सन्धि र महासन्धि | २७ | ० | २७ | ९९ | ० | ९९ | १२६ |
| गठन आदेश (विकास समिति (गठन) आदेश, सूचित आदेश) | ६ | ० | ६ | ० | ० | ० | ६ |
| नीति | १ | ० | १ | ३ | ० | ३ | ४ |
| अध्यादेश | १४ | २२ | ३६ | ० | ० | ० | ३६ |
| ऐतिहासिक दस्तावेज | ० | १७ | १७ | ० | ० | ० | १७ |
| **जम्मा** | ७१७ | ११७ | ८३४ | १५२ | ० | १५२ | ९८६ |

# अनुसूची—११

## आयोगले स्थापना कालदेखि हालसम्म गरेका विधेयक मस्यौदाको सूची

(३.२.१० सँग सम्बन्धित)

**(क) आर्थिक वर्ष २०६३/६४**

१. न्याय प्रशासन सम्बन्धी तथा अन्य केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

२. हदम्याद सम्बन्धी विधेयक, २०६४

३. सूचना दाताको संरक्षण (ह्विसल ब्लोअर प्रोटेक्सन) सम्बन्धी विधेयक, २०६४

४. महिला विरुद्ध कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण र सजाय) विधेयक, २०६४

**(ख) आर्थिक वर्ष २०६४/६५**

१. यौनजन्य दुर्व्यवहार नियन्त्रण विधेयक, २०६४

२. जाँचबुझ आयोग विधेयक, २०६४

३. संक्षिप्त कार्यविधि विधेयक, २०६५

४. अदातलको अपहेलना सम्बन्धी विधेयक, २०६५

**(ग) आर्थिक वर्ष २०६५/६६**

१. नेपाल एक्रिडिटेशन परिषद् विधेयक, २०६६

२. झुठ्ठा अभिव्यक्ति नियन्त्रण विधेयक, २०६६

३. नेपाल गुणस्तर विधेयक, २०६६

**(घ) आर्थिक वर्ष २०६६/६७**

१. सर्पुदगी सम्बन्धी विधेयक, २०६६

२. पारस्पारिक कानूनी सहायता सम्बन्धी विधेयक, २०६६

३. जुवा नियन्त्रण विधेयक, २०६६

४.	नागरिक अधिकार विधेयक, २०६६

५.	धरौट जमानत हिरासतसम्बन्धी विधेयक, २०६६

**(ङ) आर्थिक वर्ष २०६७/६८ (मस्यौदा तयार भएको तर सम्बन्धित मन्त्रालयमा पेश नभएको)**

१.	जग्गा प्राप्ति सम्बन्धी विधेयक, २०६८

२.	साक्षी संरक्षण विधेयक, २०६८

३.	कसूर पीडित संरक्षण विधेयक, २०६८

४.	सामाजिक सुधार विधेयक, २०६८

**(च) आर्थिक वर्ष २०६८/६९**

१.	राष्ट्रिय सतर्कता आयोग सम्बन्धी विधेयक, २०६९

२.	साक्षी संरक्षण सम्बन्धी विधेयक, २०६९

३.	कसूर पीडित सम्बन्धी विधेयक, २०६९

**(छ) आर्थिक वर्ष २०६९/७० (यस आर्थिक वर्षमा देहायका ऐन संशोधनका लागि तथा विधेयक मस्यौदा गर्ने सम्बन्धमा अन्तरक्रिया र छलफलमात्र सम्पन्न भएको)**

१.	राष्ट्रिय सतर्कता आयोग सम्बन्धी विधेयक

२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ सम्बन्धी संशोधन विधेयक

३.	नोटरी पब्लिक ऐन, २०६३ को संशोधन विधेयक

४.	भूमिगत जलविद्युत सम्बन्धी विधेयक

५.	कसूर पीडित संरक्षण विधेयक

६.	साक्षी संरक्षण विधेयक

**(ज) आ. व. २०७०/७१ (मस्यौदा तयार भएको तर सम्बन्धित मन्त्रालयमा पेश नभएको)**

१.	भूमिगत पानीको उपयोग तथा संरक्षण सम्बन्धी विधेयक, २०७०

२.	साक्षी संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७०

३. पारमाणविक पदार्थ र सो सम्बन्धी संयन्त्रको प्रयोगलाई नियमित र व्यवस्थित गर्न बनेको विधेयक, २०७०

**(झ) आर्थिक वर्ष २०७१/७२ (प्रशासकिय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी विधेयक, खेलकुद विकास सम्बन्धी विधेयकको मस्यौदा तयारी सम्बन्धी कार्य भएको।)**

**(ञ) आर्थिक वर्ष २०७२/७३**

१. प्रशासकीय अधिकारीले मुद्दाको कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. महाअभियोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

३. ज्येष्ठ नागरिक सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

४. विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**(ट) आर्थिक वर्ष २०७३/७४**

१. झुट्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक

३. उपभोक्ता संरक्षण सम्बन्धी विधेयक

४. प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक

५. खाद्य अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

६. कारागार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**(ठ) आर्थिक वर्ष २०७४/७५**

१. प्राणी उद्यान प्राधिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. पेट्रोलियम पदार्थ तथा ग्यासको कारोबार सम्बन्धी विधेयक

३. शिक्षाको अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

४. शिक्षा सम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक

५. वैयक्तिक गोपनियता सम्बन्धी विधेयक

**(ड) आर्थिक वर्ष २०७५/७६**

१. राष्ट्रिय प्राथमिकता प्राप्त केही पूर्वाधार संरचना आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

२. प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको विधेयक, २०७५

३. कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

४. साझेदारी ऐन, २०२० लाई संशोधन गर्न बनेको विधेयक

५. सामाजिक संस्थाको स्थापना, दर्ता तथा संचालन सम्बन्धी कानूनको संशोधन तथा एकीकरण गर्न बनेको विधेयक

६. नीति अनुसन्धान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

७. जग्गा प्राप्ति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**(ढ) आर्थिक वर्ष २०७६/७७**

१. राष्ट्रिय सुरक्षाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. विभूषण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

३. नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लाई संशोधन गर्न बनेको विधेयक

**(ण) आर्थिक वर्ष २०७७/७८**

१. तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक

३. विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

४. गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

५. *नेपाल कानून आयोग ऐन, २०६३* लाई संशोधन गर्न बनेको विधेयक

६. मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक
७. केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक
८. कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**(त) आर्थिक वर्ष २०७८/७९**

१. संसदीय सुनुवाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक
३. मुलुकी देवानी संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक

**(थ) आर्थिक वर्ष २०७९/८०**

१. रासायनिक पदार्थको सुरक्षित प्रयोग, नियमन तथा जोखिम व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,
२. यौनजन्य हिंसा विरूद्धका केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक,
३. सूचनादाताको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।

**(द) आर्थिक वर्ष २०८०/८१**

१. स्वार्थको द्वन्द्व व्यवस्थापन र नियमन सम्बन्धी विधेयक,
२. भ्रष्टाचार निवारण ऐन, २०५९ संशोधन विधेयक,
३. औषधि सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र
४. राष्ट्रिय सतर्कता केन्द्र विधेयक।